स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

(Local Disaster and Climate Resilience Plan - LDCRP)

२०७८

पाँचपोखरी थाङ्पाल गाउँपालिका

सिन्धुपाल्चोक

सर्वाधिकार © पाँचपोखरी थाङ्पाल गाउँपालिकामा सुरक्षित ।

प्रकाशक
पाँचपोखरी थाङ्पाल गाउँपालिका
थाङ्पालधाप, सिन्धुपाल्चोक
ईमेलः ito.panchpokharithangpalmun@gmail.com
www.panchpokharithangpalmun.gov.np

योजना तर्जुमा र प्रकाशन सहयोग
केयर नेपाल
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

ग्राफिक डिजाइन
बिक्रम चन्द्र मजुमदार

मुद्रण
प्रिन्ट पोइन्ट, काठमाडौं ।

आबरण फोटो
कुमार थापा



SINDHUPALCHOWK



निर्माण निर्देशिका	:	स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ (Local Disaster Risk Management Plan Guideline 2068) स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, मस्यौदा २०७४ (Local Disaster and Climate Resilience Planning Guidelines 2074)
दस्तावेज	:	स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना-२०७८
सर्वाधिकार	:	© पाँचपोखरी थाङ्पाल गाउँपालिका, सिन्धुपाल्चोक
कभर फोटो	:	पाँचपोखरी थाङ्पाल गाउँपालिका-६ कार्यलय परिसर
आर्थिक तथा प्राविधिक सहयोग	:	सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र केएर नेपाल
समन्वय तथा सहकार्य	:	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति स्थानीय सरकार

भूस्खलन जोखिम नक्सा



Legend

Spot Height
Stream
Landslide

Settlement Category
II
III

Risk Index
Very High Risk
High Risk
Moderate Risk
Low Risk
Very Low Risk

LANDSLIDE RISK MAP OF PANCHPOKHARI RURAL MUNICIPALITY, SINDHUPALCHOWK

0 1 2 3 km

Map Based on: CNES/Airbus : 2020 - Google Earth Image and Topographic maps of Department of Survey, Government of Nepal.
Projection : Spheroid : Everest 1830, Modified Universal Mercator, Central meridean: 87 E, False Easting : 500000, False Northing: 0, and Scale factor: 0.9999

स्थानीय सरकार

पाँचपोखरी थाङ्पाल गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

थाङ्पालधाप, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

२०७३

प्रतिबद्धता

पाँचपोखरी थाङ्पाल गाउँपालिकाको धेरै स्थान खहरे, बाढी र पहिरोको उच्च जोखिममा छ। २०७२ को भूकम्पले ठूलो जनधनको क्षति गराउनुका साथै कमजोर भूभाग चर्किएका छन्। लाङ्टाङ राष्ट्रिय निकुञ्जलगायत जङ्गली जनावरका कारण मानव र खेती दुवै सुरक्षित छैनन्। हुरी/बतास, चट्याङ, खडेरी र आगलागी जस्ता प्राकृतिक समस्या भेल्दै आएका पालिकाबासीले विभिन्न समयमा हुने प्राकृतिक एवम् मानव सिर्जित प्रकोपका लागि धनजन र परिश्रमको क्षतिसमेत बेहोर्नुपरेको छ। पछिल्लो समयमा रोगव्याधि तथा महामारी सामना गर्नुपरेको छ।

विपद्ले गर्ने जनधनको क्षति कम गर्ने तथा विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउने उद्देश्यका साथ गाउँपालिकास्तरीय विपद् तथा जलवायु उत्थानशील समिति, वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समितिहरूसमेत गठन गरी विपद् जोखिम न्यूनीकरणका प्रयास भइरहेका छन्। यसै प्रयासअनुरूप पाँचपोखरी थाङ्पाल गाउँपालिकाको ८ वटा वडाको विभिन्न समुदायमा सङ्कटासन्नता तथा क्षमता विश्लेषणपछि विपद्बाट हुन सक्ने जोखिम न्यूनीकरणका लागि पालिकास्तरीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा भएको छ।

विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय समुदायलाई पहिलो विपद् सामनाकर्ताका रूपमा लिइ प्रस्तुत योजना स्थानीय स्तरमै विपद् अल्पीकरण, पूर्वतयारी, सचेतना अभिवृद्धिका उपायहरूलाई प्रभावकारी बनाउन र स्थानीय विकास कार्यमा विपद् जोखिम न्यूनीकरणको अवधारणालाई मूलप्रवाहीकरण गर्न यो योजना सहयोगी हुने विश्वास छ। विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने अवस्थामा बाह्य सहयोग आवश्यकता पर्ने हुन्छ। त्यसैले यस गाउँपालिकामा कार्यरत सबै साझेदार निकायहरूलाई विकासका परियोजनाहरू सञ्चालन गर्दा विपद् जोखिम व्यवस्थापनका विषयहरूलाई मूलप्रवाहीकरण गर्न आग्रह गर्छु। साथै विपद्बाट कम क्षतिका लागि विपद्पूर्वको तयारी गर्ने, विपद् भएको बेलामा के गर्ने र विपद्पश्चात के के गर्ने भन्ने विषयमा सूचित गर्ने हेतुले यो प्रस्तुत योजनासहित पुस्तिका प्रकाशन गर्न लागेका छौं।

अन्तमा, यो योजना तर्जुमाका लागि आर्थिक र प्राविधिक सहयोग गर्नुहुने सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र केएर नेपालप्रति हार्दिक आभार प्रकट गर्छु। साथै स्थानीय तथा वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समिति र सम्पूर्ण राजनीतिक दलबाट निरन्तर सहयोगको अपेक्षा गर्छु।

सबैको साथ र सहयोगबाट पाँचपोखरी थाङ्पाल गाउँपालिकालाई विपद् उत्थानशील गाउँपालिकाका रूपमा विकास गर्न सहयोग पुग्ने आशा गरेको छु। यो योजनालाई वार्षिक योजनामा समायोजन गर्दै कार्यान्वयन गर्न पाँचपोखरी थाङ्पाल गाउँपालिकाको कार्यालय सदा तत्पर रहनेछ।

धन्यवाद।

टासी लामा

अध्यक्ष

स्थानीय सरकार

पाँचपोखरी थाङ्पाल गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

थाङ्पालधाप, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

२०७३

प्रतिबद्धता

प्रकोप तथा विपद्हरू मूलतः मानवीय क्रियाकलापका कारण हुन्छन् । विपद् आइसकेपछि त्यसको सामना गर्न हामीसँग कति क्षमता छ, सोहीअनुसार नै कति प्रभावित हुन्छौँ भन्ने पनि निर्भर गर्छ ।

विगतमा विपद् व्यवस्थापन गर्न प्रतिकार्य योजनामा जोड दिइन्थ्यो । आजभोलि विपद् सहनशीलता र उत्थानशीलताको आँखाबाट हेर्न थालिएको छ । बढ्दो जलवायु परिवर्तनको असर र विपद् जोखिमलाई मध्यनजर गर्दै स्थानीय सरकारले आफ्ना गतिविधिमा जलवायु अनुकूलन र उत्थानशील योजना समावेश गर्न आवश्यक छ ।

जलवायु परिवर्तनको असर र विपद् जोखिम प्रभाव पनि सबभन्दा पहिले स्थानीय तहबाट सुरु हुने भएकाले विपद्सँग सामना गर्न पूर्वतयारी तथा उत्थानशील योजना नभई हुन्न । विपद् जोखिम तथा जलवायु उत्थानशील योजनालाई पालिकाको नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न सर्वप्रथम सङ्कटासन्न क्षेत्र समुदाय पहिचान गरी सोहीबमोजिम स्थानीय स्रोत र साधनलाई अधिकतम् परिचालन गर्नुपर्छ ।

स्रोत/साधन परिचालन गर्दा विशेष गरी जोखिममा रहेका वर्ग क्षेत्र, समुदायको समान पहुँच, अर्थपूर्ण सहभागिता र स्वामित्व स्थापना हुने गरी गरिनुपर्छ । सोही कुरालाई आत्मसात गर्दै नेपाल सरकारले जारी गरेका विभिन्न नीति, कानुन, प्रतिबद्धता र मार्गदर्शनलाई आधार बनाइ स्थानीय सरकार ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी पाँचपोखरी थाङ्पाल गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरिएको छ । यस विपद् तथा जलवायु उत्थानशील योजना २०७८ तयार गर्ने प्रक्रियामा प्राविधिक र आर्थिक सहयोग गर्ने सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र केएर नेपाललाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, सबै शुभेच्छुक, सहयोगी र जनप्रतिनिधिहरूको सहयोगमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाबमोजिम आगामी नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयनका लागि प्रतिवद्धता व्यक्त गर्छु ।

धन्यवाद ।

सुनिता

सुनिता अधिकारी

उपाध्यक्ष

स्थानीय सरकार
पाँचपोखरी थाङ्पाल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
थाङ्पालधाप, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प्रतिबद्धता

प्राकृतिक प्रकोपको अति जोखिममा रहेको नेपाल बाढी, पहिरो, भूकम्प, आगलागी, चट्याङ, महामारी, जलवायु परिवर्तन जस्ता विविध प्रकृतिका प्रकोपका घटनाबाट सङ्कटासन्न अवस्थामा छ। सेन्डाइ फेमवर्क (कार्य संरचना) कार्यान्वयन गर्न नेपाल प्रतिबद्ध भएकाले एउटा ठोस, सारभूत एवम् एकीकृत योजनाका रूपमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका-२०७४ कार्यान्वयनमा ल्याएको छ। जसले यस्ता विविध प्रकृतिका प्रकोप, सङ्कटासन्नता र विपद्बाट हुने जोखिम व्यवस्थापनका लागि तयार गरिएको यो दस्तावेजले स्थानीय समुदायलाई नै पहिलो विपद् सामनाकर्ताका रूपमा लिइ स्थानीय स्तरमै विपद् अल्पीकरण, पूर्वतयारी, सचेतना अभिवृद्धिका उपायहरूलाई प्रभावकारी बनाइ विकास कार्यमा विपद् जोखिम न्यूनीकरण अवधारणालाई मूलप्रवाहीकरण गर्न महत्वपूर्ण हुनेछ। विपद्ले धनजनको क्षतिका साथै स्थानीय विकास कार्य पनि कठिन र प्रभावित तुल्याउँछ। यसर्थ यस्ता स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा तथा कार्यान्वयनले यस पालिकालाई विपद्बाट उत्थानशील समाजमा स्थापित गर्न सहयोग हुनेछ।

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका-२०७४, राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा २०७५, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६, अनुरूप निर्माण भएको यो योजना गाउँपालिका र स्थानीय समुदायको साझा सम्पत्ति हो। यो योजना गाउँपालिका तहको विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा र कार्यान्वयन गर्न सहयोगी हुनेछ।

अन्तमा, यो विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा प्रक्रियामा सूचना सङ्कलन तथा अन्य विविध सहयोग गर्नुहुने स्थानीय विपद् तथा जोखिम उत्थानशील समितिका सदस्यहरू, यस कार्यका लागि प्राथमिकता दिनुहुने पालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र जनप्रतिनिधिज्यूहरू र यस कार्यलाई महत्व दिइ आर्थिक तथा प्राविधिकरूपमा सहयोग पुऱ्याउने केएर नेपाल र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रलाई धन्यवाद दिँदै रणनीतिअनुसारको यो स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना प्रभावकारीरूपमा कार्यान्वयन गर्न प्रतिबद्ध छु ।

धन्यवाद।

दिनेशकुमार पोखरेल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

महत्वपूर्ण शब्द र अर्थ

१. प्रकोप (Hazard)

एक प्रक्रिया, दृश्य, मानव क्रियाकलाप वा परिस्थिति जसले जनधनको नोक्सानी, घाइते हुने सम्भावना वा स्वास्थ्यसम्बन्धी अन्य असरहरू, सम्पत्तिमा क्षतिका साथै आर्थिक, सामाजिक र वातावरणीय अवरोध ल्याउन सक्छ।[१]

२. विपद् (Disaster)

विपद् भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भइ जन वा धनको क्षतिका साथै जीवन यापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ।[२]

३. सङ्कटासन्नता (Vulnerability)

तुलनात्मकरूपमा कम क्षमता भएका त्यस्तो व्यक्ति वा सामाजिक समूह जोसँग सम्भावित प्रकोपको सामना, रोकथाम गर्न र पुनर्स्थापित हुन कुनै स्रोत/साधन र उपाय हुँदैन भने त्यसलाई सङ्कटासन्नता भनिन्छ वा सङ्कटासन्नता भन्नाले खतरामा भएका हुन सक्ने जोखिमका तत्वहरू वा जोखिमको अवस्थामा रहेका व्यक्तिहरू भन्ने बुझिन्छ।[३]

४. सम्मुखता (Exposure)

प्रकोपबाट विपद् उत्पन्न हुन सक्ने क्षेत्रतर्फ उन्मुख रहेका मानिस, सम्पत्ति, प्रणाली वा अन्य तत्वहरूको उपस्थितिलाई नै सम्मुखता भनिन्छ। ती तत्वहरू प्रकोपको सम्मुख हुन्छन् र प्रकोपबाट उत्पन्न हुन सक्ने विपद्बाट प्रभावित हुन सक्छन्।[४]

१ UN ISDR 2017
२ विपद् जोखिम न्यूनीकण तथा व्यवस्थापन ऐन, २०७४
३ UN ISDR 2017
४ UN ISDR 2017

५. क्षमता (Capacity)

संस्था, समुदाय वा समाजसँग उपलब्ध भएका सबै प्रकारका बलिया पक्ष, विशेषता र स्रोतहरूको समग्र पक्ष जसले विपद्को जोखिम कम गर्न, व्यवस्थापन गर्न र उत्थानशीलता बलियो बनाउँछ।[५]

६. विपद् जोखिम (Disaster Risk)

कुनै निश्चित समयमा प्रकोप, सम्मुखता, सङ्कटासन्नता र क्षमताको अन्तरक्रियाबाट समुदाय अथवा समाजमा मृत्यु हुन सक्ने, घाइते हुन सक्ने र सम्पत्ति क्षति हुन सक्ने संभावित अवस्था।[६]

७. रोकथाम (निवारण) (Prevention)

हाल कायम जोखिम र नयाँ विपद्को जोखिम हुन नदिने क्रियाकलाप र उपायहरू।[७]

८. अल्पीकरण (Mitigation)

विपद्मा पर्नु भन्दा पहिले विपद्को असर वा प्रभावलाई कम वा न्यून गर्नका लागि सञ्चालन गरिने कार्य वा उपायहरूलाई अल्पीकरण भनिन्छ। यसअन्तर्गत संरचनात्मक र गैरसंरचनात्मक अल्पीकरणका कार्य वा उपाय पर्छन्।[८]

९. अनुकूलन (Adaptation)

जलवायु परिवर्तनका नकारात्मक असरहरूसँग घुलमिल हुन सक्ने गरी अर्थपूर्ण वातावरण सिर्जना गर्न गरिने कार्यहरू।[९]

१०. विपद् प्रतिकार्य (Response)

विपद्को घटना हुँदासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनुपर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ।[१०]

११. पूर्वतयारी (Preparedness)

संभावित वा हालको प्रकोप घटना अथवा प्रकोप अवस्थाका असहरूको प्रभावकारी ढङ्गले पूर्वानुमान गर्न सक्ने, प्रतिकार्य गर्न सक्ने र त्यसबाट पुनर्लाभ लिन सक्ने सरकारी निकाय, प्रतिकार्य तथा पुनर्लाभमा काम गर्ने संस्था, समुदाय र स्वयं व्यक्तिहरूद्वारा विकसित ज्ञान तथा क्षमता।[११]

५ UN ISDR 2017
६ UN ISDR 2017
७ UN ISDR 2017
८ UN ISDR 2017
९ UN ISDR 201
१० विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
११ UN ISDR 2017

१२. विपद् पुनर्लाभ (Disaster Recovery)

विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनुपर्छ।[१२]

१३. उत्थानशील (Resilience)

'उत्थानशीलता' भन्नाले प्रकोप सम्मुखतामा रहेका प्रणाली, समुदाय वा समाजमा अन्तर्निहित क्षमता जसले प्रकोपका असरहरूलाई समयमा नै प्रभावकारी ढङ्गले प्रतिरोध, शमन वा समायोजन गर्नुका साथै पूर्वावस्थामा फर्कन समर्थ गराउँछ। यसअन्तर्गत आधारभूत संरचना वा सेवा प्रणालीको संरक्षण एवं पुनर्स्थापनालगायत पर्छन्।[१३]

१४. विपद् खोज तथा उद्धार समूह

विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनका लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनुपर्छ र सो शब्दले मानवीय सहायताकर्मीलाई समेत जनाउँछ।[१४]

१५. विपद् जोखिम न्यूनीकरण

विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्नेसम्बन्धी कार्य सम्झनुपर्छ।[१५]

१६. विपद् व्यवस्थापन

विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनुपर्छ।[१६]

१२ UN ISDR 2017
१३ स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४
१४ विपद् जोखिम न्यूनीकण तथा व्यवस्थापन ऐन, २०७४
१५ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
१६ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

विपद् व्यवस्थापनमा प्रयोग हुने केही महत्वपूर्ण शब्दावली

नेपाली शब्द	अङ्ग्रेजी शब्द
भवन निर्माण संहिता	Building Code
क्षमता	Capicity
क्षमता विकास	Capacity Building
जलवायु परिवर्तन	Climate Change
आपत्कालीन व्यवस्थापन	Emergency Managemet
सामना क्षमता	Coping Capicity
विपद्	Disaster
विपद् जोखिम	Disaster Risk
विपद् व्यवस्थापन	Disaster Management
विपद् जोखिम व्यवस्थापन	Disaster Risk Management
पूर्वचेतावनी प्रणाली	Early Warning System
वातावरणीय ह्रास	Environmental Degradation
सम्मुखता	Exposure
पूर्वानुमान	Forecast
भौगर्भिक प्रकोप	Geological Hazard
प्रकोप	Hazard
पूर्वतयारी	Preparedness
रोकथाम	Prevention
पुनर्लाभ	Recovery
उत्थानशील	Resilience
प्रतिकार्य	Response
प्रबलीकरण	Retrofiting
जोखिम	Risk
जोखिम विश्लेषण	Risk Assessment
जोखिम व्यवस्थापन	Risk Management
जोखिम स्थानान्तरण	Risk Transfer
सङ्कटासन्न/सङ्कटासन्नता	Vulnerable/Vulnerability

कार्यकारी सारांश

नेपाल बाढी, पहिरो, आगलागी, भूकम्प आदिको अत्यधिक जोखिम भएको मुलुक हो । जलवायु परिवर्तनका कारण पर्ने प्रतिकूल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा छ । जलवायु परिवर्तन प्राकृतिक प्रक्रिया भए तापनि मानव सिर्जित क्रियाकलापले यसको प्रवेग दरमा वृद्धि ल्याएको तथ्य नकार्न सकिँदैन । र, यसबाट सिर्जित प्रकोपहरूसँग जुध्नु अहिलेको प्रमुख चुनौती बनेको छ ।

विश्वको ध्यान नै अहिले जलवायु परिवर्तन तथा प्रकोपको असरसँग जुध्ने, जीविकोपार्जनमा सुधार ल्याउने र विपद् जोखिम न्यूनीकरण गर्नमा छ । नेपाल सरकारबाट स्वीकृत 'विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६' मा स्थानीय विपद् तथा जलवायु उत्थानशील विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्यलाई विशेष महत्व दिइएको छ ।

विपद् जोखिम न्यूनीकरणका सवाललाई विकासका योजनासँग मूलप्रवाहीकरण गरी विपद् उत्थानशील समाज निर्माण गर्ने क्रममा जिम्मेवार निकायले पहलकदमी लिन आवश्यक भइसकेको छ । यस परिस्थितिमा विपद् जोखिम व्यवस्थापनलाई केन्द्रदेखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्दै दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न आवश्यक छ । यसै सन्दर्भमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जमा निर्देशिका, २०७४ ले मार्गदर्शन गरेको प्रक्रिया र चरणहरूलाई अवलम्बन गर्दै पाँचपोखरी थाङ्पाल गाउँपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार गरेको हो ।

कार्ययोजना तयारीका प्रत्येक चरणमा स्थानीय समुदायको सक्रिय सहभागिता छ । साथै तयारी गर्ने क्रममा विभिन्न निकायका प्रतिनिधि र स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा अन्तरक्रिया गरिएको थियो । उनीहरूबाट आएका तथ्यहरूका आधारमा यस स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (LDCRP) तयार पारिएको हो ।

तालिका नं. १ : योजनाको सारसङ्क्षेप

शीर्षक	विवरण			
योजनाले समेटेको क्षेत्र	पाँचपोखरी थाङ्पाल गाउँपालिका (बाँसखर्क, बरुवा, भोताङ, थाङ्पालकोट, थाङ्पालधाप, भोटेनाम्लाङ र लागर्चे)			
क्षेत्रफल र भूउपयोग	कुल ४३,६३४.९७ हेक्टर, जसमध्ये ५३.७ प्रतिशत (२३,४३९.२३ हेक्टर) वन क्षेत्र			
घरधुरी	७,८०३			
जनसङ्ख्या	३४,६९७ मध्ये महिला १६,९६४, पुरुष १७,७३३ (घरधुरी सर्वेक्षण २०७५ अनुसार)			
जातको आधारमा घरधुरी विवरण	दलित	जनजाति	बाहुन/क्षत्री	नेवार
	५२४	५,४०१	१,४२१	४५७
प्रमुख जीविकोपार्जनको आधार	कृषि, पशु पालन, व्यापार, घरेलु उद्योग (गलैँचा), वैदेशिक रोजगार र मजदूरी ।			

शीर्षक	विवरण		
हावापानी/जलवायु	न्यानो मनसुनी र समशितोष्ण		
सङ्कटासन्नताको स्तरीकरण आधार	उच्च	मध्यम	न्यून
प्रकोप	खहरे बाढी, पहिरो, भूकम्प,	जङ्गली जनावर आतङ्क, आगलागी, हावाहुरी, महामारी	असिना, चट्याङ, रोग/कीरा, ढुङ्गा खस्ने, करेन्ट, सडक दुर्घटना
परिकल्पना	विपद् तथा जलवायु उत्थानशील पाँचपोखरी थाङ्पाल गाउँपालिका		
योजनाको अवधि	२०७७/०७८ देखि २०८३/०८४ सम्म		
विषयगत क्षेत्रका लक्ष्य तथा योजनाका प्राथमिकताहरू : तालिका २ मा प्रस्तुत गरिएको छ।			
अनुमानित लागत	२५४,४७५,०००		
लैङ्गिक तथा सामाजिक समावेशीकरण	जलवायु परिवर्तन र विपद्को प्रभाव तथा जोखिमबाट महिला, भूमिहीन, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, वृद्ध, बालबालिका आदि वर्गमा पर्ने बढी र फरक प्रभावलाई मध्यनजर गरी यस योजनाको कार्यान्वयन प्रक्रियामा समेत उक्त वर्गलाई विशिष्ट कार्यक्रमका साथै हरेक उपयुक्त कार्यक्रमहरूमा विशेष प्राथमकिता दिइनेछ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई विशेष प्राथमिकतामा राखिनेछ।		
योजनाको समायोजन	योजनालाई पाँचपोखरी थाङ्पाल गाउँपालिका र यसका वडाहरूका वार्षिक एवं आवधिक योजनामा समायोजन गरिनेछ। यस योजनाको कार्यान्वयनलाई नीतिगतरूपमा नै प्राथमिकतामा राखी हरेक वार्षिक योजना तर्जुमा प्रक्रियामा कार्यक्रम हेरी समुदाय, वडा तथा गाउँपालिकास्तरीय कार्यक्रममा समावेश गरी आवश्यक बजेट विनियोजनका साथ कार्यान्वयन गर्ने/गराइनेछ। अन्य सरकारी तथा गैरसरकारी निकायको वार्षिक योजनामा समेत समावेश गराउन प्रयास गरिनेछ।		
योजनाको कार्यान्वयन	गाउँपालिकाको नेतृत्व तथा स्थानीय सेवाप्रदायक सङ्घ/संस्थाको सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको समन्वयमा स्थानीय समूह, सहकारी, सङ्घ/संस्था, प्रभावित वर्ग एवं सरोकारवालाहरूमार्फत योजना कार्यान्वयन गरिनेछ।		
योजना कार्यान्वयनमा मुख्य भूमिका/सहयोग गर्न सक्ने निकायहरू	गाउँपालिका, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला विपद् व्यवस्थापन समिति, वन कार्यालय, वन तथा भूसंरक्षण कार्यालय, खानेपानी डिभिजन कार्यालय, सिँचाइ कार्यालय, रेडक्रस, स्वास्थ्य चौकी, प्रहरी चौकी, अस्पताल, सहकारी संस्थाहरू, स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, सामुदायिक वन उपभोक्ता समूह, आमा समूह, युवा तथा बाल क्लबहरू, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति आदि।		
अभिलेखीकरण, अनुगमन तथा मूल्याङ्कन	कार्यान्वयन भएका क्रियाकलापहरू, आर्थिक एवं महत्वपूर्ण उपलब्धिहरूको अभिलेख व्यवस्थित गरिनेछ। लक्षित वर्गहरूमार्फत स्वअनुगमन, सरोकारवालाहरूको सहभागितामा संयुक्त अनुगमन, अनुगमन तथा व्यवस्थापन समितिमार्फत नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ। स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले सम्पूर्ण गतिविधिको अभिलेख राख्नेछ।		
क्षमता विकास	योजनाको प्रभावकारी कार्यान्वयन, व्यवस्थापन र अनुगमन कार्य गर्नका लागि स्थानीय तहमा विषयगत क्षेत्रको जनशक्ति तथा तिनको क्षमता विकास गरिनेछ।		

विषयसूची

खण्ड १ : परिचय १८

१.१ पाँचपोखरी थाङ्पाल गाउँपालिकाको परिचय १८

१.१.२ भौगोलिक अवस्था १८

१.१.२ जलवायुको अवस्था १९

१.१.३ प्राकृतिक स्रोत/साधन १९

१.१.४ पेसा तथा रोजगारीको अवस्था २१

१.१.५ यातायात तथा सञ्चारको अवस्था २१

१.१.६ जनसङ्ख्याको विवरण २२

१.१.७ बसोबासको स्थिति २२

१.२ स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको परिचय २३

१.२.१ योजनाको उद्देश्य २३

१.२.२ योजनाको आवश्यकता तथा महत्व २३

१.२.३ योजनाका सीमा २३

१.२.४ योजना निर्माण र स्वीकृति प्रक्रिया २३

खण्ड २ : प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण २५

२.१ प्रकोपको पहिचान तथा स्तरीकरण २५

२.१.१ प्रकोपहरूको पहिचान २५

२.१.१.१ परिवर्तित मौसम तथा प्रकोप र बाली पात्रो २७

२.१.१.२ बस्ती तहको सङ्कटासन्नता स्तरीकरण ३०

२.१.१.३ ऐतिहासिक समयरेखा ३०

२.१.२ प्रकोपहरूको स्तरीकरण ३५

२.२ प्रकोपको विश्लेषण ३६

२.२.१ पारिस्थितिकीय प्रणालीको सङ्कटासन्नता विश्लेषण ३६

२.२.२ प्रकोपको कारण र असर विश्लेषण ३७

२.२.३ जोखिम तथा जीविकोपार्जनका स्रोतहरूमाथिको प्रभाव विश्लेषण ४१

२.३ गाउँपालिका, वडा तथा घरधुरीहरूको सङ्कटासन्नता नक्साङ्कन ४१

२.३.१ गाउँपालिकाको सङ्कटासन्नता नक्साङ्कन ४१

२.३.२ वडाहरूको सङ्कटासन्नता अवस्था ४२

२.३.३ घरधुरीहरूको सङ्कटासन्नता स्तरीकरण ४२

२.४ गाउँपालिकामा रहेका स्रोत तथा क्षमताको विश्लेषण ४२
२.४.१ सरोकारवाला व्यक्ति तथा सङ्घ/संस्थाको विवरण ४२
२.४.२ स्थानीय ज्ञान, सिप, प्रविधि तथा प्रयासहरूको अवस्था ४६
२.४.३ भौतिक, प्राकृतिक, सामाजिक तथा मानवीय स्रोत ४८

खण्ड ३ : दीर्घकालीन सोच तथा नीति ४९
३.१ दीर्घकालीन सोच ४९
३.२ नीति तथा रणनीति ५०

खण्ड ४ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना ५१
४.१ विपद् जोखिम व्यवस्थापन तथा अनुकूलनका उपायहरूको प्राथमिकीकरण ५१
४.२ स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिविधिहरू ५३
४.३ योजनाको परिकल्पना, विषयगत लक्ष्य तथा प्राथमिकताहरू ५५
४.४ कार्ययोजनाहरू र अनुमानित लागत ५६

खण्ड ५ : योजना कार्यान्वयन ५८
५.१ योजना कार्यान्वयन रणनीति ५८

खण्ड ६ : योजनाको अनुगमन, मूल्याङ्कन तथा अद्यावधिक ६०
६.१ योजनाको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन ६०
६.२ योजनाको अद्यावधिक ६१

अनुसूचीहरू ६२
अनुसूची १ : जनसङ्ख्याका आधारमा पेसागत विवरण ६२
अनुसूची २ : उमेरअनुसार जनसङ्ख्या विवरण ६२
अनुसूची ३ : अपाङ्गताको विवरण ६३
अनुसूची ४ : पहिरो तथा भेल बाढीको जोखिमले परेका असर ६४
अनुसूची ५ : वडागत सङ्कटासन्नताको अवस्था ६७
अनुसूची ६ : वडास्तरीय सङ्कटासन्नता स्तरीकरण ६७
अनुसूची ७ : स्रोतको उपलब्धता तथा पहुँच ७१
अनुसूची ८ : बहुप्रकोपको जोखिम न्यूनीकरणसम्बन्धी क्रियाकलापहरू ८२
अनुसूची ८ (ख) : पूर्वतयारी योजना ८६
अनुसूची ८ (ग) : पुनर्लाभ (पुनर्स्थापना र पुननिर्माण) का क्रियाकलापहरू ८७

अनुसूची ८ (घ) : कोरोना माहामारी न्यूनीकरण तथा प्रतिकार्य योजनाहरू ८८
अनुसूची ९ : स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, पाँचपोखरी ८९
अनुसूची नं. १० : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका उपायहरू ९०
अनसूची ११ : नियमित योजना प्रक्रियामा यस योजना समायोजनको कार्ययोजना ९१
अनुसूची १२ : कार्यक्रम कार्यान्वयनका समयमा मूलप्रवाहीकरण ९१
अनुसूची १३ : व्यवहार, अभ्यास तथा नीतिगत परिवर्तन ९२
अनुसूची १४ : अनुगमन तथा मूल्याङ्कन योजना ९३
अनुसूची १७ : पहिरो तथा बाढीबाट भएको जोखिम स्थान र न्यूनीकरणको योजना ९४
अनुसूची १६ : महत्वपूर्ण स्थानको सम्पर्क नम्बर ९५
अनुसूची १७ : सामजिक, स्रोत र जोखिम नक्सा ९७
अनुसूची १८ : सङ्कटासन्नता क्षमता विश्लेषणको झलक ९८

तालिकाहरू

विपद् व्यवस्थापनमा प्रयोग हुने केही महत्वपूर्ण शब्दावली ११
तालिका नं. १ : योजनाको सारसङ्क्षेप १२
तालिका २ : भूउपयोगसम्बन्धी विवरण १९
तालिका ३ : वन तथा नर्सरी क्षेत्रसम्बन्धी विवरण २०
तालिका ४ : खानीसम्बन्धी विवरण २१
तालिका ५ : परिवर्तित मौसम तथा प्रकोप पात्रो २७
तालिका ६ : परिवर्तित बाली तथा वनस्पति पात्रो २९
तालिका ७ : पालिकास्तरीय सङ्कटासन्नता स्तरीकरण ३०
तालिका ८ : इतिहास नक्साङ्कन ३०
तालिका ९ : प्रकोपहरूको जोडा स्तरीकरण ३५
तालिका १० : प्रकोपहरूको प्राथमिकीकरण ३५
तालिका ११ : प्रकोपको कारण, प्रभाव र सम्भावित उपायहरू ३७
तालिका १२ : सेवाप्रदायक निकाय र उपलब्ध हुन सक्ने सहयोग ४२
तालिका १३ : स्थानीय ज्ञान, सिप, प्रविधि तथा प्रयासहरू ४६
तालिका १४ : विपद् जोखिम व्यवस्थापन तथा अनुकूलनका रणनीतिक कार्यहरूको प्राथमिकीकरण ५१
तालिका १५ : योजनाको परिकल्पना, विषयगत लक्ष्य तथा प्राथमिकताहरू ५५
तालिका १६ : विस्तृत बजेट ५६
तालिका १७ : पेसागत विवरण ६२
तालिका १८ : उमेरअनुसार जनसङ्ख्या विवरण ६२

तालिका १९ : अपाङ्गता विवरण ६३
तालिका २० : पहिरो तथा भेल बाढीले पारेको असर ६४
तालिका २१ : सङ्कटासन्नताको अवस्था ६७
तालिका २२ : सङ्कटासन्नता स्तरीकरण ६७
तालिका २३ : वडाअनुसार स्रोतको उपलब्धता तथा पहुँच ७१
तालिका २४ : बहुप्रकोपको जोखिम न्यूनीकरणसम्बन्धी क्रियाकलापहरू ८२
तालिका २५ : प्रतिकार्य योजना ८५
तालिका २६ : पूर्वतयारी योजना ८६
तालिका २७ : पुनर्लाभका क्रियाकलापहरू ८७
तालिका २८ : कोरोना महामारी न्यूनीकरण तथा प्रतिकार्य योजनाहरू ८८
तालिका २९ : स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, पाँचपोखरी ८९
तालिका ३० : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका उपायहरू ९०
तालिका ३२ : नियमित योजना प्रक्रियामा यस योजना समायोजन गर्ने कार्ययोजना ९१
तालिका ३२ : वातावरणमैत्री, विपद् जोखिमरहित विकास कार्यक्रमहरूका लागि सहयोगी चेकलिस्ट ९१
तालिका ३३ : व्यवहार, अभ्यास तथा नीतिगत परिवर्तनका केही उपाय ९२
तालिका ३४ : अनुगमन तथा मूल्याङ्कन योजना ९३
तालिका ३५ : पहिरो तथा बाढीबाट भएको जोखिम स्थान र न्यूनीकरणको योजना ९४
तालिका ३६ : महत्वपूर्ण स्थानको सम्पर्क नम्बर ९५

खण्ड १ : परिचय

१.१ पाँचपोखरी थाङ्पाल गाउँपालिकाको परिचय

पाँचपोखरी थाङ्पाल गाउँपालिका वाग्मती प्रदेशमा पर्छ। साविकका गाविस बाँसखर्क, बरुवा, भोताङ, थाङ्पालकोट, गुन्सा, थाङ्पालधाप, भोटेनाम्लाङ र लागर्चे मिलेर बनेको यस गाउँपालिका पाँचपोखरी धार्मिक तथा पर्यटकीय स्थलले प्रसिद्ध छ। हिमाल, पहाड र तराईमा पाइने फलफूल तथा अन्न बालीसहित बहुविशेषता बोकेको यस गाउँपालिका ८ वडा मिलेर बनेको छ।

१.१.२ भौगोलिक अवस्था

(क) भौगोलिक स्थिति

अक्षांश : ३० डिग्री ८५ मिनेट ७८ सेकेन्डदेखि ३० डिग्री, ९७ मिनेट, ५७ सेकेन्ड उत्तर

देशान्तर : ३६ डिग्री १८ मिनेट, ९५ सेकेन्डदेखि ३६ डिग्री ९२ मिनेट, ९८ सेकेन्ड पूर्व

क्षेत्रफल : १८७ वर्ग कि.मि.

उचाइ : ७६२ मिटरदेखि ४१०० मिटरसम्म

(ख) भौगोलिक सिमाना

पूर्व : जुगल गाउँपालिका, चौतारा साँगाचोकगढी नगरपालिका

पश्चिम : हेलम्बु गाउँपालिका

उत्तर : रसुवा जिल्ला

दक्षिण : मेलम्ची नगरपालिका र इन्द्रावती गाउँपालिका

(ग) भूउपयोगको अवस्था

कुल क्षेत्रफलको १०.६% खेतीयोग्य जमिन छ। ५३.७% जमिनमा वन तथा नर्सरी छ। २.% बुट्यान तथा चरिचरन क्षेत्र छ। त्यस्तै ८.५% जमिन हिउँले ढाकेको छ। बाँकी भूभागमध्ये २४%) बाँझो र १.२% जमिन पानीले ओगटेको छ।

तालिका २ : भूउपयोगसम्बन्धी विवरण

क	भूउपयोगको क्षेत्र	क्षेत्रफल (हेक्टर)	प्रतिशत (%)
१	खेतीयोग्य जमिन	४,६०९.१३	१०.६%
२	बाँझो जमिन	१०,४६६.६१	२४%
३	बुट्यान तथा चरिचरन	८९२.४७	२ %
४	वन तथा नर्सरी	२३,४३९.२३	५३.७%
५	हिउँ तथा चट्टान	३,७२५.१९	८.५%
६	पानीको स्रोत रहेको	५०२.३३	१.२%
जम्मा		४३,६३४.९७	१००%

स्रोत : *जोखिम संवेदनशील भूउपयोग योजना, २०७८*

१.१.२ जलवायुको अवस्था

यस गाउँपालिकाको उच्च भूभागमा जाडो र ठण्डी हुन्छ भने बेसी भागमा न्यानो हुने गर्छ। भिरालो धरातलीय स्वरूपले बनेको यो क्षेत्रमा उष्णदेखि समशीतोष्णसम्मको हावापानी रहेको छ।

लेकाली हावापानी : २५०० मिटरदेखि ४१०० मिटरसम्मको उचाइमा लेकाली हावापानी पाइन्छ। यो भूभाग खेतीका लागि त्यति उपयुक्त छैन। हिउँदमा हिउँका कारण केही गर्न नसके तापनि वर्षायाममा भने भेडा, बाख्रा, च्याङ्ग्रा, चौँरी चराउन सम्भव हुन्छ। ज्यादै चिसो हुने हुनाले यहाँ मानिसको बस्ती त्यति भेटिँदैन।

समशितोष्ण हावापानी : २१०० मिटरदेखि २५०० मिटरसम्मको उचाइमा यस किसिमको हावापानी पाइन्छ। यस क्षेत्रमा चौँरी, भेडा, च्याङ्ग्रा पाल्नुका साथै आलु खेतीका लागि योखालको हावापानी राम्रो मानिन्छ। हिउँदमा चिसो र वर्षामा न्यानो हुने हुनाले यस्तो हावापानी भएको क्षेत्रमा कम बस्ती पाइन्छन्। यहाँ धुपी, सल्ला, गुराँस जस्ता बोटबिरुवा पाउनुका साथै खाद्यान्न, तरकारी तथा नगदे बाली खेती गर्ने गरिन्छ।

अर्धउष्ण हावापानी : ७६२ मिटरदेखि २१०० मिटरसम्मको उचाइमा यस प्रकारको हावापानी पाइन्छ। जाडोमा त्यति जाडो नहुने र गर्मीमा पनि धेरै गर्मी नहुने यो क्षेत्र खाद्यान्न, तरकारी तथा फलफूल बाली उत्पादनका लागि ज्यादै उपयुक्त छ। यहाँ साल, सल्ला, लाँकुरी, चाँप, आँप, चिलाउने, उतिस, कटुस, फँलाट, लप्सी, कोइराला आदि जस्ता बोटबिरुवा पाइन्छन्। कृषि तथा पशु पालनका लागि यो क्षेत्र अति नै उपयोगी छ।

१.१.३ प्राकृतिक स्रोत/साधन

खोला तथा नदीनाला : प्राकृतिक स्रोत/साधनका दृष्टिले यस गाउँपालिका सम्पन्न छ। यहाँ लेक र बेसी गरी फरक-फरक भौगोलिक बनावट पाइन्छ। इन्द्रावती नदी यहाँको सबैभन्दा लामो र महत्वपूर्ण नदी हो। त्यस्तै प्रमुख हिमनदी लार्के र याङ्ग्री नदी सिमानामा छन्। यसैगरी हाँडीखोला, महादेव खोला, तिपेनी

खोला, खाल्डे खोला, पतेरी खोला, छेपारे खोला, चिसापानी खोला, छहरे खोला, ताँगु, चित्रे, ग्युङ्गर खोला आदि यस क्षेत्रमा छन् ।

वन तथा नर्सरी : गाउँपालिकाको कुल क्षेत्रफलमध्ये २३,४३९.२३ हेक्टर वन क्षेत्रले ढाकेको छ । जसमध्ये २६१४.५२ हेक्टर सामुदायिक वन र ३१५.७ हेक्टर कबुलियती वन क्षेत्र पर्छ । गाउँपालिकालाई लाङ्टाङ राष्ट्रिय निकुञ्जले ८ मध्ये २ वडा (१ र ८) बाहेक सबै वडा छोएको छ ।

यस गाउँपालिकामा विभिन्न प्रकारका वन पैदावार, गैरकाष्ठ वन पैदावार, पशुपक्षी, पुतली, सरिसृप आदि पाइन्छन् । गैरकाष्ठ वन पैदावारमध्ये यस क्षेत्रको तल्लो भेगमा अमला, सर्पगन्धा, कुरिलो, नूनढिकी आदि पाइन्छन् । मध्यवर्ती क्षेत्रमा धसिङ्गरे, सुगन्धवाल, ठूलो ओखती, टिमुर, इन्द्रेणी लहरा, मजिठो, बाँस, निगालो, केतुके आदि पाइन्छन् । अग्ला भू-भागहरूमा लोठसल्ला, कुट्की, झ्याउ, पदमचाल, जटामसी, यार्सागुम्बा, पाँचऔँले, चिराइतो, सुनपाती, अर्गेली, लोक्ता, लालीगुराँस आदि छन् । राष्ट्रिय निकुञ्जसमेत स्थापित यस क्षेत्रमा रेडपाण्डा, चितुवा, भालु, स्याल, बाँदर, बँदेल, थार, जरायो, रातो मृग, कस्तूरी, मृगलगायतका वन्यजन्तुहरू पाइन्छन् । यी जनावरहरू राष्ट्रका सम्पत्ति त हुन् तर जङ्गल नजिकका बस्तीमा भने यिनको आतङ्क बढेको छ । जसका कारण खेतीयोग्य जमिन बाँझो हुने क्रम बढेको छ ।

तालिका ३ : वन तथा नर्सरी क्षेत्रसम्बन्धी विवरण

विवरण	सङ्ख्या	क्षेत्रफल (हेक्टरमा)	प्रतिशत	कैफियत
सामुदायिक वन	३९	२६१४.५२	११.१५	
कबुलियती वन	५९	३१५.७	१.३५	
सरकारी संरक्षित तथा अन्य		२०,५०९	८७.५०	केही लाङटाङ राष्ट्रिय निकुञ्ज क्षेत्र
जम्मा		२३,४३९.२३	१००	

स्रोत : *भूउपयोग योजना, २०७८*

पिउने पानीका स्रोत : पाँचपोखरी थाङ्पाल गाउँपालिकाको ६,६५८ परिवार (८५.३२५) ले सुरक्षित पाइप लाइनबाट पानी उपयोग गरिरहेका छन् । १,०६१(१३.६० ५) परिवारले मूलको पानी प्रयोग गर्दै आएका छन् । अधिकांश परिवारले सुरक्षित पानी पिइरहे तापनि बेलाबेलामा पहिरो तथा पानी सुक्ने समस्या छ । तसर्थ, त्यस्ता ठाउँहरूको पहिचान गरी ठोस तथा स्थायीरूपमा पिउने पानीको पाइप लाइनलाई योजना तर्जुमा गर्नु आवश्यक छ ।

इन्धनको स्रोत : कुल परिवारमध्ये १,६३९(२१५) परिवारले खाना पकाउने इन्धनका रूपमा एलपी ग्यास र ६,१६४ (७९५) परिवारले दाउरा प्रयोग गर्ने गरेका छन् । त्यस्तै ७,६८८ (९८.५२५) परिवारले विद्युतीय ऊर्जा, ४३ (०.५५५) परिवारले सौर्य ऊर्जा, ७२(०.९३५) परिवारले मट्टितेल प्रयोग गर्ने गरेका छन् ।

शौचालय प्रयोगको अवस्था : यहाँका २, ४९२ (३२%) परिवारले अझै पनि अस्थायी शौचालय प्रयोग गरिरहेका छन् भने ५,३११ (६८%) परिवारले स्थायी शौचालय प्रयोग गर्दै आएका छन् ।

उत्पादन : गाउँपालिकाको प्रमुख बालीमा कोदो, धान, गहुँ, मकै, आलु आदि छन् । त्यस्तै तल्लो भेगमा काउली, बन्दा, गोलभेँडा, भेडेखुर्सानी र माथिल्लो भेगमा आलु, मुला, चिया, कफी, किबी, सुन्तला, कागती, अदुवा, बेसार, लसुन आदिको खेतीपाती हुन्छ । निबुवा, सुन्तला, आरुबखडा, आरु, अम्बा, भोगटे आदि यस क्षेत्रमा पाइने फलफूल हुन् ।

खानी तथा खनिज : खानीका रूपमा स्लेट, ढुङ्गा, बालुवा, गिट्टीलगायत पाइन्छन् । गाउँपालिकामा भएका प्राकृतिक स्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा स्थानीय स्तरमा आवश्यक रोजगारी सिर्जना हुनुका साथै स्थानीय स्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ ।

तालिका ४ : खानीसम्बन्धी विवरण

क्र.सं.	ढुङ्गा खानीको नाम	रहेको स्थान	क्षेत्रफल
१	धार्ना पाखा स्लेट ढुङ्गा खानी	वडा नं. १ बाँसखर्क	३.७ हेक्टर
२	स्लेट ढुङ्गा खानी	वडा नं. ४, थाङ्पालकोट	४ हेक्टर
३	स्लेट ढुङ्गा खानी	वडा नं. ८ सेप धर्ना वन	३.२ हैक्टर

स्रोत : *पाँचपोखरी थाङ्पाल गाउँपालिकाको परिवेश विश्लेषण तथा रणनीतिक कार्ययोजना, २०७५*

१.१.४ पेसा तथा रोजगारीको अवस्था

गाउँपालिकाको ठूलो जनसङ्ख्याको हिस्सा रोजगारीका लागि बाहिरिएको देखिन्छ । ७,८०३ घर/परिवारमध्ये ४३.३७% घर/परिवारका सदस्य वैदेशिक रोजगारीमा छन् । दोस्रोमा कृषि पेसामात्र अङ्गाल्ने परिवार २४.९२ प्रतिशत छन् । कुल सक्रिय जनसङ्ख्यामध्ये ८,३७४ वैदेशिक रोजगारीका लागि विदेशिएका छन् । ६,३०२ व्यक्तिले आफ्नो प्रमुख पेसा कृषिकर्मलाई रोजेका छन् । त्यस्तै व्यापार ६४४, शिक्षक १,०७३ जना छन् । जम्मा जनसङ्ख्याको ५०.९२ प्रतिशत जनसङ्ख्या मात्र पेसा तथा व्यवसायमा आबद्ध छन् । विवरण **अनुसूची १ मा** उल्लेख छ ।

१.१.५ यातायात तथा सञ्चारको अवस्था

गाउँपालिकाको मुख्य सडक मेलम्ची, भोताङ (पाँचपोखरी पर्यटन राजमार्ग) अन्तर्गत खाल्डेखोलादेखि धापसम्म १० किलोमिटर बाटो कालोपत्रे भइरहेको छ । मेलम्ची, बरुवा (आमा याङ्ग्री पर्यटन राजमार्ग) र गाउँपालिका आउने मेलम्ची, गुन्सा सडक ग्राभेल हुन सकेको छैन । अन्य सडकको अवस्था भने हिउँदका लागिमात्र उपयुक्त देखिन्छ । गाउँपालिकाको सबै वडामा गरी ३०५ किलोमिटर सडक निर्माण भएको छ । केही स्थानमा अव्यवस्थितरूपमा गरिएको सडक निर्माणका कारण बस्तीहरू जोखिममा छन् ।

सञ्चारका लागि नेपाल टेलिकम र एनसेलका मोबाइलहरू ग्रामीण स्तरसम्म पुगेको छ । यहाँका बासिन्दाले रेडियो, एफएम, टेलिभिजन, केबल र इन्टरनेटका साधन प्रयोग गर्ने गरेका छन् ।

१.१.६ जनसङ्ख्याको विवरण

गाउँपालिकाले २०७५ मा गरेको घरधुरी सर्वेक्षणअनुसार ७,८०३ घर र ३४,६९७ (महिला १६,९६४, पुरूष १७,७३३) जनसङ्ख्या छ। २०६८ सालको जनगणनाअनुसार पछिल्लो ७ वर्षमा ६६.३३ प्रतिशतले बढेको देखिन्छ भने घर को सङ्ख्या ५५.८४ प्रतिशतले वृद्धि भएको छ।

(क) उमेरअनुसारको जनसङ्ख्या

उमेरअनुसार यहाँ रहेका जम्मा ३४,६९७ जनामा १८ वर्षमुनिका बालबालिकाको सङ्ख्या ११,४७६ छ। त्यसैगरी ७५ वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकको सङ्ख्या ६३८ छ। विस्तृत विवरण **अनुसूची** २ मा उल्लेख छ।

(ख) जातजातिको जनसङ्ख्या

जातजातिको अनुपात हेर्दा यहाँ ६९.२१ प्रतिशत आदिवासी/जनजाति, ६.७१ प्रतिशत दलित, १४.४८ प्रतिशत बाहुन/क्षत्री, ५.८५ नेवार र बाँकी अन्य छन्। विस्तृत विवरण **अनुसूची ३** मा उल्लेख छ।

(ग) अपाङ्गताको विवरण

यस गाउँपालिकामा विविध कारणबाट भिन्न क्षमता वा अपाङ्गता हुन पुगेका व्यक्ति १४७ जना छन् जसमा महिलाको सङ्ख्या ५९ र पुरुषको सङ्ख्या ८८ छ। तीमध्ये अन्धोपन तथा कमजोर दृष्टि १७ जना, भौतिक अपाङ्गता ४७ जना, आँखा नदेख्ने/बहिरा १३ जना, कमजोर श्रवण शक्ति २७ जना, मानसिक कमजोर २७ जना र सुस्तमनस्थिति १३ जना र ३ जनामा बहुअपाङ्गता भएको तथ्याङ्कले देखाएको छ। विस्तृत विवरण **अनुसूची** ४ मा उल्लेख छ।

घ) शैक्षिक अवस्था

गाउँपालिकाको साक्षरता दर ४५.४६ प्रतिशत छ। जसमा पुरुष ५२.१२ प्रतिशत र महिला ३८.४९ प्रतिशत छन्। गाउँपालिकाले गरेको घरधुरी सर्वेक्षण २०७५ अनुसार ५ वर्ष भन्दा माथिकाको शैक्षिक अवस्था हेर्दा २०,२७५ जना पढे/लेखेका देखिन्छ। जसमा १०,७९४ पुरुष र ९,४८१ महिला छन्।

१.१.७ बसोबासको स्थिति

बसोबासको स्थिति हेर्ने हो भने गाउँमै नियमित बस्ने २२,८४९, विदेशमा बस्ने ८,३७४ जना पालिकाबाहिर तर नेपालमै ३,४७१ जना र सम्पर्कबिहीन ३३ जना रहेका तथ्याङ्क छ। विपद्को समयमा सबै भन्दा बढी प्रभावित हुन सक्ने जनसङ्ख्या भनेका निरन्तर गाउँमा बस्ने परिवार नै हुन्।

१.२ स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको परिचय

१.२.१ योजनाको उद्देश्य

जलवायु परिवर्तनको असर साथै विपद्का घटनाका कारण भइरहेको तथा हुन सक्ने जोखिम न्यूनीकरण गर्दै उत्थानशील समुदाय निर्माण स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको मुख्य उद्देश्य हो ।

१.२.२ योजनाको आवश्यकता तथा महत्व

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४ आदिमा स्थानीय तहले विपद् तथा जलवायु परिवर्तन अनुकूलनसम्बन्धी योजना निर्माण गर्नुपर्ने र आफ्नो क्षेत्रको जोखिम कम गर्न लगानी गर्नुपर्ने प्रावधान छ । राष्ट्रिय रणनीतिक योजना २०१८-२०३० मा स्थानीय तहले विपद्को जोखिमबारे जनचेतना जगाइ जोखिम कम गर्ने, पूर्वतयारी गर्ने, विपद्पछि प्रभावकारी प्रतिकार्य र विपद्पश्चात पुनर्स्थापनाका कार्यहरू बलियो, उत्थानशील र दिगो बनाउनुपर्ने उल्लेख छ ।

१.२.३ योजनाका सीमा

तथ्याङ्क सङ्कलनका क्रममा विगतका वर्षहरूमा भएका विपद्का घटना तथा त्यसबाट भएको क्षतिको सम्पूर्ण यथार्थ विवरण प्राप्त गर्न कठिनाइ भएकाले वडाको सङ्कटासन्नताको स्तर निर्धारण, पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा, विपद् जोखिम न्यूनीकरणका गतिविधि तथा बजेट निर्धारण गर्दा केही लचकता अपनाइएको छ ।

विपद् जोखिम व्यवस्थापनको योजनाअन्तर्गत बनाएका गतिविधिहरू कार्यान्वयनका लागि केही मात्रामा बाहिरी स्रोतको भर पर्नुपर्ने अवस्था देखिन्छ । जसले गर्दा बाह्य स्रोत प्राप्त नभएमा योजना कार्यान्वयनमा केही असर पर्ने सम्भावना देखिन्छ । यसका लागि गाउँपालिकाले अन्य निकायसँग स्रोत खोजी र व्यवस्थापन गर्नेछ ।

यो योजना समुदायमा भएको छलफल र सीमित प्रविधिक ज्ञानका आधारमा तयार पारिएको छ । गाउँपालिकाको परिवेश राम्रोसँग केलाउने प्रयास गरिएको भए पनि भूउपयोगको विवरण भूउपग्रह चित्रका आधारमा हिसाब गरिएको हो ।

१.२.४ योजना निर्माण र स्वीकृति प्रक्रिया

सहकार्यका लागि समझदारी : विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमाका लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, केएर नेपाल र पाँचपोखरी थाङ्पाल गाउँपालिकाबीच १६ मङ्सिर २०७७ मा समझदारी भयो ।

सूचना सङ्कलन : समुदायका अगुवा र सामुदायिक सहजकर्ताहरूमार्फत सामाजिक र आर्थिक सूचनाहरू, गाउँपालिकामा हुने प्रकोपहरू र विपद्को ऐतिहाँसिक विवरण आदि सङ्कलन गरिएको थियो । उक्त

सूचनालाई वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समितिमा छलफल तथा पुनरावलोकन गरिएको थियो ।

सङ्कटासन्नता तथा क्षमता विश्लेषण : सहभागितामूलक सङ्कटासन्नता तथा क्षमता विश्लेषण गरिएको थियो । जसअन्तर्गत सामाजिक तथा प्रकोपको नक्साङ्कन, ऐतिहासिक तथ्याङ्क, प्रकोप स्तरीकरण, स्रोतको विश्लेषण, मौसमी पात्रो, समस्या वृक्ष, संस्थागत विश्लेषण, प्रत्यक्ष अवलोकन तथा घर-घरमा गएर सूचना सङ्कलन गरिएको थियो । यसरी सहभागितामूलकरूपमा समुदायबाट आएका विवरणहरूको वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समितिमा छलफल तथा पुनरावलोकन गरिएको थियो । पुनरावलोकनका क्रममा सहभागीबाट विवरणहरू थप/घट गरिएको थियो ।

भूगर्भ अध्ययन : पाँचपोखरी थाङ्पाल गाउँपालिकाको ८ वडाको ९१ जोखिम स्थानमा भूगर्भविद् परिचालन गरी अध्ययन गरियो । सङ्कटासन्नता क्षमता मूल्याङ्कन अभ्यास र वडाबाट उपलब्ध सूचीका आधारमा उक्त क्षेत्रको भौगर्भिक अवस्थाका विषयमा अध्ययन गरी सुरक्षित स्थान, अल्पीकरणका काम गरेर सुरक्षित गर्न सकिने स्थान र बस्ती स्थानान्तरण गर्नुपर्ने स्थानहरू पहिचान गरिएको थियो ।

परिकल्पना अभ्यास : गाउँपालिकाको प्रत्येक वडाको दुईवटा समुदायमा परिकल्पना अभ्यास भयो । ५० वर्षअघिको प्राकृतिक स्रोतको अवस्था कस्तो थियो ? अहिले कस्तो छ ? अब यस्तै हिसाबले प्राकृतिक स्रोतको उपयोग वा दोहन गरियो भने ५० वर्षपछिको अवस्था के हुन्छ ? भन्ने विषयमा छलफल गरी जोखिम न्यूनीकरण र प्राकृतिक स्रोत उपयोग कसरी गर्ने भन्ने विषयमा योजना तयार गरिएको थियो ।

योजनाको समीक्षा तथा पुनरावलोकन : साविक गाविसअनुसार निर्माण भएको स्थानीय विपद् व्यवस्थापन योजनाको समीक्षा गरी बाँकी रहेको काम र सङ्कटासन्नता क्षमता विश्लेषण गर्दा समुदायबाट आएको सूचना तथा योजनालाई समेटी वडास्तरको विपद् तथा जलवायु उत्थानशील समितिबाट योजना अनुमोदन गरिएको थियो ।

गाउँपालिकास्तरीय योजना बैठक : प्रकोपका असरहरू कम गर्न र विपद्को अवस्था सिर्जना हुन नदिन विपद्पहिले के/के कार्य गर्ने, विपद् भइहालेको अवस्थामा के/के कार्य गर्ने र विपद्पश्चात के/के कार्य गर्ने भन्ने सन्दर्भमा विस्तृत छलफल समुदाय तथा वडास्तरमा गरिएको थियो । उक्त समुदाय तथा वडाबाट आएका सूचनाका आधारमा पाँचपोखरी थाङ्पाल गाउँपालिकाको पालिकास्तरीय योजना तयार गरिएको थियो । योजना निर्माणका क्रममा वडास्तरबाट आएका योजनाको आवश्यकताअनुसार थप योजनाहरू छनोट गरिएको थियो ।

योजनाको प्रस्तुति र सुझाव सङ्कलन : योजनालाई पालिकास्तरीय विपद् तथा जलवायु उत्थानशील समितिमा प्रस्तुत गरी प्राप्त सुझावका आधारमा योजनामा थप/घट गरियो ।

गाउँ परिषद्बाट अनुमोदन : सङ्कटासन्नता क्षमता विश्लेषणमार्फत तर्जुमा गरिएको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई गाउँ परिषद्मा छलफल गरी अनुमोदनपश्चात अन्तिम रूप दिइयो ।

खण्ड २ : प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

२.१ प्रकोपको पहिचान तथा स्तरीकरण

२.१.१ प्रकोपहरूको पहिचान

पाँचपोखरी थाङ्पाल गाउँपालिकाको जलवायु परिवर्तन तथा विपद् जोखिम पहिचान र स्तरीकरणका लागि निम्न प्रयास गरिएको थियो :

- साविक गाविसहरूमा निर्माण गरिएका स्थानीय विपद् व्यवस्थापन योजनाहरूमा समेटिएका प्रकोपहरूको सूचीकरण तथा विश्लेषण,
- लक्षित समूह, वडा तथा गाउँपालिकास्तरीय छलफल तथा विश्लेषण,
- विभिन्न वडाको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थाबारे विश्लेषण,
- विभिन्न स्थानीय स्तरमा कार्यरत सङ्घ/सस्थाहरूमार्फत जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापनका लागि उपलब्ध हुन सक्ने क्षमताको विश्लेषण,
- भौगर्भिक अध्ययन र जोखिम तथा भूउपयोगसम्बन्धी सूचनाको विश्लेषण,
- उपलब्ध अन्य दस्तावेजको अध्ययन ।

यस अध्ययनबाट पाँचपोखरी थाङ्पाल गाउँपालिका बहुप्रकोप जोखिममा रहेको देखिन्छ । २०७२ साल वैशाख १२ र २९ गते आएको भूकम्पले यस गाउँपालिका भूकम्पीय जोखिममा रहेको तथ्य पुष्टि गरेको छ । भूकम्पलगायत पहिरो, खडेरी, आगलागी, बाढी, जङ्गली जनावरबाट क्षति, महामारी, हावाहुरी, असिना, चट्याङ यस गाउँपालिकाका जोखिम निम्त्याउने अन्य प्रकोप हुन् ।

प्रकोप धान्न नसक्ने भौतिक संरचनाहरू, जलवायु परिवर्तन, ज्ञान र सिपको कमी, गरिबी र प्रकोपजन्य स्थानहरूमा मानिसको बस्ती र अन्य भौतिक संरचनाको अवस्थितिले जोखिम बढाएको छ ।

पहिरो : गाउँपालिकामा पहिरोको जोखिम उच्च छ । सबै वडाका साना/ठूला गरी २४ बस्तीका ४९४ घरधुरीका २,३२१ जना पहिरोको जोखिममा छन् । यस्तै अन्दाजी १८ हेक्टर जमिन, ७ वटा पिउने पानीका संरचनाहरू, ९ वटा सिँचाइका संरचना, २ वटा मन्दिर, ३ विद्यालय, २ वटा बाँध तथा १३ वटा

सडकका विभिन्न स्थान पनि पहिरोको जोखिममा छन् । गाउँपालिकाका अधिकांश भाग (विशेषतः कच्ची बाटो निर्माण गरिएका स्थानहरू) र संरचनाहरू पहिरोको उच्च जोखिममा छन् । विस्तुत विवरण **अनुसूची ५** मा छ ।

खडेरी : गाउँपालिकाको अर्को ठूलो प्रकोपका रूपमा खडेरी छ । यसले उत्पादन कम हुन गई कृषिमा आश्रित समग्र घरधुरीका सबै जनसङ्ख्या खडेरीको जोखिममा छन् । यसैगरी माथिल्लो भेगमा रहेका पिउने पानीका संरचना र सिँचाइ संरचनामा खडेरीका कारण पानीको स्रोत कम हुँदै गएको छ । भूकम्पका कारण पानीका मुहानहरू सुक्ने कारणले गर्दा पिउने पानी र सिँचाइ दुवैमा असर गरेको छ ।

आगलागी : विपद्को ऐतिहासिक समयरेखामा उल्लेख भएअनुसार बर्सेनि आगलागीले धेरै धनजन क्षति गरेको पाइन्छ । ७ बस्तीका ५७४ घरधुरी आगलागीको जोखिममा छन् । यसैगरी आगलागीबाट बस्ती, विद्यालयलगायत ससाना घरेलु उद्योगहरू पनि जोखिममा रहेका पाइन्छ । वनमा लाग्ने डँढेलोका कारण सामुदायिक वनका बिरुवा, जडीबुटी, जीव/जनावरलगायत कैयौँ प्राकृतिक स्रोत नोक्सान हुने गरेको छ ।

बाढी : बाढीबाट करिब २ बस्तीका १०२ घरधुरीका ४८८ जना जोखिममा छन् । यसैगरी १ विद्यालयका १७७ बालबालिका, १० हेक्टर जमिन, २ वटा पिउने पानी संरचनाहरू, ७ वटा सिँचाइ संरचना, ४ विद्युत् गृह, २ बाँध, ३ सार्वजनिक भवन, २ झोलुङ्गे पुल र २ मन्दिर पनि बाढीको जोखिममा रहेका वडाबाट सङ्कलन गरिएको तथ्याङ्कबाट थाहा हुन्छ ।

भूकम्प : गाउँपालिकामा २०७२ वैशाख १२ र २९ गतेको भूकम्प तथा पराकम्पनबाट ९९ प्रतिशत घर पूरै ध्वस्त भए । भूकम्पबाट ६९९ ले ज्यान गुमाए भने १२७१ जना घाइते भए । धेरैको जीविका गुम्यो । ४९ वटा सामुदायिक, सार्वजनिक र सरकारी भवन भत्किए । अझै पनि भूकम्पका कारण पहिरो जाने त्रास कायमै छ ।

जङ्गली जनावरबाट क्षति : जङ्गली जनावर, विशेष गरेर बाँदरले बालीनालीको नोक्सान र मानिसलाई आक्रमण गर्ने जोखिम छ । बर्सेनि हजारौँ रोपनी जमिनमा लगाएको बालीनाली बाँदर, बँदेल, दुम्सी, मृग आदिले नष्ट गर्ने गरेका छन् ।

असिना : प्रायः वर्षमा २ देखि ३ पटक असिना आउँछ । फागुनदेखि वैशाखभित्र असिनाले बालीनाली क्षति गर्छ । अन्य जोखिमको तुलनामा न्यून भए पनि यसले उत्पादनमा भने नोक्सान गरेको छ ।

हावाहुरी : हावाहुरीबाट प्रायःजसो माथिल्लो स्थानमा रहेका ७३९ घरधुरीका ३,३७८ जनसङ्ख्या जोखिममा छन् । जसका कारण बर्सेनि खेती बालीमा नोक्सान पुग्ने गरेको र घरका छाना उडाउने समस्या छ ।

चट्याङ : गाउँपालिकाको १,४ र ६ वडाको १३ स्थान चट्याङको जोखिममा छन् । यस गाउँपालिकामा ४७ वर्ष (२०३०-२०७७ साल) भित्र चट्याङका कारण ४ जनाले ज्यान गुमाइसकेका छन् । पछिल्लो चरणमा घरमा अर्थिङ राख्न थालेपछि चट्याङबाट हुने क्षति कम हुन थालेको छ ।

भग्नावशेष संरचना : पाँचपोखरी थाङ्पाल गाउँपालिका वडा नं. २ बरुवामा निर्माणाधीन भवन भूकम्पका कारण जोखिम अवस्थामा छ। ढल्न लागेको भवनका कारण त्यस आसपासका ७ वटा घर जोखिममा छन्। यसलाई तत्काल नहटाए बाटो हिँड्ने व्यक्ति र त्यसवरपरका बासिन्दा सधैँ त्रसित हुने देखिन्छ।

२.१.१.१ परिवर्तित मौसम तथा प्रकोप र बाली पात्रो

समुदायस्तरबाट सङ्कलन गरिएको सूचना र साविक गाविसहरूमा निर्माण गरिएको स्थानीय विपद् योजनाको अध्ययनका आधारमा प्रकोपहरूको मौसमी पात्रो तयार गरिएको छ। विभिन्न प्रकोपले कुन कुन महिनामा मानिस बढी सङ्कटासन्न हुन्छन् भन्ने तलको तालिकाले देखाउँछ। तलको तालिकाबमोजिम मौसमी पात्रोको विश्लेषण गर्दा पहिले भन्नाले २०४० सालअघिको समय (करिब ४० वर्षअघिको) र अहिले भन्नाले ४० सालपछि परिमार्जन गर्ने मितिसम्मको समयलाई जनाउँछ।

(क) प्रकोप, गर्मी, जाडो हुने समय, वर्षाको समयको मौसमी पात्रो

तालिका ५ : परिवर्तित मौसम तथा प्रकोप पात्रो

विवरण	समय	वैशाख	जेठ	असार	साउन	भदौ	असोज	कात्तिक	मङ्सिर	पुस	माघ	फागुन	चैत
गर्मी	पहिले												
	अहिले												
मनसुन वर्षा	पहिले												
	अहिले												
हिउँदे वर्षा	पहिले												
	अहिले												
भेलबाढी	पहिले												
	अहिले												
पहिरो	पहिले												
	अहिले												
आगलागी	पहिले												
	अहिले												
असिना	पहिले												
	अहिले												
खडेरी	पहिले												
	अहिले												
चट्याङ	पहिले												
	अहिले												

विवरण	समय	वैशाख	जेठ	असार	साउन	भदौ	असोज	कात्तिक	मङ्सिर	पुस	माघ	फागुन	चैत
कुहिरो	पहिले												
	अहिले												
हावाहुरी	पहिले												
	अहिले												
महामारी (हैजा, झाडा पखाला, रूघाखोकी)	पहिले												
	अहिले												
भूकम्प	पहिले												
	अहिले												
जङ्गली जनावर	पहिले												
	अहिले												
जाडो	पहिले												
	अहिले												
तुसारो	पहिले												
	अहिले												
हिउँ पर्ने	पहिले												
	अहिले												

माथिको तालिकाअनुसार आकडामा खासै परिवर्तन नदेखिए पनि सहभागीहरूको अनुभव तथा विश्लेषण निम्नानुसार छ :

- गर्मीको समय पहिला भन्दा वृद्धि भइरहेको र एक्कासि गर्मी बढ्ने गरेको छ।
- वर्षामा अनियमितता हुने गरेको छ। वर्षा हुने समय पनि पहिलाको तुलनामा कम र सुरुको वर्षा अलि पछि धकेलिएको र हिउँदमा वर्षा हुने क्रम रोकिएको देखाएको छ।
- मुख्य जलवायु उत्पन्न प्रकोपहरूको विश्लेषण गर्दा खडेरी, पहिरो र असिना पर्ने समयमा परिवर्तन देखिएको छ। साथै, अन्य प्रकोपहरू पनि पहिले भन्दा बढी र बारम्बार बढेको देखिन्छ। बाढीको तीव्रता पनि पहिले भन्दा अहिले बढी देखिएको छ।
- त्यस्तै पहिरो जाने क्रम जथाभावीरूपमा ग्रामीण सडक निर्माणका कारण बढेको छ। भिरालो जमिनको बनावटका कारण सुक्खा पहिरोको समस्या पनि बढ्दै गएको पाइन्छ।
- खडेरी पनि पहिलेको तुलनामा धेरै बढी समय हुने गरेको छ भने चट्याङ जुनसुकै बेलामा पर्ने र यसको दर अहिले वृद्धि हुँदै गएको पाइन्छ। हिउँदे वर्षा घटेका कारण खडेरी बढेको छ।
- जाडो हुने समयावधिमा एकरूपता रहे तापनि जाडोपनको मात्रा घटेको महसुस गरिएको छ। त्यसै गरी हावाहुरी हुने समयमा पनि वृद्धि भएको पाइन्छ। जसका कारण र खडेरीले गर्दा आगलागीको प्रकोपलाई बढावा दिएको देखिन्छ।

(ख) बाली पात्रो

बाली पात्रो विधि यस क्षेत्रको बालीमा जलवायु परिवर्तनको असरको स्तर विश्लेषण गर्न प्रयोग गरिएको छ। यस विधिमा पहिले र अहिलेको बाली लगाउने तथा काट्ने समयमा आएको परिवर्तनबारे सहभागितामूलक विश्लेषण गरिएको छ।

तालिका ६ : परिवर्तित बाली तथा वनस्पति पात्रो

विवरण	समय	वैशाख	जेठ	असार	साउन	भदौ	असोज	कात्तिक	मङ्सिर	पुस	माघ	फागुन	चैत
धानको बिउ लगाउने	पहिले												
	अहिले												
धान रोप्ने	पहिले												
	अहिले												
धान काट्ने	पहिले												
	अहिले												
मकै छर्ने	पहिले												
	अहिले												
गहुँ छर्ने	पहिले												
	अहिले												
गहुँ काट्ने	पहिले												
	अहिले												
कोदो रोप्ने	पहिले												
	अहिले												
कोदो काट्ने	पहिले												
	अहिले												
बिरुवामा फल लाग्ने	पहिले												
	अहिले												
आलु रोप्ने	पहिले												
	अहिले												
आलु खन्ने	पहिले												
	अहिले												

बाली तथा वनस्पति अवस्थाको विषयमा समुदायमा गरिएको छलफलबाट स्पष्टरूपमा बालीमा जलवायु परिवर्तनको असर देखिन थालेको निष्कर्षमा पुग्न सकिन्छ। उदाहरणका लागि मकै लगाउने समय पारम्पारि करूपमै चलिआए पनि हाल यसको पाक्ने समय तथा लगाउने समयमा निरन्तरता रहेको पाइँदैन। पहिला भन्दा १५ दिनपहिले पाक्ने गरेको छ। गर्मी याम लामो समयसम्म रहने हुँदा छिटो पाक्न थालेको स्थानीय समुदाय बताउँछन्। उन्नत जातका बिउ बढी लगाउने गरेको पाइन्छ। धानमा पहिले एक बाली मात्र हुन्थ्यो भने हाल

सिँचाइ र हाइब्रिड तथा उन्नत जातका बिउको सुविधा रहेका ठाउँमा दुई बाली नै लगाए तापनि पहिलेको एकै बाली र अहिलेको दुवै बालीको उत्पादनमा लगभग फरक नपाइएको स्थानीयबासीको अनुभव छ।

वर्षा हुने समय परिवर्तन हुन थालेको र रोप्ने बेला र फूल तथा दाना लाग्ने बेला हुने खडेरीले गर्दा धान खेतीमा पर्याप्त मात्रामा असर परेको देखिन थालेको छ। हिउँदे वर्षा लगभग शून्य भएको हुँदा गहुँ खेती विस्थापित हुँदै गएको प्रष्ट देख्न सकिन्छ। आलु खेती वृद्धि हुँदै आएको छ भने कृषकहरू पनि सो खेतीतर्फ आकर्षित भएका पाइन्छ तर लामो खडेरी र तुषारोको समस्या भने देखिन्छ।

२.१.१.२ बस्ती तहको सङ्कटासन्नता स्तरीकरण

समुदाय तथा वडा तहमा गरिएको सङ्कटासन्नता क्षमता विश्लेषण गर्दा बस्तीबीचको दूरी, जोखिम र त्यसले पार्ने प्रभावका आधारमा सङ्कटासन्नता स्तरीकरण गरियो। पहिचान भएका प्रकोप र सम्भावित जोखिममा रहेका घरधुरीको विवरण यहाँ प्रस्तुत छ :

तालिका ७ : पालिकास्तरीय सङ्कटासन्नता स्तरीकरण

क्र.सं.	प्रकोप तथा विपद्	उच्च सङ्कटासन्न	मध्यम सङ्कटासन्न	न्यून सङ्कटासन्न	जम्मा
१	पहिरो	२९५	३१०	४१	६४६
२	खहरे बाढी	११	२४	-	३५
३	ढुङ्गा खस्ने	८	-	-	८
जम्मा		३१४	३३४	४१	६८९

स्रोत : *सङ्कटासन्नता क्षमता विश्लेषण, २०७७*

माथिको तालिका विश्लेषण गर्ने हो भने धेरैजसो टोल तथा बस्ती पहिरोको सङ्कटासन्नतामा छन् भने केही बस्ती बाढीको सङ्कटासन्न अवस्थामा छन्। अत्यन्तै जोखिममा रहेको अवस्थालाई उच्च सङ्कटासन्नतामा र मध्यमखालको जोखिममा रहेको अवस्थालाई मध्य सङ्कटासन्नता तथा जमिन क्षति पुग्न सक्ने अवस्थामा रहेकोलाई न्यून सङ्कटासन्नतामा वर्गीकरण गरिएको छ।

२.१.१.३ ऐतिहासिक समयरेखा

समुदायमा विगत ३० वर्षदेखि कुन कुन विपद्का घटना भए र तिनले कहाँ कति क्षति गरे भनी सोध्ने क्रममा आएका मुख्य मुख्य विपद्का घटना, तिनका असर र बचाउका प्रयास निम्नानुसार छन् :

तालिका ८ : इतिहास नक्साङ्कन

साल	घटना	प्रभाव तथा क्षति	प्रभावित समुदाय वा वर्ग	बचाउका प्रयास
२०३०	खडेरी	अन्नबाली लगाउन समस्या, भोकमरी बढेको	वडा नं. २	आपसी सहयोग

साल	घटना	प्रभाव तथा क्षति	प्रभावित समुदाय वा वर्ग	बचाउका प्रयास
२०३३	पहिरो	१ जनाको मृत्यु, १ हजार रोपनी जमिन, १ गोठ र पशु चौपाय क्षति	वडा नं. ८	आपसी सहयोग
२०३४	हिमपात	६ जनाको मृत्यु	वडा नं. ५	आपसी सहयोग
३०३५	पहिरो	३ घर क्षति, १ जनाको मृत्यु	वडा नं. ३	समुदायको सहयोग
२०३८	पहिरो	९ रोपनी जमिन र २ लाख बराबरको अन्न बाली	वडा नं. १	समुदायको सहयोग
	असिना	१० हजार मुरी धान नष्ट	वडा नं. ८	आपसी सहयोग
२०३९	पहिरो	१६ घर, १ विद्यालय क्षति, १८ जनाको मृत्यु र पशु चौपाया मरेका	वडा नं. ५	समुदायको सहयोग
२०४०	असिना	२० हजार बराबरको अन्न बाली नष्ट	वडा नं. १	आपसी सहयोग
	चट्याङ	१ घर क्षति, १ जना घाइते	वडा नं. ७	आपसी सहयोग
२०४२	झाडापखाला	४५ बालबालिकाको मृत्यु	वडा नं. ६	स्वास्थ्य चौकी र समुदाय
	हावाहुरी	१ घर उडाएको, ५ चौपाया मरेको	वडा नं. ६	आपसी सहयोग
	आगलागी	एउटा कटेरो जलेको	वडा नं. ८	आपसी सहयोग
२०४४	आगलागी	४ हजार स्याउको बोट नष्ट	वडा नं. ४	आपसी सहयोग
२०४५	भूकम्प	४९ वटा घर क्षति भएको, केही व्यक्ति घाइते भएका	वडा नं. १, ४, ५, ६, ७ र ८	आपसी सहयोग
	पहिरो	५ वटा गोठ पुरेको, ३ जनाको मृत्यु, ११ लाख बराबरको सामग्री क्षति	वडा नं. ४	आपसी सहयोग
	आगलागी	२ घर जलेर नष्ट भएको,	वडा नं. ७	आपसी सहयोग
२०४६	घडेरी	७० प्रतिशत उत्पादन घटेको, भोकमरी भएको	वडा नं. ६	आपसी सहयोग
	आगलागी	१ घर पूर्णरूपमा क्षति	वडा नं. ७	आपसी सहयोग
२०४८	आगलागी	१२ घर क्षति, १ करोड २० लाख बराबरको क्षति	वडा नं. ३	जिल्ला विकास समितिबाट सहयोग
	हावाहुरी	१ जनाको मृत्यु र ३ जना घाइते	वडा नं. ६	आपसी सहयोग
२०४९	चट्याङ	१ जनाको मृत्यु, १ गोरु मरेको	वडा नं. ३	आपसी सहयोग
२०५०	पहिरो	४०३ रोपनी खेत भासिएको	वडा नं. १ र ८	आपसी सहयोग
	आगलागी	३ घर पूर्ण क्षति	वडा नं. ३	आपसी सहयोग
	महामारी	२ बालकको मृत्यु	वडा नं. ६	आपसी सहयोग
२०५२	चट्याङ	१ जना घाइते, चौंरी मरेको	वडा नं. ८	आपसी सहयोग

साल	घटना	प्रभाव तथा क्षति	प्रभावित समुदाय वा वर्ग	बचाउका प्रयास
२०५३	पहिरो	३० रोपनी खेतीयोग्य जमिन पुरिएको, १ गोठ भत्किएको, ४ जनाको मृत्यु	वडा नं. ७ र ८	आपसी सहयोग
	बाढी	१ जनाको मृत्यु	वडा नं. ३	आपसी सहयोग
२०५४	पहिरो	२ जनाको मृत्यु	वडा नं. ३	आपसी सहयोग
२०५५	पहिरो	१ गोठ भत्किएको, ३० वटा बाख्रा मरेका	वडा नं. ७	आपसी सहयोग
२०५७	खडेरी	अन्न बाली क्षति, खाद्यान्न अभाव	वडा नं. १	आपसी सहयोग
२०५८	आगलागी	भैँसी मरे, २० हजार बराबरको क्षति, ११ घर क्षति	वडा नं. ३ र ४	आपसी सहयोग
२०६०	करेन्ट	मेमे दोङको मृत्यु	वडा नं. १	आपसी सहयोग
	हावाहुरी	७ वटा घरको छाना उडाएको	वडा नं. १	आपसी सहयोग
	आगलागी	२ घर जलेको, १६ लाख बराबरको क्षति	वडा नं. २ र ३	आपसी सहयोग
	पहिरो	२ घर क्षति, १ जना घाइते	वडा नं. ७	आपसी सहयोग
२०६१	करेन्ट	१ जनाको मृत्यु	वडा नं. ७	विद्यूत् प्राधिकरण
२०६३	हिमपात	६१ वटा गाईवस्तु र बाख्रा मरे	वडा नं.३	आपसी सहयोग
	आगलागी	२ घर क्षति, १ जनाको मृत्यु	वडा नं. ४ र ८	आपसी सहयोग
२०६५	आगलागी	३ घर क्षति	वडा नं. ५	आपसी सहयोग
२०६६	असिना	१० लाख बराबरको अन्न क्षति	वडा नं. ७	आपसी सहयोग
	करेन्ट	१ जनाको मृत्यु, ८ जना घाइते	वडा नं. १ र ७	आपसी सहयोग
२०६७	सडक दुर्घटना	१ जना घाइते, ३० लाख बराबरको क्षति	वडा नं. ७	आपसी सहयोग
	पहिरो	१ गोठ भत्किएको, १२ रोपनी जमिन क्षति	वडा नं. ७	आपसी सहयोग
	हैजा	७ जना बालबालिकाको मृत्यु	वडा नं. १	आपसी सहयोग
२०६८	करेन्ट	१ जनाको मृत्यु	वडा नं. ४	विद्युत् प्राधिकरण
	चट्याङ	१ जनाको मृत्यु	वडा नं. ५	आपसी सहयोग
	भूकम्प	४ घर क्षति	वडा नं. ७	आपसी सहयोग

साल	घटना	प्रभाव तथा क्षति	प्रभावित समुदाय वा वर्ग	बचाउका प्रयास
२०६९	करेन्ट	१ जनाको मृत्यु, १ हल गोरु मरेको	वडा नं. १	आपसी सहयोग
	सडक दुर्घटना	१ सामान बोक्ने गाडी क्षति	वडा नं. ४	आपसी सहयोग
	चट्याङ	घर क्षति	वडा नं. ६	आपसी सहयोग
	बालीमा कीरा लागेको	४० प्रतिशत उत्पादन घटेको	वडा नं. ६	आपसी सहयोग
	बाढी	२ रोपनी खेतीयोग्य जमिन बगाएको	वडा नं. ८	आपसी सहयोग
	महामारी	२ जनाको मृत्यु	वडा नं. ३	आपसी सहयोग
२०७०	आगलागी	१ घर क्षति	वडा नं. ३	आपसी सहयोग
	सडक दुर्घटना	१ यात्रुबाहक बस क्षति, १६ जनाको मृत्यु, ३५ जना घाइते	वडा नं. ४	आपसी सहयोग नेपाल प्रहरी
	करेनट	१ जनाको मृत्यु	वडा नं. ७	विद्युत् प्राधिकरणबाट आर्थिक सहयोग
	पहिरो	१३ रोपनी खेती क्षति भएको	वडा नं. ८	आपसी सहयोग
२०७१	पहिरो	४ घर क्षति	वडा नं. २	गाविसबाट सहयोग
	हुरी बतास	२ वटा घरको छाना उडाएको	वडा नं. २	आपसी सहयोग
२०७२	भूकम्प	६९९ जनाको मृत्यु, १२७१ जना घाइते, ६०७१ घर पूर्णरूपमा क्षति	वडा न. १ देखि ८	सरकार, समुदाय र सङ्घ/संस्था
	हुरी बतास	एउटा घरको छाना उडाएको	वडा नं. १	आपसी सहयोग
	पहिरो	४१ घर जोखिम, ४ जनाको मृत्यु, खेतीयोग्य जमिन नोक्सान भएको, १ गोठ क्षति	वडा नं. २, ३, ४, ६, ७ र ८	स्थानीय सरकार समुदाय
	आगलागी	१ घर क्षति	वडा नं. ३	आपसी सहयोग
	पशु रोग	३० प्रतिशत पशु चौपाय क्षति	वडा नं. ६	आपसी सहयोग
२०७३	आगलागी	पिउने पानीका पाइपहरू क्षति	वडा नं. १	आपसी सहयोग
	असिना	गहुँ, आलुलगायत अन्न बाली क्षति	वडा नं. २	आपसी सहयोग
	पहिरो	२३२ रोपनी खेत, १४ घर उच्च जोखिममा	वडा नं. २, ६	स्थानीय सरकार र समुदाय
	करेन्ट	१ जनाको मृत्यु	वडा नं. ७	विद्युत् प्राधिकरण
	हुरी बतास	४ वटा घरको छाना उडाएको	वडा नं. ७	आपसी सहयोग
२०७४	करेन्ट	१ जनाको मृत्यु	वडा नं. १	विद्युत् प्राधिकरण
	खहरे बाढी	७ रोपनी जमिन कटान	वडा नं. २	आपसी सहयोग
	हुरी बतास	५ घरको छाना उडाएको	वडा नं. ७	आपसी सहयोग
२०७५	सडक दुर्घटना	१ ट्रक ३० लाख बराबरको क्षति	वडा नं. ७	आपसी सहयोग
	पहिरो	३ घर उच्च जोखिममा, ११ रोपनी खेत बगाएको	वडा नं. ७	वडा कार्यालय र समुदायको सहयोग

साल	घटना	प्रभाव तथा क्षति	प्रभावित समुदाय वा वर्ग	बचाउका प्रयास
२०७६	आगलागी	१ भैँसी मरेको, १ जनाको मृत्यु	वडा न. १ र ५	आपसी सहयोग
	बाढी	२५ रोपनी खेत कटान भएको	वडा नं. ५	आपसी सहयोग
	पहिरो	१२ रोपनी खेत भासिएको, ३ घर पुरेको	वडा नं. ७, ८	स्थानीय सरकार र समुदाय
२०७७	पहिरो	पशु चौपाया मरेको, ६७ घर जोखिममा, २५ रोपनी खेत भासिएको, ४ घर पूर्ण क्षति	वडा नं. १, २, ६, ७ र ८	स्थानीय सरकार र समुदाय
	आगलागी	एउटा भैँसी जलेको, ६ घर पूर्ण क्षति, १ जनाको मृत्यु	वडा नं. १ , ५ ७	स्थानीय सरकार र समुदाय
	चट्याङ	१ घर पूर्ण क्षति, १ जनाको मृत्यु	वडा नं. २	आपसी सहयोग
	खडेरी	५० प्रतिशत उत्पादन घट्यो, विपन्न परिवारमा खानाको समस्या	वडा नं. २, ६ र ८	आपसी सहयोग
	करेन्ट	१ जनाको मृत्यु	वडा नं. ६	विद्युत् प्राधिकरण
	हावाहुरी	२०० मुरी बराबरको मकै क्षति	वडा नं ८	आपसी सहयोग
	कोभिड-१९	समुदाय त्रसित र मानसिक तनाव, धेरैको रोजगारी गुम्यो	वडा न. १ देखी ८	स्थानीय सरकार, समुदाय
वर्षभरि	जनावर आतङ्क	२ करोड भन्दा बढी उत्पादन क्षति, जमिन बाझिने क्रम बढेको	वडा नं. १ देखी ८	आपसी सहयोग

२०३० देखि २०७७ सालसम्ममा आएको पहिरोका कारण जनधन दुवैको व्यापक क्षति पुगेको देखिन्छ। त्यस्तै आगलागीका कारण २ जनाको मृत्यु हुनुका साथै प्रशस्त घर तथा गोठ र पिउने पानीका पाइप लाइनका साथै जङ्गलमा क्षति भएको थियो। चट्याङका कारण पनि मानिसको ज्यान जानुका साथै घर, गोठ, गाईवस्तु र विद्युतीय संरचना र सामग्रीहरू क्षति भएको छलफल र विभिन्न तथ्याङ्कले देखाउँछन्।

समुदायको भिन्न बुझाइ तथा अनुकूलनका पर्याप्त आर्थिक तथा मानवीय स्रोत नहुनाले जलवायु परिवर्तनको असरबाट प्रभावित देखिन्छ। पहिरो र बाढी जस्ता समस्याले समुदाय जोखिममा देखिन्छन्। वडाअनुसारको विस्तृत ऐतिहाँसिक समयरेखा **अनुसूची ६** मा संलग्न छ।

२.१.२ प्रकोपहरूको स्तरीकरण

तालिका ९ : प्रकोपहरूको जोडा स्तरीकरण

प्रकोप	खहरे बाढी	पहिरो	भूकम्प	आगलागी	असिना	खडेरी	हावाहुरी	चट्याङ	महामारी	जनावर आतङ्क	करेन्ट
खहरे बाढी		पहिरो	भूकम्प	खहरे बाढी	खहरे बाढी	खहरे बाढी	खहरे बाढी	खहरे बाढी	महामारी	जनावर आतङ्क	खहरे बाढी
पहिरो			भूकम्प	पहिरो	पहिरो	पहिरो	पहिरो	पहिरो	पहिरो	पहिरो	पहिरो
भूकम्प				भूकम्प	भूकम्प	भूकम्प	भूकम्प	भूकम्प	भूकम्प	भूकम्प	भूकम्प
आगलागी					आगलागी	खडेरी	आगलागी	आगलागी	महामारी	जनावर आतङ्क	आगलागी
असिना						खडेरी	असिना	चट्याङ	महामारी	जनावर आतङ्क	करेन्ट
खडेरी							खडेरी	चट्याङ	महामारी	जनावर आतङ्क	महामारी
हावाहुरी								चट्याङ	महामारी	जनावर आतङ्क	करेन्ट
चट्याङ									चट्याङ	जनावर आतङ्क	करेन्ट
महामारी										जनावर आतङ्क	करेन्ट
जनावर आतङ्क											जनावर आतङ्क
करेन्ट											
जम्मा	६	९	१०	४	१	३	१	३	६	८	५

तालिका ७ बमोजिमको जोडा स्तरीकरणबाट आएको नतिजालाई जोड्दा न्यूनतम १ र अधिकतम १० आउन सक्ने सम्भाव्यतालाई ध्यान दिइ समान फरकका आधारमा प्राप्त कुल अङ्कहरूलाई तालिका ७ अनुसार ४ भागमा विभाजन गरी प्राथमिकता निर्धारण गरिएको छ।

तालिका १० : प्रकोपहरूको प्राथमिकीकरण

कुल अङ्क	१०-८	७-४	३-१
प्रकोप	उच्च	मध्यम	न्यून
	भूकम्प, पहिरो, जनावर आतङ्क	खहरे बाढी, महामारी, करेन्ट, आगलागी	खडेरी, चट्याङ, असिना, हावाहुरी

२.२ प्रकोपको विश्लेषण

२.२.१ पारिस्थितिकीय प्रणालीको सङ्कटासन्नता विश्लेषण

समुदाय तहमा गरिएको छलफलको आधारलाई मान्ने हो भने अहिले सबभन्दा बढी असर परेको क्षेत्रमा कृषि, जलस्रोत, भौतिक पूर्वाधार, वन तथा जैविक विविधता र आर्थिक स्रोत छन् । खडेरी तथा अनियमित वर्षाका कारण मुख्य बाली, जस्तै- मकै, धान, कोदो, गहुँ जस्ता बाली रोप्ने र पाक्ने समय पनि फरक हुनुका साथै उत्पादनमा पनि कमी आएको छ भने पछिल्लो समयमा भने खेतहरूमा दुई बाली धान तथा मकै खेती गर्ने प्रवृति बढेको छ ।

हिउँदे वर्षा नपर्नाले हिजोका वर्षहरूमा हिउँदे बाली, जस्तै- गहुँ, फापर, जौ आदि बढी लगाइने गरिन्थ्यो भने हाल ४-५ वर्षदेखि यसको उत्पादनमा ह्रास आउने, बिउ उम्रन नपाउने र कीराले बढी खाने गरेका कारण यस क्षेत्रमा रहेका खेतबारी अधिकांश बाँझो रहेका पाइएको छ ।

पानीका मुहानहरू खडेरीका कारण सुक्ने गरेका छन् । असिना र हुरीले मकै तथा वनका बोटबिरुवा भाँचेर यो गाउँमा ठूलो क्षति गरिरहेको छ । विशेष गरी खडेरी तथा पहिरो प्रभाव यस क्षेत्रमा कृषि तथा पानीका मुहानहरूमा बढी देखिन थालेको छ । लामो समयसम्म खडेरी तथा अचानक पर्ने वर्षाले निम्त्याउने पहिरोको समस्याले बाटोमा क्षति हुने, मुहानहरू बगाउने, घर बगाउने तथा पशुहरूमा समेत असर परेको देखिन्छ ।

लामो समयको खडेरीले रोगका कीराहरूले पनि प्रश्रय पाइरहेका अवस्था छ । असिनाको प्रभाव महसुस गरिए तापनि अन्य प्रकोपको तुलनामा यसको क्षति न्यून हुने गरेको छ । यहाँका अधिकांश किसान परम्परागत कृषि प्रणालीमा आधारित रही खेती गर्छन् । पहिला भन्दा मध्यम परिवर्तन देखिएको छ । पहिले भन्दा कृषि उत्पादन बढाउने नाममा किसानहरू रासायनिक मल तथा विषादीतर्फ आकर्षित भएका छन् ।

आधुनिक मेसिनहरूको प्रयोग गर्न थालेका छन् । विषादीको प्रयोग गर्ने तरिका तथा मात्राको विषयमा खासै जानकार नभएका कारण किसानले प्रयोग गर्ने विषादीको प्रभाव कम देखिन थालेको महसुस छ । यस क्षेत्रमा हाइब्रिड तथा उन्नत जातको बिउ प्रयोग हुन थालेको छ । खास गरी धान, मकै, गहुँ, अन्य तरकारी बालीमा हाइब्रिड जातको बाली लगाउन थालेका छन् । केही किसानले टनेल/प्लास्टिक घरमा खेती गरी बेमौसमी तरकारी उत्पादन थालेका छन् ।

पहिला भन्दा कृषि क्षेत्रमा कीरा फट्याङ्ग्रामा वृद्धि हुनुका साथै नयाँ नयाँ किसिमका कीरा पनि देखिएका छन् । यहाँका कृषक कृषिमा ह्रास आएको बताउँछन् । खडेरी, पहिरो, बाढी, कीरा फट्याङ्ग्रा आदि प्रकोपका असरसँगै अनियमित वर्षाका कारण कृषिजन्य उत्पादनमा कमी अएको छ । वन क्षेत्र बढेको पाइएको छ र आगलागीका कारण वनको घनत्व मध्यम छ । यस क्षेत्रमा पहिला भन्दा अहिले चिलाउने र कटुस रुखहरू वृद्धि भएको छ भने वनमारा, निलो गन्धे, लिसो आदि वनस्पति पनि बढेका छन् । पहिले भन्दा घट्न थालेका रुखका प्रजातिहरूमा दुधिलो, जमुना, चुत्रो, काफल, लालीगुराँस आदि रहेका छन् । वनमारा झारको अत्यधिक वृद्धि र दुधिलोको बोट घट्न थालेको छ ।

२.२.२ प्रकोपको कारण र असर विश्लेषण

विपद्को कारण र असर विश्लेषणका लागि समस्या वृक्ष विश्लेषण विधि अपनाइएको थियो । यस विश्लेषणमा सबै वडाबाट आएको सूचनालाई आधार मानेर प्रकोप स्तरीकरण गर्दा पहिलो, दोस्रो गरी क्रमशः ९ वटा प्रकोपबाट उत्पन्न विपद्का कारण र असर उल्लेख छ ।

तालिका ११ : प्रकोपको कारण, प्रभाव र सम्भावित उपायहरू

क्र. सं.	प्रकोपको घटना	प्रकोपको कारण	प्रभाव	समाधानका सम्भावित उपायहरू
१	भूकम्प	• धरातलीय प्लेटहरू कमजोर हुनु • भूगर्भभित्र हलचल हुनु • पृथ्वीभित्र अत्यधिक ताप र चाप बढ्नु • भवन निर्माण आचारसंहिता कार्यान्वयन नहुनु • भूकम्प प्रतिरोधक भवनहरू निर्माण हुन नसक्नु • घर बनाउँदा गुणस्तरहीन सामग्री प्रयोग गर्नु • गरिबीका कारण बलिया घर बनाउन नसक्नु • समुदायस्तरमा प्राविधिक ज्ञान सिपको कमी	• भौतिक संरचनाहरूको क्षति • जन धनको क्षति • पहिरो जाने • करेन्ट सर्ट भएर वा मट्टितेल, ग्यास, पेट्रोल चुहिएर आगलागी हुन सक्ने • फोहोर, मानव तथा पशु चौपायाहरूको लासको कारण महामारी फैलन सक्ने • खेतीयोग्य जमिन मासिन सक्ने • गरिबी बढ्ने • विकासका कार्य अवरूद्ध हुन सक्ने • महत्वपूर्ण कागजात हराउन सक्छ ।	• भूकम्प प्रतिरोधी भवन वा भौतिक संरचना बनाउने • सुरक्षित स्थान पहिचान गर्ने • भवन निर्माण आचारसंहितालाई प्रभावकारी कार्यान्वयन गर्ने • पूर्वतयारीका उपायहरू अपनाउने • सामग्री व्यवस्थापन गर्ने
२	पहिरो	• कमजोर भौगोलिक संरचना • रुख कटान • अत्यधिक वर्षा • भूकम्प • जथाभावी सडक विस्तार • अनियन्त्रित ढुङ्गा उत्खनन • अव्यवस्थित बसोबास • पानी (ढल निकास) को उचित व्यवस्थापन नहुनु	• मानवीय तथा भौतिक क्षति • पिउने पानीको मुहान दूषित, क्षति तथा सुक्ने • पानीको मुहान तथा कुलो नष्ट हुने • यातायातमा समस्या • बस्ती विस्थापित, काठ दाउराको अभाव • मानसिक त्रास • गरिबी बढ्ने • जीविकोपार्जन गुम्ने • खेतीयोग्य जमिन तथा प्राकृतिक स्रोत नासिने • अन्न बाली पुरिने वा नासिने • जङ्गली जनावरको बासस्थान नोक्सान	• वन विनाश रोकथाम तथा वनसम्बन्धी चेतना अभिवृद्धि गर्ने • खाली स्थानमा वृक्षरोपण गर्ने • अनियन्त्रित ढुङ्गा तथा बालुवा उत्खननमा रोक लगाउने • भिरालो जमिनमा खेती नगर्ने • पहिरो प्रभावित क्षेत्रमा तार/जाली लगाउने साथै जोखिम भएको स्थानमा बाँस र अग्रिसो लगाउने, • अव्यवस्थित बसोबासमा रोक लगाउने • वर्षायाममा पानीको भल तर्काउने

क्र. सं.	प्रकोपको घटना	प्रकोपको कारण	प्रभाव	समाधानका सम्भावित उपायहरू
	पहिरो			• पिउने पानीको मुहानबाट खेर गएको पानीलाई पाइपमार्फत अन्यत्र व्यवस्थापन गर्ने • सडक विस्तार गर्दा भौगोलिक अवस्था र प्राविधिकको सल्लाह बमोजिम गर्ने • सडकछेउमा नाला व्यवस्था गर्ने
३	जनावर आतङ्क	• जङ्गल फँडानी तथा विनाश • आगलागी • जङ्गली फलफूल तथा खाद्यान्नको कमी • खेती गर्ने र बासस्थान जङ्गलको नजिक हुनु • घरपालुवा जनवारहरूको राम्रो हेरचाह नहुनु • जङ्गलमा जनवारको बासस्थान तथा आहारमा कमी हुनु • सडक विस्तारपश्चात बाँदरलाई गाउँ पस्न सहज • छेकवार नलगाउनु	• मानवीय क्षति • मानसिक तनाव, डर, भय र असुरक्षित • बालीनाली नष्ट हुनु • जमिन बाँझिदै जाने र खाद्यान्न उत्पादनमा ह्रास • घरपालुवा जनवारलाई मारिदिने • मानसिक तनाव, डर, भय र असुरक्षित • फलफूलका बोटहरू नष्ट हुने • अपाङ्गता तथा ज्यानसमेत जान सक्ने	• बाँदर नलाग्ने बालीको पहिचान गरी सोहीअनुसार खेती गर्ने, • जङ्गल क्षेत्रमा बाँदरलाई मन पर्ने फलफूलका बिरुवा लगाउने • जनचेतनामूलक नमुना अभ्यासहरू सञ्चालन गर्ने • जङ्गल संरक्षण तथा वृक्षरोपण गर्ने • खेती लगाउने स्थानमा साइरन राख्ने • वैकल्पिक बाली लगाउने • बाँदर भाग्ने घाँस लगाउने • चरनको सही व्यवस्थापन गर्ने
४	खहरे बाढी	• भिरालो जमिन हुनु • खोला तथा नदीमा पानीको निकास नहुनु • अत्यधिक वर्षा • जथाभावी सडक निर्माण तथा माटो र ढुङ्गा जथाभावी मिल्काउने • खोलाबाट अत्यधिक मात्रामा ढुङ्गा बालुवा निकाल्नु, • नदी तथा खोल्सीको छेउमा बस्ती बस्नु • अव्यवस्थित खेतीपाती • जङ्गल फडानी र आगलागी	• धनजनको क्षति • आवतजावतमा समस्या • मलिलो माटो कटान • महामारी • रोग कीराको आक्रमण • जङ्गलको क्षति • बस्तीहरू विस्थापित हुनु • ऊर्वर भूमिमा बालुवा, लेदो र ढुङ्गा थुप्रिनु • जीविकोपार्जनमा समस्या	• खोला तथा खोल्सीछेउ बस्ती नबस्ने • बाँध तथा तटबन्ध लगाउने • गिट्टी, बालुवाको उत्खनन मापदण्डअनुसार गर्ने • वृक्षरोपण गर्ने वा जङ्गल फडानी र आगलागी हुनबाट बचाउन • जोखिम स्थानका संरचना तथा बस्तीहरू स्थानान्तरण गर्ने • व्यवस्थित ढल निकासको व्यवस्था गर्ने ।

क्र. सं.	प्रकोपको घटना	प्रकोपको कारण	प्रभाव	समाधानका सम्भावित उपायहरू
५	हुरीबतास	• मौसमी प्रभाव, तापक्रम बढ्नाले • कमजोर भौतिक संरचना निर्माण • पुराना रूखका हाँगाबिँगा समयमा नहटाउनु • कमजोर छाना बनाउनु	• मानसिक डर, त्रास, भय उत्पन्न • घर तथा विद्यालयहरूको छाना उडाउने • भौतिक संरचना बिग्रनु • बोटविरूवा र मानिसको क्षति गराउँछ • साना साना बिरुवा भाँचिएर बढ्न नसक्नु • बालीनाली तथा कृषिको क्षति	• घर तथा विद्यालयको छानो तथा भौतिक संरचना मजबुत बनाउने • हावाहुरीको समयमा घरभित्र नै बसोबास गर्ने • ढल्न लागेका रुख र हाँगाबिँगा हटाउने • बिजुलीका पोल व्यवस्थित गर्ने
६	महामारी	• सरसफाइको कमीले गर्दा वा समयमा उपचार तथा खोप नलिनाले • नजिक स्वास्थ्य सेवा नहुनु • सरुवा रोग • शिक्षा तथा जनचेतनाको कमीले • दूषित तथा बासी सडे/गलेको खाना खानु • खानपानमा ध्यान नदिनु • सिनो तथा फोहोरको उचित व्यवस्थापन नहुनु	• झाडा पखाला, हैजा, कोरोना जस्ता रोगको सङ्क्रमण फैलिने • मानिस तथा जनावरको मृत्यू हुने • रोजगारी गुम्ने र गरिबी बढ्ने • बालीनालीमा विभिन्न रोग लाग्ने • उत्पादनमा कमी भई आयात बढाउनुपर्ने • महँगी र कलोबजारी बढ्ने	• पिउने पानीको मुहान वा वातावरण तथा व्यक्तिगत सरसफाइ गर्ने • दूषित पानी नपिउने • पानी शुद्धीकरण गर्ने • सरसफाइका लागि जनचेतना जगाउने • रोगविरुद्धका खोप लगाउने • स्वास्थ्य संस्थासँग समन्वय गर्ने • स्वास्थ्य कार्यकर्ताको क्षमता अभिवृद्धि गर्ने • स्वास्थ्य चौकी, अस्पताल जस्ता भौतिक संरचना निर्माण गर्ने • स्थानीय तहमा स्वास्थ्य चेकजाँचसम्बन्धी औषधि उपकरणको व्यवस्थापन गर्ने

क्र. सं.	प्रकोपको घटना	प्रकोपको कारण	प्रभाव	समाधानका सम्भावित उपायहरू
७	आगलागी	• खडेरी तथा जमिन सुक्खा हुनु • लापरबाही • जनचेतनाको कमी • चुरोट तथा विभिन्न ज्वलनशील पदार्थको जथाभावी प्रयोग • जङ्गलमा डँढेलो लगाउनाले • चट्याङ पर्नु • विद्युतीय सट हुनु • हुरी आएका बेला आगो बाल्ने	• धनजनको क्षति • जङ्गल तथा पशुपक्षी विनाश • एक घर जल्दा पूरा गाउँ जल्न सक्ने • जङ्गलमा आगो लगाउँदा अन्य बिरुवा उत्पादनमा कमी • गरिबी बढ्ने • महत्वपूर्ण जडीबुटी तथा कृषि वनको विनाश	• जङ्गलमा आगलागी रोक्ने • विजुली बत्तीको वाइरिङ राम्रोसँग गर्ने • सलाइ लाइटर बच्चाबाट टाढा राख्ने • धूमपान गरिसकेपछि चुरोटको ठुटो सुरक्षित स्थानमा फाल्ने • आगलागीबारे जनचेतना फैलाउने • हावाहुरीको समयमा घरबाहिर आगो नबाल्ने • समुदाय नजिकै पोखरीहरू व्यवस्थापन गर्ने
८	खडेरी	• समयमा वर्षा नहुनु • भेलबाढी र पहिरोबाट सिँचाइ कुलोहरू क्षति • खेतीयोग्य जमिन भएको सबै स्थानमा सिँचाइ व्यवस्था नहुनु र भएको स्थानमा मर्मत समयमा नगर्नु • जलवायु परिवर्तनले गर्दा पानीका मुहान सुक्नु • जङ्गल फडानी वा आगलागी	• जमिन सुक्खा भइ आगलागीको सम्भावना बढ्ने, खेती बिग्रने • रोग कीराको आक्रमण • अन्न उत्पदनमा कमी भै भोकमरी हुनसक्ने • पानीको स्रोत सुक्नु • बालबालिका कुपोषित हुने • माटोको ऊर्वरा शक्ति घट्ने • जीवजन्तु, पशुपन्छीलाई प्रभाव पार्ने	• भएका सिँचाइ कुलोहरू समयमा मर्मत गर्ने र नभएको ठाउँमा सिँचाइको व्यवस्था गर्ने • भूमिगत सिँचाइको प्रयोग गर्ने • आकाशे पानी सङ्कलन, पानी पोखरी निर्माण गर्ने • खडेरी सहन गर्न सक्ने बिउका प्रजातिहरू प्रयोग गर्ने • पानीको मुहान संरक्षण गर्ने र वृक्षरोपण गर्ने • विकास निर्माणको काम गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने ।
९	चट्याङ	• भौगोलिक बनावट • घर वरिपरि अग्ला र चट्याङमैत्री रुखहरू हुनु • घर तथा समुदायमा अर्थिङको व्यवस्था नहुनु • वातावरण सन्तुलन नहुनु • चट्याङसम्बन्धी ज्ञानको कमी	• मानिस तथा पशु चौपायको मृत्यु वा घाइते हुने • बिजुलीको पोल तथा ट्रान्समिटरमा क्षति • विद्यालय, घर, मठ/मन्दिर आदिमा नोक्सान पुग्ने • विद्युतीय क्षति तथा ठूलाठूला रुखको क्षति • आगलागी हुने • बोटबिरुवा नष्ट हुने • टिभी, रेडियो, मोबाइल जस्ता सामग्री बिग्रने	• प्रत्येक घर तथा समुदायमा अर्थिङ प्रयोग गर्ने • घर वरिपरि अग्ला रुखको व्यवस्थापन गर्ने • अग्लो टावर र रूखमुनि नबस्ने • समुदायमा राखिएका बिजुलीका पोल तथा ट्रान्समिटर भएको ठाउँमा अर्थिङ अनिवार्य गराउने • पानी परेका बेला विद्युतीय वस्तु वा उपकरणहरू बन्द गरी राख्ने

यहाँ हुने गरेका बहुप्रकोपहरू विपद्मा परिणत हुनुमा समुदायमा भएको ज्ञानको कमी, स्रोतको अभाव, भूबनावट र जलवायु कारण रहेका पाइन्छ जसले गर्दा जनधनको क्षति, प्राकृतिक स्रोत नोक्सान हुने गरेको छ।

२.२.३ जोखिम तथा जीविकोपार्जनका स्रोतहरूमाथिको प्रभाव विश्लेषण

समग्र प्रकोप स्तरीकरण गर्दा खडेरी, पहिरो, रोग कीरा, खहरे बाढी, आगलागी, चटयाङ, हावाहुरी, जनावर आतङ्क र असिना पानी प्रभाव पार्ने प्रमुख प्रकोप छन्। साथै प्रकोपको बढी असर कृषि तथा जङ्गलमा र क्रमशः पशु पालन, वन्यजन्तु, जमिन र पिउने पानीमा परेको देखिन्छ।

जलवायु परिवर्तनको असर सबै वर्ग, क्षेत्र र समुदायमा एकै किसिमले पर्दैन। असरसँग जुध्न सक्ने अर्थात अनुकूलन क्षमता बढी हुनेमा यसको असर न्यून हुन जान्छ। पिउने पानीका मुहान भासिने, सुक्ने कारण पिउने पानीमा समस्या, पुराना कुलोकुलेसा, पोखरी सुक्दै गएकामा सिँचाइको असुविधा, अनियमित वर्षा, अत्यधिक वर्षा र खडेरीका कारण बाली समयमा लगाउन नपाउने, लगाएको बालीमा समेत असर पर्नाले खेतबारी नै पूर्णरूपले बाँझो छाड्नुपर्ने, पहिरो, बाढी, चट्याङ, असिना, हावाहुरी तथा नयाँ नयाँ रोगको प्रकोपले विशेष गरी एकल महिला, भूमिहीन, सुकुमबासी, दलित, विपन्न, फरक ढङ्गले सक्षम वर्ग, महिलालाई बढी मात्रामा असर पारेको देखिन्छ।

असिना र चट्याङले पनि भौतिक स्रोतमा केही मात्रामा असर पारेको देखिन्छ भने चट्याङले विशेष गरेर मानिस तथा पशुलाई बढी असर पारेको देखिन्छ। तसर्थ यो योजना निर्माण गर्ने चरणदेखि नै यी वर्गको प्रतिनिधित्वमूलक समावेशी योजनाका क्रियाकलापमा उनीहरूलाई प्राथमिकता दिँदै उनीहरूको हैसियत सुधार हुने र जीविकोपार्जनमा टेवा पुग्नेखालको सचेतीकरण र प्रत्यक्ष लाभ हुने किसिमका कार्यक्रम तयार गरिएको छ।

२.३ गाउँपालिका, वडा तथा घरधुरीहरूको सङ्कटासन्नता नक्साङ्कन

२.३.१ गाउँपालिकाको सङ्कटासन्नता नक्साङ्कन

गाउँपालिकास्तरीय गोष्ठीमा सङ्कटासन्नता नक्सा तयार गरिएको थियो। २०७२ साल वैशाखमा आएको भूकम्पले गाउँपालिका भूकम्पीय जोखिममा रहेको तथ्य पुष्टि गरेको छ। प्रकोपका घटना, भौतिक, आर्थिक तथा वातावरणीय सङ्कटासन्नता र सम्मुखताले विपद्को जोखिम गाउँपालिकामा बढाएको छ।

प्रकोप धान्न नसक्ने भौतिक संरचनाहरू, जलवायु परिवर्तन, ज्ञान र सिपको कमी, गरिबी र प्रकोपजन्य स्थानहरूमा मानिसको बस्ती र अन्य भौतिक संरचनाको अवस्थितिले विपद्को जोखिम बढाएको छ। यदि समयमा नै जोखिम न्यूनीकरण तथा अनुकूलनका कार्यहरू गरिएन र सङ्कटासन्नता र सम्मुखताको न्यूनीकरण गरिएन भने कुनै पनि विपद्को जोखिम विपद्मा परिणत हुन सक्छ। पाँचपोखरी थाङ्पाल गाउँपालिकामा खासगरी बाढी र पहिरोका जोखिम छन्।

२.३.२ वडाहरूको सङ्कटासन्नता अवस्था

विगत ४० वर्षको समयरेखाबाट आएको सूचनाका आधारमा क्षति, जोखिम तथा क्षमता (मानवीय क्षति, प्रभावित परिवार, घरको क्षति, आर्थिक क्षति, खेतीयोग्य भूमि र वन क्षेत्रको क्षति, सामाजिक क्षति, विगतमा भएका विपद्का घटनाक्रम, बाली लगाउने वा भित्र्याउने समयमा आएको परिवर्तन, तापक्रममा आएको परिवर्तन, जोखिमले भविष्यमा पार्न सक्ने असर, स्रोतको उपलब्धता तथा पहुँच, संस्थागत क्षमता, जनसङ्ख्याको विश्लेषण, स्थानीय ज्ञान, सिप, क्षमता र प्रविधि) विश्लेषण गरी त्यसबाट प्राप्त अङ्कभार जोडेर (**अनुसूची ७**) वडाको सङ्कटासन्नता स्तरीकरण गरिएको छ।

२.३.३ घरधुरीहरूको सङ्कटासन्नता स्तरीकरण

२०७७ मा समुदाय तहमा गरिएको सङ्कटासन्नता विश्लेषण र योजना निर्माण गर्दाका चरणहरूको तथ्याङ्कबमोजिम यस गाउँपालिकामा रहेका विभिन्न घरधुरीको ३ समूह (आर्थिक, अवस्था, जोखिम, सम्मुखता आदि) मा वर्गीकरण गर्दा ८ वटा वडाका ३६४ घरधुरी अति जोखिम अवस्थामा रहेका देखिन्छ। वडाअनुसारको विवरण **अनुसूची ८** मा उल्लेख छ।

त्यस्तै फरक प्रभावबमोजिम अपाङ्गहरूको विवरणमा महिलाको सङ्ख्या १५८ र पुरुषको सङ्ख्या २२२ छ त्यस्तै बहुअपाङ्ग २६ जना छन्। साथै ५ वर्षमुनिका बालबालिकाको सङ्ख्या ३०७५ छ। त्यसैगरी ७५ वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकको सङ्ख्या ६३८ छ जो सङ्कटासन्न समूहमा पर्ने गरेका हुन्छन् र निर्माण गरिएको योजना कार्यान्वयन गर्दा उनीहरूप्रति विशेष निगरानी राख्नुपर्छ। यहाँको आम्दानीको स्रोतमा कृषि प्रमुख छ।

२.४ गाउँपालिकामा रहेका स्रोत तथा क्षमताको विश्लेषण

२.४.१ सरोकारवाला व्यक्ति तथा सङ्घ/संस्थाको विवरण

पाँचपोखरी थाङ्पाल गाउँपालिकामा जीविकोपार्जन सुधार र समुदाय विकासका लागि विभिन्न संस्थाले आफ्नो वार्षिक कार्यक्रममार्फत टेवा पुऱ्याएका छन्। जलवायु परिवर्तन र विपद् जोखिम व्यवस्थापनका सवालमा आर्थिक, प्राविधिक तथा सहजीकरण सहयोग गर्न सक्ने सङ्घ/संस्था तथा निकायहरू पहिचान गरी सो संस्थाहरूको सम्भावित भूमिका र अपेक्षित सहयोगबारे यसमा उल्लेख छ :

तालिका १२ : सेवाप्रदायक निकाय र उपलब्ध हुन सक्ने सहयोग

क्र.स.	सेवाप्रदायक निकायहरू	अनुकूलनमा उपलब्ध हुन सक्ने सहयोग	विपद् जोखिम न्यूनीकरणमा उपलब्ध हुन सक्ने सहयोग
व्यक्ति तथा घर/परिवार तहमा			
१	व्यवसायी	स्रोत सङ्कलनमा सहयोग, सङ्कटासन्न घरधुरीलाई रोजगारी, वातावरणमैत्री उद्योगको प्रवर्द्धन	राहत र आकस्मिक कोष निर्माणमा सहयोग

क्र.स.	सेवाप्रदायक निकायहरू	अनुकूलनमा उपलब्ध हुन सक्ने सहयोग	विपद् जोखिम न्यूनीकरणमा उपलब्ध हुन सक्ने सहयोग
२	शिक्षक	सचेतनामूलक कार्यक्रममा सहयोग	सचेतनामूलक कार्यक्रममा सहयोग
३	महिला स्वास्थ्य स्वयम्सेवक	महिला मानव स्वास्थ्य समस्या समाधानमा सहयोग र प्राथमिक उपचार	महिला मानव स्वास्थ्य समस्या समाधानमा सहयोग र प्राथमिक उपचार
४	विद्यार्थी	अनुकूलन कार्यक्रममा सक्रिय सहभागिता, प्रचारप्रसार	उद्धार कार्यमा सहभागिता, जनचेतना अभिवृद्धि कार्यमा सहयोग
५	अगुवा (नेता)	नेतृत्व, समन्वयकारी भूमिका	नेतृत्व, समन्वयकारी भूमिका
समुदाय तथा वडा तहका सरोकारवालाहरू			
१	टोल सुधार समिति	अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन कार्यक्रममा सक्रिय सहभागिता, प्रचारप्रसार	राहत सङ्कलन र वितरणमा सक्रिय सहभागिता
२	सामुदायिक वनहरू	सचेतना र पूर्वाधार तथा विकास निर्माणमा सहयोग	पूर्वाधार तथा विकास निर्माणमा सहयोग
३	आमा समूह	अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन कार्यक्रममा सक्रिय सहभागिता, प्रचारप्रसार	सक्रिय सहभागिता, प्रचारप्रसार
४	मेलमिलाप केन्द्र	सामाजिक द्वन्द्व व्यवस्थापन	सामाजिक द्वन्द्व व्यवस्थापन र मेलमिलापका लागि सहजीकरण
५	वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समिति	खोज तथा उद्धार, राहत वितरण, अस्थायी आवासको प्रबन्ध, विपद् व्यवस्थापन कोषको परिचालन, प्रभावितहरूको लगत सङ्कलन, महिला हिंसा, यौन हिंसाका घटनाहरूको निगरानी	पुनर्लाभका क्रियाकलाप सञ्चालन, आवास व्यवस्थापनका लागि सरोकारवाला निकायसँग सहकार्य, प्रभावितहरूको लगत सङ्कलन गरी सहयोग आवश्यक पर्ने घरधुरीको पहिचान । पुनर्स्थापनाका लागि सहयोग, आवश्यक कागजातको तयारी तथा बन्दोवस्त, राहत तथा अनुदानका लागि सिफारिस, सहजीकरण
५	वडाका कार्यालयहरू	पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग	भौतिक पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग
वडाबाहिरका सरोकारवालाहरू			
१	जिल्ला समन्वय समितिको कार्यालय	भौतिक पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग, स्रोत व्यवस्थापनका लागि सरोकारवालाहरूमा पहल	भौतिक पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग, स्रोत व्यवस्थापनका लागि सरोकारवालाहरूमा पहल
२	पाँचपोखरी थाङ्पालगाउँपालिका	पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग, समग्र योजनाको कार्यान्वयन तथा अनुगमन	भौतिक पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग
३	स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति	योजना कार्यान्वयन, विपद् व्यवस्थापन कोषको परिचालन, प्रभावितहरूको लगत सङ्कलन, नियमित अनुगमन	योजना कार्यान्वयन, विपद् व्यवस्थापन कोष परिचालन, प्रभावितहरूको लगत सङ्कलन

क्र.स.	सेवाप्रदायक निकायहरू	अनुकूलनमा उपलब्ध हुन सक्ने सहयोग	विपद् जोखिम न्यूनीकरणमा उपलब्ध हुन सक्ने सहयोग
४	भूसंरक्षण कार्यालय	बाढी, पहिरो तथा भूक्षय नियन्त्रणका लागि एकीकृत जलाधार व्यवस्थापन	बाढी, पहिरो तथा भूक्षय नियन्त्रणका लागि एकीकृत जलाधार व्यवस्थापन
५	जिल्ला प्रशासन कार्यालय तथा जिल्ला विपद् व्यवस्थापन समिति	कोप तथा विपद् व्यवस्थापनमा सहयोग	सहकार्य तथा उद्धार व्यवस्थापन
६	खानेपानीडिभिजन कार्यालय	खानेपानी आयोजनाका लागि आर्थिक तथा प्राविधिक सहयोग	खानेपानी आयोजनाका लागि आर्थिक तथा प्राविधिक सहयोग
७	वन कार्यालय	वृक्षरोपण, नर्सरी व्यवस्थापन तथा अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन तालिम र जनचेतनाका लागि प्राविधिक सेवा, समुदायको वन व्यवस्थापनमा सहयोग	वृक्ष रोपण, नर्सरी व्यवस्थापन तथा तालिम र जनचेतनाका लागि प्राविधिक सहयोग
८	कृषि कार्यालय तथा केन्द्र	अनुकूलन तथा विपद् जोखिम व्यवस्थापनसम्बन्धी कृषक क्षमता अभिवृद्धि, कृषि सेवा, बालीनाली विकास, बिउबिजन वितरण	कृषि सेवा तालिम, बालीनाली विकास, बिउबिजन वितरण
९	पशु कार्यालय, पशु सेवा केन्द्र	अनुकूलन तथा विपद् जोखिम व्यवस्थापनसम्बन्धी पशु पालक कृषकको क्षमता अभिवृद्धि, पशु स्वास्थ्य तथा पशुपक्षी पालन विकास	पशु स्वास्थ्य तथा पशुपक्षी पालन विकास
१०	सिँचाई डिभिजन कार्यालय	सिँचाइ पोखरी, कुलो निर्माण तथा आयोजनाका लागि आर्थिक तथा प्राविधिक सहयोग	सिँचाइ पोखरी, कुलो निर्माण तथा आयोजनाका लागि आर्थिक तथा प्राविधिक सहयोग
११	विद्युत् प्राधिकरण	विपद् प्रभावित समुदायका लागि आवश्यक विद्युत् प्रवाह गर्ने र आवश्यकता हेरी विद्युत् प्रवाह सुचारु र बन्द गर्ने/गराउने	विपद् प्रभावित समुदायका लागि आवश्यक विद्युत् प्रवाह गर्ने र आवश्यकता हेरी विद्युत् प्रवाह सुचारु र बन्द गर्ने/गराउने
१२	स्वास्थ्य चौकी	स्वास्थ्य उपचार, निःशुल्क औषधि वितरण, घाइते तथा सङ्क्रमित व्यक्तिको उपचार विभिन्न थरी गाउँघरे क्लिनिक सेवा उपलब्ध	अझ बढी निरन्तरता दिने र २४ घण्टा सुविधा र बिरामीको हेरचाह गरी उपचार गर्ने ।
१२	धुलिखेल अस्पताल शाखा	स्वास्थ्य उपचार, निःशुल्क औषधि वितरण, घाइते तथा सङ्क्रमितको उपचार	अझ बढी निरन्तरता दिने र २४ घण्टा सुविधा र बिरामीको हेरचाह गरी उपचार गर्ने
१४	प्रहरी चौकी	विपद्सम्बन्धी पूर्वसूचना, सचेतनाका कार्यक्रमहरू, तालिमहरू	खोज तथा उद्धार, सुरक्षाका लागि समन्वय
१५	नेपाल रेडक्रम	विपद् समिति गठन, सुपथ मूल्यमा एम्बुलेन्स, सेवा र स्ट्रेचर विपद्मा परेकालाई सिफारिस, आकस्मिक सेवा स्थापन	योग शिविर, दन्त शिविर, स्वास्थ्य शिविर, स्ट्रेचर, प्राथमिक उपचार, भूकम्प तथा अन्य प्रकोपसम्बन्धी सचेतना कार्यक्रम, राहत सामग्रीको व्यवस्था

क्र.स.	सेवाप्रदायक निकायहरू	अनुकूलनमा उपलब्ध हुन सक्ने सहयोग	विपद् जोखिम न्यूनीकरणमा उपलब्ध हुन सक्ने सहयोग
१६	युवा क्लब	सचेतीकरण, विपद् व्यवस्थापन कोष स्थापना, खोज तथा उद्धारसम्बन्धी तालिम	खोज तथा उद्धारमा सहयोग, अस्थायी आवास व्यवस्थापनका लागि सहयोग, राहत वितरणमा सहयोग,
१७	नेपाली सेना	विपद् व्यवस्थापनसम्बन्धी तालिम र प्रचारप्रसारमा सक्रिय सहभागी	राहत वितरण तथा पुनर्निर्माणमा सहयोग, राहत वितरणमा सहयोग
१८	ब्याङ्क तथा सहकारी	वित्तीय कोष सञ्चालन र बचत गर्ने बानीको विकास	आयआर्जनका कार्यक्रम गर्नका लागि सहुलियत दरमा ऋण प्रदान
१९	विद्यालय	सुरक्षित स्थान तयारी गर्ने र आवश्यक पर्दा स्थानीय समुदायलाई उपलब्ध गराउने	सुरक्षित स्थान तयारी गर्ने र आवश्यक पर्दा स्थानीय समुदायलाई उपलब्ध गराउने
२०	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन गर्नलाई समन्वयकारी भूमिका खेल्ने आवश्यकताअनुसार नीति नियम निर्माण गर्ने र बजेट व्यवस्था गर्ने	अनुकूलन तथा विपद् जोखिम व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि र तयार गरिएको योजना कार्यान्वयनमा सहयोग
२१	प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति	अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन गर्नलाई समन्वयकारी भूमिका खेल्ने आवश्यकताअनुसार नीति नियम निर्माण गर्ने र बजेट व्यवस्था गर्ने ।	अनुकूलन तथा विपद् जोखिम व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि र तयार गरिएको योजना कार्यान्वयनमा सहयोग
२२	भूमि अधिकार मञ्च, आत्मनिर्भर केन्द, महिला आत्मनिर्भरता केन्द्र,केएरनेपाल, आर्सो नेपाल, जनहितलगायत सङ्घ/संस्था	विपद् व्यवस्थापनलगायत प्राकृतिक स्रोत उपयोगका लागि जनचेतनाको काम सञ्चालन गर्ने	समुदाय तहमा काम गर्दा विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रम ल्याउने । विभिन्नखालका तालिम उपलब्ध गराउने । चेतना फैलाउने, योजना कार्यान्वयनका लागि प्राविधिक तथा आर्थिक स्रोतमा स्थानीय तहसँग साझेदार गर्ने
२३	सामुदायिक वन उपभोक्ता महासङ्घ	अनुकूलन तथा विपद् जोखिम व्यवस्थापनसम्बन्धी कृषक क्षमता अभिवृद्धि, सामुदायिक वन विकास तथा व्यवस्थापन	सामुदायिक वन विकास तथा व्यवस्थापन

आगामी दिनमा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयनमा सबैको साथ र सहयोग आवश्यक हुन जान्छ । यसका लागि गाउँपालिकाले प्रदेश, जिल्ला तथा स्थानीय स्तरमा रहेका माथि उल्लिखित सम्पूर्ण सरकारी तथा गैरसरकारी सङ्घ/संस्थामा सहयोगका लागि बेलाबेला अन्तर्क्रिया गर्ने, पत्राचार गर्ने तथा निरन्तर सम्पर्क र समन्वय गरी अनुकूलन योजना कार्यान्वयन गरिनेछ ।

२.४.२ स्थानीय ज्ञान, सिप, प्रविधि तथा प्रयासहरूको अवस्था

समुदायमा विपद् सामना गर्न परम्परागतरूपमा अपनाउने गरिएका विधिहरूको सूची तयार गरी निम्न तालिकाअनुसार राखिएको छ :

तालिका १३ : स्थानीय ज्ञान, सिप, प्रविधि तथा प्रयासहरू

जोखिमहरू	प्रभाव र असरहरू	समुदायबाट भए/गरेका अनुकूलनका उपाय र प्रयास	बाहिरबाट भए/गरेका अनुकूलनका उपाय र प्रयास	गर्न सकिने वा गर्नुपर्ने अनुकूलनका उपाय तथा प्रयासहरू
भूकम्प	घरहरू क्षति भएको, धनजनको क्षति, जमिनमा सुक्खा पहिरो, जीविकोपार्जन गुमेको, पिउने पानीका स्रोतहरू सुकेको	• घर निर्माणका लागि काठलगायत सिमेन्टको ब्यान्ड राख्ने, समुदाय मिलेर उद्धार गरिएको • जोखिम संरचनाहरू भत्काउन पहल भएको • गाउँमा भएको खाद्यान्न बाँडेर खाएको, एकीकृतरूपमा अस्थायी बसोबास गरेको	सामाजिक सङ्घ/संस्था र सरकारमार्फत खोज, उद्धार र राहतमा सहयोग, अस्थायी आवास, खाद्यान्न र जीविकोपार्जनमा सहयोग, भूकम्प प्रतिरोधी घर तथा सरकारी र सामुदायिक संरचना निर्माणमा सहयोग	सचेतना, बलियो घर र संरचना निर्माणका लागि तालिम, खोज तथा उद्धार र प्राथमिक उपचार तालिम
पहिरो	मोटर बाटो पुरेको भत्काएको, विद्युत् बिगारेको पिउने पानीको मुहान बिगारेको, कच्ची सडक पुरिएको, खेतबारी पुरिएको, वन तथा वन्यजन्तु बगाएको	तटबन्धन, अग्रिसो लाएको, भल तर्काएको, सडक सफा गरिएको, सकिने ठाउँको पुन प्रयोग गर्दै आएको	भूसंरक्षण कार्यालय सावीकको गाविसले तटबन्ध गर्न बिरुवा दिएको	वृक्षरोपण, बायो इन्जिनियरिङ, ग्याबिन वाल तथा तटबन्धन निर्माण
खहरे बाढी तथा कटान	वन क्षेत्र नोक्सानी, जमिन तथा कुलो बगाएको, बाटो बगाएको, पहिरो बढाएको	जमिन सुधार गरी खेत प्रयोग गरेको, ढुङ्गाको पर्खाल निर्माण गरेको		भएका रुख काटेर प्रयोग, समुदायको जीविकोपार्जनका लागि आयोजनासँग माग, कृषि वन, ग्याविन वाल निर्माण, वृक्षरोपण
आगलागी	घर, कपडा र अन्नपात नष्ट गरेको र सामुदायिक तथा कवुलियती वनका केही क्षेत्रमा क्षति, पिउने पानीका पाइपहरू जलेर नष्ट	जङ्गल संरक्षणका लागि आगो निभाउने गरेका	स्थानीय स्तरबाट बचाउका प्रयासहरू, सामुदायिक वन तथा वडाद्वारा पिउने पानीका पाइपहरू उपलब्ध,	अग्निरेखा निर्माण, अग्नि नियन्त्रण तालिम, आगलागीबारे सचेतना कार्यक्रम

जोखिमहरू	प्रभाव र असरहरू	समुदायबाट भए/गरेका अनुकूलनका उपाय र प्रयास	बाहिरबाट भए/गरेका अनुकूलनका उपाय र प्रयास	गर्न सकिने वा गर्नुपर्ने अनुकूलनका उपाय तथा प्रयासहरू
खडेरी	पिउने पानी, सिँचाइका लागि पानीको अभाव, मूलको पानी सुक्ने, रुख सुक्ने गरेको, आगलागी बढेको, घाँसपात सुकेको, वस्तुभाउलाई घाँसको समस्या, कृषि, फलफूल उत्पादनमा कमी, जमिनमा चिस्यानको कमी, रोग कीराको प्रकोप	मूल संरक्षण, वैकल्पिक स्रोतको खोजी, कुलो मर्मत गरी पुनः प्रयोग गरेका	साविक गाविस, जिविसद्वारा पिउने पानी मूल संरक्षण	अन्य मूल संरक्षण निरन्तरता, बाली लगाउने पद्धतिमा हेरफेर, आकासे पानी सङ्कलन पोखरी, रिजर्भ ट्याङ्की निर्माण, वृक्षरोपण, वन व्यवस्थापन तालिम प्रदान गर्ने
मानवीय स्वास्थ्य	मानिसमा विभिन्न रोग बढ्दै गएका	सरसफाइ अभियान, खुला दिसामुक्त, जनस्वास्थ्यसम्बन्धी कार्यक्रम	जिल्ला जनस्वास्थ्य कार्यालय, साविक गाविस, सामुदायिक वन	मानवमा लाग्ने रोगसम्बन्धी सचेतना कार्यक्रम, पौष्टिक आहार खाने कुरामा र वातावरण स्वच्छ
कृषि बाली तथा फलफूलमा रोग कीरा	कृषि तथा फलफूल र तरकारी उत्पादनमा कमी	खरानी, गहुँतको प्रयोग गाईको दूध प्रयोग जैविक झोल मल प्रयोग	कृषि केन्द्र, साविक गाविस	बाली लगाउने प्रविधि हेरफेर, उन्नत बिउबिजन मौरी पालन, च्याउखेती, सुन्तला खेती
रोग कीरा	धान, मकै, गहुँ, आलु आदि विभिन्न बालीमा रोग कीरा लाग्नाले उत्पादनमा कमी साथै भण्डारण गरी राखेको उपजमा चिल्सा तथा अन्य कीराको समस्या, जङ्गलका रुख बिरुवामा रोग लाग्ने	सुक्खा भण्डारण	केहीमात्र काम भएका	जैविक विषादीको प्रयोग गर्ने, रोग प्रतिरोधी बाली लगाउने, भण्डारण घर आधुनिक प्रविधिको व्यवस्था गर्ने, वृक्षरोपण गर्ने
हावाहुरी	विद्यालयको छत उडाउने, मकै बाली तथा सुन्तला र अन्यमा क्षति हुने गरेको, रुख बिरुवाको हाँगा भाँचिने	पुनः निर्माण गर्ने	केही काम गरेको	स्तरोन्नति, टनेल प्रविधि तथा वैकल्पिक फलफूल खेती प्रयोग गर्ने, वन व्यवस्थापन तथा कृषि तालिम र कार्यान्वयन गर्ने
चट्याङ	मानिस घाइते बनाउने, घर र विद्युतीय सामग्रीमा क्षति पुऱ्याउने, रुख बिरुवामा क्षति पुग्ने गरेका	घाइतेको उपचारमा सहयोग र क्षति भएको घरमा केही सहयोग	केही नभएको	अर्थिङको व्यवस्था गर्ने, समुदायलाई सुरक्षा विधिबारे सचेत गराउने

२.४.३ भौतिक, प्राकृतिक, सामाजिक तथा मानवीय स्रोत

गाउँपालिकाका विभिन्न स्थानमा ४९ वटा सामुदायिक भवन, ३३ वटा सरकारी तथा निजी विद्यालय, १६ वटा पाटी पौवा, निजीबाहेक ३५५ सार्वजनिक धारा छन् । त्यस्तै मठमन्दिर ५३, गुम्बा ४०, चर्च ६, मानदाङस्तुपा ६ गरी १०५ धार्मिकस्थल छन् । ८ वटै वडा खुला दिसा मुक्त क्षेत्र घोषणा भइसकेका छन् । त्यस्तै भूकम्पपछि निर्माणाधीन प्रशस्त सङ्ख्यामा शौचालय भए तापनि तथ्याङ्क सङ्कलन गर्दासम्म सार्वजनिक शौचालय ९ स्थानमा मात्र छन् ।

मानवीय स्रोतका रूपमा गाउँपालिकामा जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापन तालिम प्राप्त जनशक्ति ११६ जना छन् । यहाँ प्राथमिक स्वास्थ्य केन्द्र, १ औषधालय, स्वास्थ्य चौकी ८ वटा र स्वास्थ्य एकाइ ४ वटा छन् । सामुदायिक अस्पताल १ र धुलिखेल शाखा अस्पताल (वडा नं. ४ मा) छ । यहाँ १९ ठाउँमा सुरक्षित स्थल छन् ।

समुदायस्तरीय सङ्कटासन्नता तथा क्षमता विश्लेषणका क्रममा स्थानीयहरूले उपलब्ध गराएका, उनीहरूको जानकारी र पहुँचमा भएका स्रोत, साधन र क्षमताको उपलब्धता र त्यसको अवस्थाको विस्तृत विवरण **अनुसूची** ९ मा विश्लेषण गरिएको छ ।

खण्ड ३ : दीर्घकालीन सोच तथा नीति

३.१ दीर्घकालीन सोच

विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यलाई संस्थागत गरी विपद् उत्थानशील समुदाय निर्माण गर्नु यस योजनाको दीर्घकालीन सोच हो ।

दूरदृष्टि

पाँचपोखरी थाङ्पाल गाउँपालिकालाई विपद् तथा जलवायु उत्थानशील पालिकाका रूपमा स्थापित गर्ने ।

ध्येय

विपद् जोखिम न्यूनीकरणका कार्यहरूलाई विकास तथा योजनामा मूलप्रवाहीकरण गरी सम्भावित जोखिम कम गर्दै समुदायका हरेक वर्गको जीवनस्तरमा सुधार ल्याउने ।

लक्ष्य

प्रत्येक वर्षजसो दोहोरिने बहुप्रकोपबाट हुने मानवीय, भौतिक, प्राकृतिक र आर्थिक क्षति कम गर्दै लैजाने ।

उद्देश्य

- विद्यमान प्रकोपहरू तथा त्यसबाट हुने विपद्जन्य अवस्था र क्षति न्यूनीकरण गर्ने ।
- विपद्को अवस्थामा प्रभावकारी प्रतिकार्य गर्नका लागि आवश्यक संस्थागत संरचना, दक्ष जनशक्ति विकास र भौतिक क्षमता अभिवृद्धि गर्ने ।
- विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनसम्बन्धी समुदायस्तरमा ज्ञान तथा सिपको विकास गर्ने ।
- विपद्पश्चात गरिने पुनर्स्थापना तथा पुनर्निर्माणका कार्यहरू दिगो र पहिलाको भन्दा उत्तम अवधारणाअनुसार कार्य गर्ने ।

३.२ नीति तथा रणनीति

स्थानीय तहमा रहेका सरकारी, गैरसरकारी, निजी क्षेत्र, सार्वजनिक निकाय, सङ्घ/संस्थाहरूसँगको समन्वय र सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरू गठन गर्ने । उक्त समितिमार्फत समितिका सदस्य र पदाधिकारी एवं समुदायका व्यक्तिहरूलाई विपद् तथा जलवायुसम्बन्धी गतिविधिहरूमा सहभागिता गराइ क्षमता विकास गराउने यस योजनाको मूल नीति रहेको छ । यस योजना कार्यान्वयनका रणनीतिहरू देहायबमोजिम छन् :

- समुदाय, वडा र गाउँपालिका स्तरमा जोखिमको पहिचान, बुझाइ र जोखिम न्यूनीकरण गर्ने उपाय सम्बन्धमा क्षमता अभिवृद्धि गर्ने ।
- समुदायका जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गरी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- स्थानीय विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्दा अति जोखिम तथा संवेदनशील स्थानमा रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने ।
- बाढी तथा पहिरोबाट हुने मानवीय तथा भौतिक क्षति रोक्नका लागि बाढीको पूर्वसूचना प्रणाली स्थापना गर्ने ।
- समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सिप, स्रोत र साधन उपयोग गर्ने ।
- स्थानीय तहमा विपद् जोखिम तथा जलवायु अनुकूलनका कार्यक्रमलाई स्थानीय वार्षिक तथा आवधिक विकासका योजनाहरूमा मूलप्रवाहीकरण गर्दै लैजाने ।
- स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनका कार्यक्रमहरूलाई प्रभावकारी कार्यान्वयनका लागि जिल्ला विपद् व्यवस्थापन समिति, वडा तथा पालिका तहको विपद् तथा जलवायु उत्थानशील समिति, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विकास साझेदार संस्था, निजी क्षेत्र, समुदायसमेतको स्रोत परिचालन गर्ने ।

खण्ड ४ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

४.१ विपद् जोखिम व्यवस्थापन तथा अनुकूलनका उपायहरूको प्राथमिकीकरण

पहिचान भएका जोखिम तथा प्रकोपहरूका कारण प्रभावित क्षेत्र तथा पार्न सक्ने प्रभावहरूलाई मध्यनजर गरी गाउँपालिकाले त्यसबाट अनुकूलन हुन तथा व्यवस्थापन गर्न विभिन्न उपाय तय गरेको छ। पहिचान गरिएका विभिन्न उपायको बहुआधार विश्लेषण विधिमार्फत प्राथमिकीकरण गरी योजनामा राख्नुपर्ने कार्यक्रमहरू छनोट गरिएको छ। गाउँपालिकाको विपद् जोखिम व्यवस्थापन तथा अनुकूलनका उपायहरूको प्राथमिकीकरण गर्दा स्थानीय बहुसरोकारवालासँग गरिएको छलफलका आधारमा आर्थिक, सामाजिक, वातावरणीय स्थितिसमेत पहिचान गरिएको थियो।

तालिका १४ : विपद् जोखिम व्यवस्थापन तथा अनुकूलनका रणनीतिक कार्यहरूको प्राथमिकीकरण

क्रियाकलापहरू	प्राथमिकता
कृषि तथा खाद्य सुरक्षा	
सचेतना, प्रचारप्रसार, तालिम/क्षमता अभिवृद्धि	पहिलो
बाँझो जमिनको अभिलेख राखी न्यून शुल्क तोकी विपन्न परिवारले खेती गर्न सक्ने व्यवस्था मिलाउने	दोस्रो
वैकल्पिक तथा व्यवसायमूलक खेती (बेमौसमी तरकारी खेती, च्याउ, अदुवा, आलु, मुला, बेसार, अलैंची, फलफूल, बाख्रा पालन र रैथाने जातको बिउ वितरण) तालिम र लक्षित वर्ग सहयोग	तेस्रो
अनुकूलित प्रविधि तथा औजार (प्लास्टिक टनेल, प्लास्टिक पोखरी, थोपा सिँचाइ, जैविक विषादि, कम्पोस्ट र प्राङ्गारिक मल प्रयोग आदि)	चौथो
कृषि संरचना निर्माण, मर्मत तथा सम्भार (सिँचाई कुलो, सङ्कलन केन्द्र, भण्डार, चिस्यान केन्द्र)	पाँचौं
बजारीकरण तथा बजार व्यवस्थापन, हाटबजार, बिमा, कृषि प्राविधिक सहयोग, नमुना प्रदर्शनी आदि	छैटौं
जलस्रोत तथा ऊर्जा	
पानीका स्रोत संरक्षण र मर्मत सम्भार (मुहान, खोल्सी, कुवा, पोखरी, ट्याङ्की आदि)	पहिलो
जल तथा ऊर्जाको महत्व र किफायती सदुपयोगका लागि सचेतना, क्षमता विकास	दोस्रो
पिछडिएका वर्ग तथा क्षेत्रमा पानीको उपलब्धता तथा न्यायोचित वितरण र वैकल्पिक ऊर्जाको व्यवस्थापन	तेस्रो

पानी सञ्चितीकरण र पाइप लाइन विस्तार जस्ता पूर्वाधार निर्माण गरी 'एक घर एक धारा' निर्माण	चौथो
वन तथा जैविक विविधता	
वन, जलाधार, जैविक विविधता संरक्षण, अग्निरेखा निर्माण तथा सरसफाइ, पानी मुहान, पोखरी संरक्षण	पहिलो
वृक्षरोपण (घाँस, डालेघाँस, अम्रिसो, फलफूल), कृषि वन प्रवर्द्धन, वनको बहुउपयोगी व्यवस्थापन	दोस्रो
वन पैदावारको किफायती तथा दिगो सदुपयोग, वैकल्पिक ऊर्जा, प्रविधि तथा औजार	तेस्रो
लक्षित वर्गमुखी कार्यक्रम (आयआर्जन, सिप तथा उद्यम सहयोग)	चौथो
चेतना, तालिम र सञ्जालीकरण	पाँचौं
मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण सचेतना तथा राहत कोषको व्यवस्था	छैटौं
जलवायु उत्पन्न प्रकोप	
जनचेतना, समिति, कार्यदलका लागि जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास	पहिलो
नीति अभ्यास, व्यवहार परिवर्तनका लागि समुदायमा सचेतीकरण	दोस्रो
पूर्वाधार, संरक्षण वृक्षरोपण, तटबन्ध निर्माण तथा मर्मत, सामग्रीको व्यवस्था	तेस्रो
आकस्मिक कोष व्यवस्था र परिचालन	चौथो
मानवीय स्वास्थ्य	
वातावरण तथा प्राकृतिक स्रोत (पानी) सर्वेक्षण र सरसफाइ	पहिलो
सचेतना तथा क्षमता अभिवृद्धि	दोस्रो
स्वास्थ्य सेवाको क्षेत्र विस्तार	तेस्रो
महिला तथा प्रजनन् स्वास्थ्यसम्बन्धी घुम्ती सेवा प्रदान	चौथो
स्वास्थ्यसम्बन्धी संरचना (अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी) सहित अनुभवी मानव स्रोत व्यवस्थापन	पाँचौं
पूर्वाधार विकास तथा बसोबास	
सरोकारवालाको क्षमता अभिवृद्धि (फोहोरमैला व्यवस्थापन तालिम), सचेतना	पहिलो
जोखिम संवेदनशील भूउपयोग योजना तर्जुमा, अभ्यास तथा व्यवहार परिवर्तन, अनुगमन तथा नियमन	दोस्रो
जोखिमरहित पूर्वाधार निर्माणका लागि सहयोग (भूकम्प प्रतिरोधी घर निर्माणका लागि कमजोर तथा गरिब वर्गलाई अनुदान) बस्ती स्थानान्तरणका लागि जग्गा खोजी र आवास निर्माणमा सहयोग	तेस्रो
पूर्वाधार निर्माण तथा मर्मत सुधार (तटबन्ध, भूकम्प प्रतिरोधात्मक घर, वातावरण/बालबालिका/अपाङ्ग आदि मैत्री पूर्वाधार)	चौथो
प्रत्येक समुदायमा लैङ्गिक उत्तरदायी सामुदायिक घर निर्माण	पाँचौं
विपद् जोखिम व्यवस्थापन	
सरोकारवालाको क्षमता अभिवृद्धि (आगोजन्य प्रकोपसम्बन्धी सचेतना, विपद् जोखिम व्यवस्थापन तालिम)	पहिलो

जोखिम क्षेत्रको भूगर्भ अध्ययन, योजना निर्माण र कार्यान्वयन	दोस्रो
जोखिम न्यूनीकरणका लागि पूर्वाधार निर्माण (पहिरो नियन्त्रण, कच्ची सडक भएको स्थानमा बाँस तथा अग्रिसो, सिट्ठो रोपण, अग्निरेखा निर्माण, पानी पोखरी निर्माण तथा संरक्षण)	तेस्रो
नीति नियम कार्यान्वयन (भवन निर्माण आचार संहिता, भूउपयोग नीति)	चौथो
खुला स्थान तथा ठाउँहरू छुट्याउने	पाँचौं
चट्याङको जोखिम क्षेत्रहरूमा अर्थिङ जडान गर्ने	छैटौं

४.२ स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिविधिहरू

समुदायको सङ्कटासन्नता तथा क्षमता विश्लेषणबाट आएका सूचनाहरूका आधारमा भावी दिनमा हुन सक्ने विपद्को विश्लेषण गरी क्षति न्यूनीकरण गर्न विस्तृत कार्ययोजना तयार गरिएको छ। यो कार्ययोजनाले विपद् व्यवस्थापन कार्यमा यस पालिका तथा अन्य सङ्घ/संस्थाको स्रोत/साधनको उच्चतम प्रयोग हुने अपेक्षा राखिएको छ। मूलभूतरूपमा मानव संसाधन तथा संस्थागत बिकास, भौतिक पूर्वाधार, प्राकृतिक स्रोत संरक्षण, जीविकोपार्जन सुधार, नीतिगत क्षेत्रमा गर्नुपर्ने कार्यहरू, विपद् जोखिम ब्यवस्थापन तथा अनुकूलन गर्ने जस्ता प्रमुख क्रियाकलापलाई विकासका योजनासँग मूलप्रवाहीकरण गरिनेछ।

नीतिगत व्यवस्था तथा निर्णय

गाँउपालिका तथा वडाले विपद् जोखिम व्यवस्थापनका कार्यलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न जिम्मेवारीसहित पालिकास्तरीय स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र वडास्तरमा समितिहरू गठन गरिसकेको छ। साथै विपद् पूर्वतयारी तथा प्रतिकार्यको कामलाई प्रभावकारी बनाउन खोज तथा उद्धार कार्यदल, स्वास्थ्य, प्राथमिक उपचार तथा सरसफाइ कार्यदल, राहत व्यवस्थापन तथा पुनःस्थापना कार्यदल, पूर्वसूचना कार्यदल, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यदल गठन भएको छ। आवश्यक परेमा कार्यदलहरू बनाउने तथा थप/घट गर्न सकिनेछ। त्यसैगरी प्रचलित कानुनबमोजिम आवश्यक नीतिगत निर्णयसमेत गरी पालिकास्तरमा स्थानीय विपद् व्यवस्थापन कोष खडा भएको छ।

जनचेतना तथा क्षमता अभिवृद्धि

गाउँपालिकाको विभिन्न वडामा गरिएको सङ्कटासन्नता तथा क्षमता विश्लेषणले समुदायस्तरमा विपद् जोखिम न्यूनीकरण, व्यवस्थापन तथा जलवायु उत्थानशीलतामा खासै सचेतना नभएको पाइयो। त्यसैले गाउँपालिकाले आफ्नो क्षेत्रमा विपद्प्रतिको ज्ञानमा थप जोड दिनुपर्ने आवश्यकता देखिन्छ। जोखिम व्यवस्थापनमा समुदायको सजगता अभिवृद्धि गर्न जनचेतना र क्षमता अभिवृद्धिका कार्यलाई कार्यान्वयन गर्ने गरी योजनामा समावेश गरिएको छ।

विपद्पूर्वका क्रियाकलापहरू (रोकथाम, अल्पीकरण अनुकूलन र पूर्वतयारी) : विपद्पूर्वका क्रियाकलापअन्तर्गत जनचेतना अभिवृद्धि, भौतिक स्रोत र साधनको विकास, मानव संसाधनको विकास,

नीतिगत संरचना तथा संस्थागत विकास र जीविकोपार्जनका गतिविधि समावेश गरिएको छ। विपद्पूर्वका क्रियाकलापमा कुन गतिविधि कहिले गर्ने, त्यसको मुख्य भूमिका र जिम्मेवारी कसको हुने र त्यसका लागि आवश्यक स्रोतको सहयोग कहाँबाट जुटाउने भन्ने गतिविधिहरू समावेश छ।

विपद्का समयका क्रियाकलापहरू (आपत्कालीन सहयोग, खोज, उद्धार, तत्कालीन राहत) : विपद्पश्चात प्रभावितहरूको तत्काल खोज तथा उद्धार, प्राथमिक उपचार आधारभूत आवश्यकता परि पूर्तिका लागि तुरुन्तै गरिने अन्य गतिविधि वा मानवीय जीवन रक्षाका लागि ध्यान दिइ आधारभूत आवश्यक भौतिक तथा खाद्य सामग्री, औषधि उपचार, पिउने पानी, अस्थायी आवास, सुरक्षा आदि उपलब्ध गराइने गतिविधि समावेश छ।

विपद्पश्चात (पुनर्स्थापना र पुनर्निर्माण) : विपद्बाट प्रभावित समुदाय, परिवार र व्यक्तिलाई समयमै खतरामुक्त स्थानमा स्थानान्तर गरिसकेपछि भविष्यमा पर्न सक्ने सम्भावित प्रकोपसमेतबाट सुरक्षित हुने गरी पहिलाकै ठाउँ वा अन्य सुरक्षित स्थानमा अस्थायी घर, जीवन बाँच्नका लागि आवश्यक खाद्य, सुरक्षा, पानी, सरसफाइ र स्वास्थ्य सेवाको पूर्वाधार तयार गरी पुनर्स्थापना र पुनर्निर्माण कार्य गर्ने तथा भविष्यमा त्यस्ता विपद् नपरोस् भन्नका लागि गरिने गतिविधिहरू विपद्पश्चात समावेश गरिएको छ। विस्तृत **अनुसूची** १० मा उल्लेख छ।

तालिका १५ : योजनाको परिकल्पना, विषयगत लक्ष्य तथा प्राथमिकताहरू

भूउपयोग र व्यवस्थापन	कृषि तथा खाद्य सुरक्षा	वन तथा जैविक विविधता	जलस्रोत तथा ऊर्जा	जलवायु उत्पन्न प्रकोप	मानवीय स्वास्थ्य	बजार व्यवस्थापन तथा भौतिक पुर्वाधार	विपद् जोखिम व्यवस्थापन
लक्ष्य : जोखिम संवेदनशील भूउपयोग योजनामार्फत जमिनको वर्गीकरण र दिगो उपयोग	लक्ष्य : माटो सुहाउँदो बिउविजन, प्रविधि र सेवामा पहुँचमार्फत उत्थानशील कृषिको प्रवर्द्धन	लक्ष्य : वन, जलाधार तथा जैविक विविधताको संरक्षण र न्यायोचित सदुपयोगमार्फत पारि स्थितिकीय र सामुदायिक उत्थालशीलतामा योगदान	लक्ष्य : पानी र ऊर्जाको दिगो उपलब्धता र न्यायोचित पहुँचको व्यवस्थामार्फत उत्थालशीलताको प्रबर्द्धन	लक्ष्य : जलवायु तथा विपद्/प्रकोप उत्थालशील समुदाय र वातावरण निर्माण	लक्ष्य : स्वस्थ्य जीवन र न्यायोचित/उत्थानशील जीविकोपार्जन । फरक प्रभाव फरक सम्बोधन	लक्ष्य : समुदायको सहभागितामा भौतिक पूर्वाधारको दिगो (वातावरणीय, व्यवस्थित, विपद् प्रतिरोधी) विकास	लक्ष्य : न्यूनतम क्षति तथा प्रभावका लागि जनचेतना, पूर्वाधार विकास र प्रभावकारी संस्थागत व्यवस्था
रणनीति प्राथमिकता							
भौगर्भिक अध्ययन, माटोको परीक्षण र जोखिम क्षेत्र नक्साङ्कन	सचेतना, प्रचारप्रसार, तालिम/क्षमता अभिवृद्धि	वन, जलाधार, जैविक विविधता संरक्षण, अग्निरेखा निर्माण तथा सरसफाइ, पानी मुहान, पोखरी संरक्षण	पानीका स्रोत संरक्षण र मर्मत सम्भार (कुवा, पोखरी, ट्याङ्की आदि)	जनचेतना, समिति, कार्यदलका लागि जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास	वातावरण तथा प्राकृतिक स्रोत (पानी) सर्वेक्षण, संरक्षण, सरसफाइ	सरोकारवालाको क्षमता अभिवृद्धि (फोहोरमैला व्यवस्थापन तालिम), सचेतना	सरोकारवालाको क्षमता अभिवृद्धि (आगोजन्य प्रकोपसम्बन्धी सचेतना, विपद् जोखिम व्यवस्थापन तालिम,
नीति (भूउपयोग) तथा योजना तर्जुमा, अभ्यास तथा व्यवहार परिवर्तन, अनुगमन तथा नियमन	वैकल्पिक तथा व्यवसायमूलक खेती (बेमौसमी तरकारी खेती, च्याउ, अदुवा, फलफूल, बाखा पालन, स्थानीय बिउलाई प्राथमिकता) तालिम र लक्षित वर्गमा सहयोग	वृक्षरोपण (घाँस, डालेघाँस, अग्रिसो, फलफूल), कृषि वन प्रवर्द्धन, वनको बहुउपयोगी व्यवस्थापन	जल तथा ऊर्जाको महत्व र किफायती सदुपयोगका लागि सचेतना, क्षमता विकास	नीति अभ्यास, व्यवहार परिवर्तन र प्रभावको विषयमा सचेतना	सचेतना, क्षमता अभिवृद्धि (सुधारिएको चुलो निर्माण)	नीति तथा योजना तर्जुमा, अभ्यास तथा व्यवहार परिवर्तन, अनुगमन तथा नियमन	विपद् जोखिम तथा भूबनावटको अध्ययन र कार्यान्वयन
जमिनको लगत सङ्कलन तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास	अनुकूलित प्रविधि तथा औजार (प्लास्टिक टनेल, प्लास्टिक पोखरी, थोपा सिँचाइ आदि)	वन पैदावारको किफायती तथा दिगो सदुपयोग, वैकल्पिक ऊर्जा, प्रविधि तथा औजार	पिछडिएका वर्ग तथा क्षेत्रमा पानीको उपलब्धता तथा न्यायोचित वितरण र वैकल्पिक ऊर्जा (सुधारिएको चुलो)		स्वास्थ्य सेवाको क्षेत्र विस्तार गर्ने (स्वास्थ्य शिविर)	जोखिमरहित पूर्वाधार निर्माणका लागि सहयोग (भूकम्प प्रतिरोधी घर निर्माणका लागि कमजोर तथा गरिबलाई अनुदान)	विपद् जोखिम न्यूनीकरणका लागि पूर्वाधारको विकास निर्माण (पहिरो नियन्त्रण, कच्ची सडक भएको स्थानमा बाँस तथा अग्रिसो रोपण, अग्निरेखा निर्माण, पानी पोखरी निर्माण तथा संरक्षण
नीति नियमको कार्यान्वयन (भवन निर्माण आचारसंहिता, भूउपयोग नीति कार्यान्वयन	कृषि संरचनाको निर्माण, मर्मत तथा सम्भार (कुलो, नहर, सङ्कलन केन्द्र) बजारीकरण तथा बजार व्यवस्थापन, बिमा, कृषि प्राविधिक सहयोग, नमुना प्रदर्शनी आदि	लक्षित वर्गमुखी कार्यक्रम (आयआर्जन, सिप तथा उद्यम सहयोग)	पानी सञ्चितीकरण, प्रविधि र पाइप लाइन विस्तार जस्ता पूर्वाधार निर्माण तथा विस्तार	पूर्वाधार, संरक्षण वृक्षरोपण, तटबन्ध निर्माण तथा मर्मत सामग्रीको व्यवस्था	फरक क्षमता भएका व्यक्तिहरूलाई स्वास्थ्य उपचारका लागि टोली परिचालन	पूर्वाधार निर्माण तथा मर्मत सुधार (तटबन्ध, बाँध, भूकम्प प्रतिरोधात्मकघर,वातावरण/बालबालिका/अपाङ्गता आदि मैत्री पूर्वाधार)	उच्च जोखिम समुदाय तथा परिवार स्थानान्तरणका लागि जग्गा खोजी र व्यवस्थापन
भूमि व्यवस्थापन शाखा विस्तार		सचेतना, तालिम, गोष्ठी, सञ्जालीकरण	मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण सचेतना तथा राहत कोषको व्यवस्था	आकस्मिक कोष व्यवस्था र परिचालन			विपद् प्रभावित क्षेत्रमा पूर्वानुमान सूचना प्रणाली विकास

४.४ कार्ययोजनाहरू र अनुमानित लागत

तालिका १६ : विस्तृत बजेट

कोड	क्रियाकलाप	एकाइ	परिमाण	अनुमानित लागत	जम्मा लागत	मुख्य जिम्मेवार	सहयोगी निकाय
१	खोज तथा उद्धार र अन्य आकस्मिक सामग्रीहरूको व्यवस्था	स्थान	८	३००,०००	२,४००,०००	वडा कार्यालय	गाउँपालिका र अन्य सङ्घ/संस्था
२	आकस्मिक कोषको व्यवस्था र परिचालन	स्थान	८	५००,०००	४,०००,०००	वडा कार्यालय	गाउँपालिका
३	बाँध निर्माण (तिपेनी, गुन्सा.....)	स्थान	२	५००,०००	१,०००,०००	वडा कार्यालय	प्रदेश सरकार, स्थानीय सरकार, सङ्घ/संस्था,
४	सामुदायिक घर निर्माण	सङ्ख्या	८	१,०००,०००	८,०००,०००	वडा कार्यालय	प्रदेश सरकार, स्थानीय सरकार, सङ्घ/संस्था,
५	जोखिम बस्ती स्थानान्तरण र घर निर्माणमा सहयोग	सङ्ख्या	१००	२००,०००	२०,०००,०००	वडा कार्यालय	प्रदेश सरकार, स्थानीय सरकार, सङ्घ/संस्था, राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरण
६	बाँस तथा अम्रिसो रोपण	सङ्ख्या	२४	५०,०००	१,२००,०००	वडा कार्यालय	प्रदेश सरकार, गाउँपालिका, वन कार्यालय
७	अग्निरेखा निर्माण	सङ्ख्या	८	१००,०००	८००,०००	वडा कार्यालय	प्रदेश सरकार, गाउँपालिका, वन कार्यालय
८	अस्पतालको सेवा सुचारु गरी डाक्टर व्यवस्थापन गर्ने	सङ्ख्या	१	१०,०००,०००	१०,०००,०००	गाउँपालिका	प्रदेश सरकार, सङ्घ/संस्था, स्वास्थ्य मन्त्रालय
९	विपद् जोखिम व्यवस्थापन तालिम	सङ्ख्या	२	४००,०००	८००,०००	वडा कार्यालय	गाउँपालिका, रेडक्रम
१०	चट्याङबाट बच्ने उपायबारे सचेतना	सङ्ख्या	८	४०,०००	३२०,०००	वडा कार्यालय	प्रदेश मन्त्रालय, शिक्षा तथा वन कार्यालय, गाउँपालिका
११	हावाहुरी प्रतिरोधी छाना निर्माण गर्ने तालिम	सङ्ख्या	३	२०,०००	६०,०००	वडा कार्यालय	प्रदेश मन्त्रालय, शिक्षा तथा वन कार्यालय, गाउँपालिका

१२	जोखिम संवेदनशीलभूउपयोग योजना तर्जुमा तथा कार्यान्वयन	सङ्ख्या	१	५,०००,०००	५,०००,०००	गाउँपालिका	विषयगत कार्यालय
१३	जोखिम क्षेत्रको भूगर्भ अध्ययन, योजना निर्माण र कार्यान्वयन	सङ्ख्या	१	१,०००,०००	१,०००,०००	गाउँपालिका	प्रदेश सरकार, गाउँपालिका, राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरण
१४	असिना, बाँदरको समस्याका लागि बाली बिमाको व्यवस्थापन गर्ने वा वैकल्पिक पेसा अवलम्बन गर्ने	सङ्ख्या	१	५००,०००	५००,०००	गाउँपालिका	कृषि शाखा, बिमा कम्पनी, गाउँपालिका
कुल जम्मा					५५,०८०,०००		

खण्ड ५ : योजना कार्यान्वयन

५.१ योजना कार्यान्वयन रणनीति

- विपद् तथा जलवायु उत्थानशील योजनालाई गाउँ कार्यपालिकाको बैठक र गाउँ सभाका सदस्यहरूबीच छलफल गरी स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले स्वीकृत गरेको छ। अतः सम्पूर्ण योजनाको नेतृत्व पाँचपोखरी थाङ्पाल गाउँपालिकाले गर्नेछ।
- प्रभावकारी उत्थानशीलताका लागि यस योजनासँग सम्बद्ध संरचना तथा प्रक्रियाहरूमा स्पष्टता एवं सुशासन कायम हुनु अत्यन्त जरुरी छ। यस योजनाको सफल कार्यान्वयन र समन्वयात्मक भूमिकाका लागि पाँचपोखरी थाङ्पाल गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ अनुकूल हुने गरी निर्वाचित जनप्रतिनिधिहरूको नेतृत्वमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति गठन भएको छ। उक्त समितिको सूची **अनुसूची** ११ मा उल्लेख छ।
- पाँचपोखरी थाङ्पाल गाउँपालिकास्तरका दक्ष तालिम प्राप्त जनशक्ति परिचालन गर्दै जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनका लागि स्थानीय जनसमुदायको क्षमता विकास गरिनेछ।
- स्थानीयस्तरका परम्परागत ज्ञान, सिप, अभ्यास एवम् नवीनतम वैज्ञानिक ज्ञान तथा प्रविधिलाई आवश्यकताअनुसार समायोजन गरी जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनका लागि प्रभावकार ीरूपमा कार्यान्वयन गरिनेछ। आवश्यकताअनुसार सम्बन्धित निकायहरूसँग समन्वय गरी नमुना प्रदर्शनी तथा स्थलगत अनुसन्धानका कार्यक्रमहरूसमेत गरिनेछ।
- योजना कार्यान्वयन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई विशेष प्राथमिकता दिइनेछ। जलवायु परिवर्तन र विपद्को प्रभाव तथा जोखिमबाट भूमिहीनलगायत विपन्न, महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका आदि वर्गमा पर्ने बढी र फरक प्रभाव पर्ने कुरालाई मध्यनजर गरी यस योजनाको कार्यान्वयन प्रक्रियामा समेत सो वर्गलाई विशिष्ट कार्यक्रमका साथै हरेक उपयुक्त कार्यक्रममा विशेष प्राथमिकता दिइनेछ।
- पूर्वतयारीका लागि विशेष प्राथमिकता दिँदै विपद् व्यवस्थापन चक्रका हरेक चरणका लागि कार्यक्रमहरू **अनुसूची** १२ कार्यान्वयन गरिनेछ।
- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई पाँचपोखरी थाङ्पाल गाउँपालिकास्तरीय वार्षिक एवं आवधिक योजनामा समायोजन गरिनेछ। यस योजनाको कार्यान्वयनलाई नीतिगतरूपमा नै प्राथमिकतामा राखी हरेक वार्षिक योजना तर्जुमा प्रक्रियामा कार्यक्रम हेरी टोल विकास समिति, वडा तथा गाउँपालिकास्तरीय कार्यक्रममा समावेश गरी आवश्यक बजेट विनियोजनका साथ कार्यान्वयन गर्ने/गराइनेछ। समायोजन गर्न अपनाउनुपर्ने तौरतरिका **अनुसूची** १३ मा समावेश छ।

- यसरी नै स्थानीय सरकारका वार्षिक योजनामा समावेश नभएका योजनालाई वडामार्फत गाउँपालिका, विषयगत कार्यालयहरू, जिल्ला समन्वय समिति, प्रदेश तथा सङ्घीय सरकारमा पठाइ समायोजन तथा कार्यान्वयनका लागि पहल गरिनेछ।
- यस योजनाका कार्यलाई स्थानीय स्तरमा विद्यमान सरकारी, गैरसरकारी तथा सामुदायिक समूह, संस्था, क्लब तथा उपभोक्ता समितिहरूमार्फत कार्यान्वयन गरिनेछ।
- जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापनका लागि निर्दिष्ट कार्यक्रमहरूका अलावा विकासका नियमित योजनाहरूलाई समेत वातावरणमैत्री, विपद् जोखिमरहित र दिगो बनाउन चेकलिस्ट **अनुसूची** १४ बमोजिम विश्लेषण गरी कार्यान्वयन गर्न जोड दिइनेछ।
- अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणको प्रभावकारिताका लागि अलग्गै कार्यक्रम तथा परियोजना जरुरी पर्छ भन्ने हुँदैन। कार्यक्रमको बृहत् प्रभावकारिताका लागि यी कार्यको सुरुवात व्यक्तिगत बानी व्यवहार, आचरण तथा घर/परिवारदेखिकै अभ्यासमा परिवर्तन गर्न जरुरी देखिन्छ। जुन **अनुसूची** १५ मा उल्लेख छ।
- यस योजनाअन्तर्गतका कार्यक्रमहरू कार्यान्वयन गर्दा स्थानीय तथा लक्षित वर्गको अपनत्वका साथै कार्यक्रमको दिगो प्रभावका लागि आधारभूत सचेतीकरण तथा क्षमता विकास, न्यूनतम स्थानीय योगदान/श्रमदान र समन्वयात्मक सहयोगलाई प्राथमिकता दिइनेछ।
- योजना कार्यान्वयनका सिलसिलामा भए/गरेका सम्पूर्ण पत्राचार, निर्णयहरू तथा आम्दानी खर्चको अभिलेख छुट्टै र दुरुस्त राखिनेछ। यस क्रममा भए/गरेका सम्पूर्ण लेखा तथा अभिलेखहरूलाई स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले नियमितरूपमा अद्यावधिक गर्नेछ।
- यस योजना कार्यान्वयनको सिलसिलामा भए/गरेका निर्णय तथा आम्दानी खर्चको सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखा परीक्षण कम्तीमा पनि वर्षको एक पटक (आर्थिक वर्षको समाप्तिको एक महिनाभित्र) सञ्चालन गरिनेछ। तर समुदाय स्तरबाट बारम्बार प्रश्नहरू उठिरहेमा वा कार्यसमितिले मुनासिव देखेमा अर्धवार्षिकरूपमा समेत सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखा परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- योजना कार्यान्वयनको प्रगति विश्लेषण गरी सोको प्रतिवेदन अर्धवार्षिकरूपमा तयार गरी सम्बन्धित निकायहरूमा पठाइनेछ। तर कुनै दातृ वा सहयोगी संस्था वा निकायसँग गरेको सम्झौताका आधारमा मासिक/त्रैमासिकरूपमा पठाउनुपर्ने भएमा सो सम्झौतालाई ध्यानमा राखी सोहीबमोजिम प्रतिवेदन तयार गरी पेस गरिनेछ।
- यो योजना विभिन्न निकायमा आर्थिक तथा प्राविधिक सहयोगका लागि पेस गरी आवश्यकताअनुसार ताकेता गरिनेछ। योजना कार्यान्वयनका क्रममा वा कार्यान्वयनपश्चात देखिएका सफलताका कथाहरू अभिलेखीकरण गरी प्रचारप्रसार गरिनेछ।

खण्ड ६ : योजनाको अनुगमन, मूल्याङ्कन तथा अद्यावधिक

६.१ योजनाको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन

गाउँपालिकाअन्तर्गत एकीकृत योजनामा समेटिएका सबै घरधुरी तथा सरोकारवालाको प्रत्यक्ष सहभागिता तथा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको अगुवाइमा अनुकूलन कार्ययोजना कार्यान्वयनको अनुगमन कम्तस्मा पनि वार्षिकरूपमा गरिनेछ। अनुगमनका लागि समितिका पदाधिकारीहरूलाई अनुगमनसम्बन्धी अभिमुखीकरणमा सहभागी गराइ सान्दर्भिकता, कार्यकुशलता, प्रभावकारिता, अपेक्षित उपलब्धि हासिल, दीर्घकालीन परिवर्तन जस्ता अनुगमन तथा मूल्याङ्कनका सिद्धान्तहरूलाई अनुशरण गरी नियमित अनुगमन तथा निश्चित समयावधिमा मूल्याङ्कन गरिनेछ।

अनुगमन तथा मूल्याङ्कन समितिले यस योजनाबमोजिम सञ्चालित कार्यक्रम कार्यान्वयनको प्रगति निरीक्षण गर्ने, कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या तथा कमी/कमजोरीलाई सुधार गर्दै छिटो समाधानका लागि समन्वयात्मक र रचनात्मक भूमिका निर्वाह गर्नेछ। यसरी नै अनुकूलन तथा विपद् उत्थानशील कार्ययोजनालाई सघाउन अनुगमन तथा मूल्याङ्कनले सिकाइ, चिन्तन-मनन र पृष्ठपोषणका लागि अवसर प्रदान गर्छ।

कार्यक्रम सञ्चालनका क्रममा कार्यक्रम गुणस्तरीय तथा उद्देश्यमूलक बनाउन सम्बन्धित लाभान्वित वर्ग तथा सम्बन्धित संस्थाहरूको सुझावलाई सम्बोधन गरिनेछ। साथै गाउँपालिका, सम्बन्धित समितिले स्वःअनुगमन तथा मूल्याङ्कन गर्नुका साथै सहयोगी निकायहरूसँग संयुक्तरूपमा समेत कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ। कार्यक्रम सम्पादनपश्चात सम्बन्धित क्रियाकलापको सार्वजनिक लेखा परीक्षण गरिनेछ।

- योजनाको प्रभावकारिता कार्यान्वयन भए/नभएको अनुगमन तथा सुपरीवेक्षणका लागि गाउँपालिका आफैँ, सम्बन्धित वडा तथा समितिहरू सक्रिय रहनेछन्। साथै आवश्यकताअनुसार अलग्गै अनुगमन/वा सल्लाहकार समिति गठन गरी परिचालन गर्न सकिनेछ।
- गाउँपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा यो योजना कार्यान्वयनको समेत अनुगमन तथा मूल्याङ्कन गर्नेछ।
- गाउँपालिकामा गठन भएको अनुगमन समितिले जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापनसम्बन्धी कार्यक्रमको प्रभावकारितासमेत मूल्याङ्कन गरी आवश्यकताअनुसार म्याग्दे

गाउँपालिका स्थानीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समिति र गाउँपालिकामा सिफारिस गर्नेछ।

- यस उत्थानशील योजना कार्यान्वयन गर्ने संस्थाहरूले आफ्नो अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन आफ्नो सम्बन्धित कार्यालयका साथै गाउँपालिकामा बुझाउने छन्। अनुगमन तथा मूल्याङ्कन गर्दा स्थानीय सरकारअन्तर्गत सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनका लागि तय गरिएका सूचकबमोजिम अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ। विस्तृत अनुगमन तथा मूल्याङ्कन योजना **अनुसूची १६** मा समावेश छ।
- गाउँपालिकाले प्रत्येक ६/६ महिनामा विषयगत कार्यालय तथा वडाको सहभागितामा यस योजनाको समीक्षा गर्नेछ जसमा कुन सरकारी कार्यालयले जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका के विषयहरू योजना गरिएका थिए र कति कार्यान्वयन भए र आगामी ६ महिनामा के काम गर्ने भन्ने योजना बनाइनेछ।

६.२ योजनाको अद्यावधिक

योजना कार्यान्वयनका क्रममा भएका पाठ सिकाइ, अनुभव र चुनौती, सुधार गर्नुपर्ने विषयवस्तु समावेश गरी सहज र प्रभावकारी बनाउनका लागि योजनालाई आवश्यकताअनुसार अद्यावधिक गर्दै लगिनेछ। यो योजनाको कुल अवधि ५ वर्ष राखिए तापनि प्रत्येक २ वर्षमा मूल्याङ्कन, समीक्षा तथा पुनरावलोकन र पाँच वर्षमा योजनाको बृहत् पुनरावलोकन गरी अद्यावधिक गरिनेछ।

अनुसूची

अनुसूची १ : जनसङ्ख्याका आधारमा पेसागत विवरण

तालिका १७ : पेसागत विवरण

घरधुरीको आधारमा पेसा/व्यवसाय				जनसङ्ख्याका आधारमा पेसा/व्यवसाय	
क्र.स.	विवरण	परिवार सङ्ख्या	प्रतिशत	परिवार सङ्ख्या	प्रतिशत
१	कृषि	१९४४	२४.९२	६,३०२	१८.१६
२	वैदेशिक रोजगार	३,३८४	४३.३७	८,३७४	२४.१३
३	व्यापार	६४४	८.२६	६४४	१.८५
४	सरकारी जागिर	३०८	३.९४	३११	०.८९
५	शिक्षक	१७४	२.२२	७६२	२.१९
६	निजी क्षेत्रमा जागिर	३५०	४.४९	३५०	१
७	अन्य पेसा/व्यवसाय	९९९	१२.८०	९३५	२.७०
जम्मा		७,८०३	१००	१७,६७८	५०.९२

स्रोत : *परिवेश विश्लेषण तथा रणनीतिक कार्ययोजना, २०७५*

अनुसूची २ : उमेरअनुसार जनसङ्ख्या विवरण

तालिका १८ : उमेरअनुसार जनसङ्ख्या विवरण

उमेर	लिङ्ग	वडा नं.								
		१	२	३	४	५	६	७	८	जम्मा
जनसङ्ख्या ०-५	म	१५१	१३३	२२८	१६९	१६५	१९३	३०३	१३०	१४७२
	पु	१५०	१६३	२३६	२०८	१६४	१९४	३२५	१६२	१६०२
जनसङ्ख्या ६-१८	म	३६७	४७०	५३६	५४७	४०६	६१७	६७०	४५२	४०६५
	पु	४०५	५३०	६१२	५३८	४६०	६५३	७००	४३९	४३३७
जनसङ्ख्या १९-४५	म	१०३८	९२५	११०५	१०९४	७४२	११८५	११२७	७५४	७९७०
	पु	१००५	९७१	१२०६	१०८९	७५६	१२६६	११८७	७९३	८२७३
जनसङ्ख्या ४६-७४	म	३८३	३६५	४०८	४६७	२४६	४३८	४८३	३१६	३१०६
	पु	३९०	३८८	४२७	४७२	२८९	४३४	५१३	३२१	३२३४
जनसङ्ख्या ७५ भन्दा माथि	म	५२	५०	२६	६३	२३	४१	६९	२७	३५१
	पु	३४	३७	२९	६१	२०	२९	४५	३२	२८७
जम्मा		३९७५	४०३२	४८१३	४७०८	३२७१	५०५०	५४२२	३४२६	३४६९७

स्रोत : *परिवेश विश्लेषण तथा रणनीतिक कार्ययोजना, २०७५*

अनुसूची ३ : अपाङ्गताको विवरण

तालिका १९ : अपाङ्गता विवरण

गाविस	लिङ्ग	भौतिक अशक्त	कम देख्ने, दृष्टिविहीन	सुस्त श्रवण, बहिरा	अन्धा बहिरा	बोल्न नसक्ने	मानसिक रोगी	सुस्त मनस्थिति	जम्मा	बहु अपाङ्गता
बाँसखर्क	दुवै	१३	७	११	०	३	४	०	३८	३
	महिला	५	४	६	०	२	२	०	१९	०
	पुरुष	८	३	५	०	१	२	०	१९	३
बरुवा	दुवै	२३	१६	११	०	८	१	१	६०	४
	महिला	९	८	३	०	३	१	०	२४	१
	पुरुष	१४	८	८	०	५	०	१	३६	३
भोताङ	दुवै	१२	१३	५	०	४	१	१	३६	३
	महिला	४	८	४	०	०	१	१	१८	०
	पुरुष	८	५	१	०	४	१	०	१९	३
थाङ् पालकोट	दुवै	१३	५	१७	०	९	५	२	५१	०
	महिला	६	१	७	०	४	३	१	२२	०
	पुरुष	७	४	१०	०	५	२	१	२९	०
थाङ् पालधाप	दुवै	१५	६	६	०	२१	२	२	५२	३
	महिला	५	२	१	०	९	१	१	१९	२
	पुरुष	१०	४	५	०	१२	१	१	३३	१
भोटेनाम्लाङ	दुवै	४४	१७	३	१	१५	२	५	८७	५
	महिला	२०	८	०	१	७	०	२	३८	३
	पुरुष	२४	९	३	०	८	२	३	४९	२
लागर्चे	दुवै	२५	८	९	३	६	३	२	५६	८
	महिला	९	३	३	१	१	१	०	१८	४
	पुरुष	१५	५	६	२	५	२	२	३७	४
जम्मा	दुवै	१४५	७२	६२	४	६६	१८	१३	३८०	२६
	महिला	५८	३४	२४	२	२६	९	५	१५८	१०
	पुरुष	८६	३८	३८	२	४०	१०	८	२२२	१६

स्रोत : *परिवेश विश्लेषण तथा रणनीतिक कार्ययोजना, २०७५*

अनुसूची ४ : पहिरो तथा भेल बाढीको जोखिमले परेका असर

तालिका २० : पहिरो तथा भेल बाढीले पारेको असर

वडा	जोखिम क्षेत्र	जोखिम घरधुरी	जोखिम जनसङ्ख्या	जग्गाको क्षति, रोपनी	भौतिक संरचनाको क्षति							
					विद्यालय	स्वास्थ्य चौकी	पिउने पानी	सिँचाइ	विद्युत् गृह	मन्दिर	गुम्बा	सडक
१	वज्रेटोल जतन	१२०	५१६									१
	वक्तिवारी	७	३१									
	ठूलो घर, मन्दीगाउँ	११	४७					१				
	बिक टोल जतन	७	३२									१
	ग्युमराङ टोल	१६	६४									
	घट्टाबारी टोल	७	२८			.						
	मावली देवी टोल	६	२४									
	धार्ना सिँचाइ							१				
	चिलाउने सिँचाइ											
२	सिम्पानी	१०	२६	३				२				१
	मनिडाँडा	६	३०	२			१					
	तेङचेत	४	२४	६				१				१
	माकुचेत	१३	४०	५								
	कामीटोल बरुवा	६	२५	११								
	डनम्रङ	४	१६	५								१
	कोम्रङ	५	१९	२								
	कामी टोल बोल गाउँ	९	३५	१०			१					
	बरुवा श्री चण्डिका मावि				१		१					१
	याङ्ग्री	१२	५२	८	१			१				१
	डाले	२२	७०	२५			१					
	बरुवा स्वास्थ्य चौकी	२	६	४		१						१
३	लार्के	९	२८	१९.५								
	भोताङ	८										
	जम्राङ	७	२६	४४								१
	मिगाउँ	४	२६	२०								
	मनिघङ	८	३८	६					२		२	
	माझिगाउँ	१६	६८	३८								

वडा	जोखिम क्षेत्र	जोखिम घरधुरी	जोखिम जनसङ्ख्या	जग्गाको क्षति, रोपनी	भौतिक संरचनाको क्षति							
					विद्यालय	स्वास्थ्य चौकी	पिउने पानी	सिँचाइ	विद्युत् गृह	मन्दिर	गुम्बा	सडक
४	तेन्जिङचोक बिक टोल	२										१
	खलङ्गा	८	५७									
	घट्टेडाँडा टोल	७	३४									
५	साविक ७ मांसाङ टोल	२	११									१
	च्यो च्यो डाँडा											
६	घट्टेडाँडा टोल	१६	६०	१५			१					१
	धाप लप्से	६	२६						१			
	टार	४	१५	१								१
	धिताल टोल	१	५	१								
	थुम्की टोल	११	४४	४								
	देउजा तामाङको घर	१	४	३								
	मुडे घङ टोल	१४	४८	३०								१
	घट्टेडाँडा टोल	१६	६०	१५			१					१
	सुनार टोल	१	६	२								
	स्याले	१८	९६	१५			१					१
७	पहिरो तथा खोला कटानबाट तिपेनी	२५	११०	०	१	१			५			१
	दनुवार बस्ती पहिरोको	१५	८०	६०					७	१		१
	माझीरुम्टी बस्ती पहिरोको जोखिममा	१५	७५	६०						१		
	पहिरोको जोखिममा रहेको नेवार टोल	१५	९०	२५	१			२				
	फाप्रेटोल	३	१५	१५					५	२		
	काफ्ले टोल	२७	१५७	३०	१							
	वडा कार्यालयछेउ पहिरो					१						
	कुन्था टोल			१५०								
	ककनी टोल	१	९						५			
	तोहयाङ टोल	२	२१						१			
	गोप्रे	२	८	१०	१				१		१	
	कातोङ टोल	२	१०						१			

वडा	जोखिम क्षेत्र	जोखिम घरधुरी	जोखिम जनसङ्ख्या	जग्गाको क्षति, रोपनी	भौतिक संरचनाको क्षति							
					विद्यालय	स्वास्थ्य चौकी	पिउने पानी	सिँचाइ	विद्युत् गृह	मन्दिर	गुम्बा	सडक
८	बाढी, खम्रे बालुवा	१५	५६	१००								
	ढाडेँखोला बाढीको जोखिम	५		२०								
	बाढी र पहिरोको जोखिममा तिपेनी	२९	१५८				१					१
	पहिरोको जोखिममा खाल्डे बस्ती	१८	८५	१००						१		१
	सोले बस्ती	२१	९०	६०								
	बुलोन टोल	४	१८									
	आगे टोल	६	३५									
	खत्री टोल	४	१५			१						
	कार्की टोल	५	१६									
	बिक टोल साविक ३	७	४५									
	भीमसेन थान टोल	६										
	साविक १	६	३८									
	गुन्सा टोल	१२	७०									
	सुनखानी						१					
	पिडालु चौर	८	२७									

स्रोत : *सङ्कटासन्नता क्षमता विश्लेषण, २०७७*

अनुसूची ५ : वडागत सङ्कटासन्नताको अवस्था

तालिका २१ : सङ्कटासन्नताको अवस्था

वडा नं.	मानवीय क्षति	प्रभावित परिवार	घरको क्षति	आर्थिक क्षति	खेतीयोग्य भूमि र वन क्षेत्रको क्षति	सामाजिक क्षति	विगतमा भएका विपद्का घटनाक्रम	बाली लगाउने भित्र्याउने समयमा परिवर्तन	तापक्रममा आएको परिवर्तन	जोखिमले भविष्यमा पार्न सक्ने असर	स्रोतको उपलब्धता तथा पहुँच	संस्थागत क्षमता	जनसङ्ख्याको विश्लेषण	स्थानीय ज्ञान, सिप, क्षमता र प्रविधि	जम्मा अङ्क	सङ्कटासन्नताको स्तर
१	६	३	३	३	१	२	३	३	३	३	२	२	२	३	३९	उच्च
२	६	३	३	३	२	२	३	३	२	३	२	२	२	३	३९	उच्च
३	६	३	३	२	१	१	२	२	२	२	२	२	२	२	३२	न्युन
४	६	३	३	३	१	२	३	२	२	२	२	२	२	२	३५	मध्यम
५	६	३	३	३	२	२	३	२	२	२	२	२	२	१	३५	मध्यम
६	६	३	३	३	२	२	३	२	३	३	२	२	२	२	३८	मध्यम
७	६	३	३	३	२	२	३	२	३	३	२	२	२	३	३९	उच्च
८	६	३	३	३	३	२	३	२	३	३	२	२	२	२	३९	उच्च

स्रोत : *सङ्कटासन्नता क्षमता विश्लेषण, २०७७*

अनुसूची ६ : वडास्तरीय सङ्कटासन्नता स्तरीकरण

तालिका २२ : सङ्कटासन्नता स्तरीकरण

वडा नं. १ : बाँसखर्क

क्र.स.	टोल	प्रकोप तथा विपद्	उच्च सङ्कटासन्न	मध्यम सङ्कटासन्न	न्यून सङ्कटासन्न	जम्मा
१	बज्रेखोर	पहिरो	८	११२	०	१२०
२	वक्तीवारी	पहिरो	७	०	०	७
३	ठूलो घर	पहिरो	११	०	०	११
४	बिक टोल	पहिरो	७	०	०	७
५	ग्युमराङ	पहिरो	०	१६	०	१६
६	घट्टाबारी	पहिरो	०	०	७	७
जम्मा			३३	१२८	७	१६८

वडा नं. २ : बरूवा

क्र.स.	टोल	प्रकोप तथा विपद्	उच्च सङ्कटासन्न	मध्यम सङ्कटासन्न	न्यून सङ्कटासन्न	जम्मा
१	सिम्पानी	पहिरो	४	६	०	१०
२	मनिडाँडा	पहिरो	०	०	६	६
३	तेङचेत	पहिरो	०	४	०	४
४	माकुचेत	पहिरो	०	१३	०	१३
५	कामी टोल	पहिरो	६	०	०	६
६	डनम्राङ	पहिरो	०	४	०	४
७	कम्राङ	पहिरो	०	४	०	४
८	बोल गाउँ बिक टोल	पहिरो	९	०	०	९
९	याङ्ग्री	बाढी	१६	०	०	१६
१०	डाले	पहिरो	३२	०	०	३२
११	स्वास्थ्य चौकी टोल	पहिरो	२	०	०	२
जम्मा			६९	३१	६	१०६

वडा नं. ३ : भोताङ

क्र.स.	टोल	प्रकोप तथा विपद्	उच्च सङ्कटासन्न	मध्यम सङ्कटासन्न	न्यून सङ्कटासन्न	जम्मा
१	लार्के	पहिरो	९	०	०	९
२	भोताङ	पहिरो	६	२	०	८
३	जम्राङ	पहिरो	७	०	०	७
४	मिगाउँ	पहिरो	४	०	०	४
५	मनिगाउँ	पहिरो	९	७	०	१६
जम्मा			३५	९	०	४४

वडा नं. ४ : थाङ्पालकोट

क्रस	टोल	प्रकोप तथा विपद्	उच्च सङ्कटासन्न	मध्यम सङ्कटासन्न	न्यून सङ्कटासन्न	जम्मा
१	घट्टेडाँडा	पहिरो	२	३	२	७
२	खलङ्गा	ढुङ्गा खस्ने	८	०	०	८
३	बिक टोल तेर्नजङ चोक छेउ	पहिरो	२	०	०	२
जम्मा			१२	३	२	१७

वडा नं. ५ : गुन्सा

क्र.स.	टोल	प्रकोप तथा विपद्	उच्च सङ् कटासन्न	मध्यम सङ् कटासन्न	न्यून सङ् कटासन्न	जम्मा
१	च्योच्यो डाँडा	पहिरो	०	५०	२०	७०
२	माडसाङ	पहिरो	१	१	०	२
जम्मा			१	५१	२०	७२

वडा नं. ६ : थाङ्पाल धाप

क्र.सं.	टोल	प्रकोप तथा विपद्	उच्च सङ् कटासन्न	मध्यम सङ् कटासन्न	न्यून सङ् कटासन्न	जम्मा
१	स्याले	पहिरो	१८	६	१	२५
२	थुम्की	पहिरो	४	३	१	८
३	लप्से	पहिरो	१०	०	०	१०
४	घट्टेडाँडा	पहिरो	५	२	१	८
५	धिताल टोल	पहिरो	१	१	०	२
६	मुडे डाँडा	पहिरो				२०
७	कृष्णबहादुर	पहिरो	१	०	०	१
८	देउजा तामाङ	पहिरो	१	०	०	१
९	धापडाँडा टोल	पहिरो	०	१५	०	१५
१०	थले टोल	पहिरो	०	१५	०	१५
जम्मा			६०	४२	३	१०५

वडा नं. ७ : भोटेनाम्लाङ

क्र.सं.	टोल	प्रकोप तथा विपद्	उच्च सङ् कटासन्न	मध्यम सङ् कटासन्न	न्यून सङ् कटासन्न	जम्मा
१	तोह्याङ टोल	पहिरो	०	२	०	२
२	काफ्ले टोल	पहिरो	१	०	०	१
४	नेवार टोल	पहिरो	१०	०	०	१०
५	धारा खोला	पहिरो	३	०	०	३
६	नेवार टोल	पहिरो	३	०	०	३
७	कोताङ टोल	पहिरो	२	०	०	२
८	सार्की टोल	पहिरो	२	०	०	२
९	मूलघर टोल	पहिरो	२	०	०	२
१०	काफ्ले टोल	पहिरो	३	०	०	३

क्र.सं.	टोल	प्रकोप तथा विपद्	उच्च सङ्कटासन्न	मध्यम सङ्कटासन्न	न्यून सङ्कटासन्न	जम्मा
११	जल्के टोल	पहिरो	१	०	०	१
१२	दनुवार टोल	पहिरो	८	०	०	८
१३	फाप्रे टोल	पहिरो	०	६	०	६
१४	माझी रुम्टी	पहिरो	१५	४	३	२२
१५	तिपेनी	बाढी	५	२४	०	२९
जम्मा			५५	३६	३	९४

वडा नं. ८ : लागर्चे

क्र.सं.	टोल	प्रकोप तथा विपद्	उच्च सङ्कटासन्न	मध्यम सङ्कटासन्न	न्यून सङ्कटासन्न	जम्मा
१	खम्नेबालुवा	बाढी	०	१५	०	१५
२	सोले टोल	पहिरो	१३	०	०	१३
३	तिपेनी	पहिरो	३२	०	०	३२
४	लप्से	पहिरो	२	०	०	२
५	थापा टोल	पहिरो	२	०	०	२
६	बिक टोल	पहिरो	१	५	०	६
७	घ्याङ टोल	पहिरो	२	०	०	२
८	महत टोल	पहिरो	१	०	०	१
९	ढुङ्गे टोल	पहिरो	१	०	०	१
१०	आँगे टोल	पहिरो	९	३	०	१२
११	खड्का टोल	पहिरो	१	०	०	१
१२	पौडेल टोल	पहिरो	१	०	०	१
१३	अधिकारी टोल	पहिरो	२	०	०	२
१४	लामा टोल	पहिरो	१	०	०	१
१५	बिसौना टोल	पहिरो	१	०	०	१
१६	कार्की टोल	पहिरो	०	६	०	६
जम्मा			६९	३४	०	९८

स्रोत : *सङ्कटासन्नता क्षमता विश्लेषण, २०७७*

अनुसूची ७ : स्रोतको उपलब्धता तथा पहुँच

तालिका २३ : वडाअनुसार स्रोतको उपलब्धता तथा पहुँच

वडा नं. १, बाँसखर्क

विवरण	नाम र रहेको स्थान	सङ्ख्या	क्षमता	अवस्था
भौतिक स्रोत				
पुल	झोलुङ्गे पुल र चिनिया पुल	२	एक पटकमा २५ जनासम्म आवतजावत गर्न मिल्ने	राम्रो
सडक	दाउचे केउरिनी, पोखे भञ्ज्याङ बाँसखर्क जतन, ड्यामसाइड वडा कार्यालय याङ् ग्रीखोर, चिन्डे मणि गाउँ वडा कार्यालय, चिन्डे जतन	५	१० टनसम्मको क्षमता भएको	कच्ची सडक
विद्यालय भवन	भीम विद्याश्रम मावि, जनहित आवि र बालविकास आवि	३	१ हजार विद्यार्थी व्यवस्थापन गर्न सकिने	भूकम्प प्रतिरोधी पक्की भवन
यातायतका साधन	बस, ट्रिपर, भ्यान, जिप, कार, ट्रक मोटरबाइक	१०	ढुवानीमा सहजता	राम्रो
लाइफ ज्याकेट	वडा कार्यालय	५	उपयोग गर्न मिल्ने	प्रयोग गर्न मिल्ने
सामुदायिक भवन	बाँसखर्क ४ र जतन ४	८	२०० जना व्यवस्थापन गर्न सकिने	निर्माणको क्रममा
मानव संसाधन				
आधारभूत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति	बाँसखर्क	३	खोज तथ उद्धारमा आधारभूत जानकारी	पुनर्ताजगी तालिमको आवश्यकता
ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता	९ जना स्वास्थ्य स्वयम्सेविका, १ जना अहेव, १ जना नर्स	११	९५७ घरधुरीमा सेवा दिइरहेको	सबै जना सक्रिय तथा सेवा प्रवाह गरिरहेका
तालिम प्राप्त कृषि प्राविधिक	वडास्तर	१	कृषिसम्बन्धी जानकारी दिन सक्ने	सेवा प्रदान गरिरहेका
शिक्षक	भीमविद्या १०, जानहित ५, बालविकास ५	२०	अध्यापन गराइरहेका	राम्रो
कर्मचारी	बाँसखर्क २१, जतन ११	३२	काम गरिरहेका	ठीकै
सिकर्मी	बाँसखर्क ९, जतन ६	१५	काम गर्न सक्ने गाउँमै जनशक्ति	निरन्तर परिचालन
डकर्मी	बाँसखर्क १४, जतनमा ६ जना	३०	गाउँमा काम गरिरहेको	निरन्तर परिचालन
सामाजिक स्रोत				
पाटी पौवा	बाँसखर्क र जतनमा प्रतीक्षालय	८	ज्येष्ठ नागरिकले उपयोग गर्न मिल्ने	ठीकै

विवरण	नाम र रहेको स्थान	सङ्ख्या	क्षमता	अवस्था
पिउने पानी	वडा नं. २ भरी ५३५ घरमा पिउने पानीको धारा	५३५	९५७ घर/परिवारका लागि पिउने पानी सेवा	राम्रो
मठमन्दिर	वडा नं. २ भरी ८ वटा मठमन्दिर	८	बाँसखर्क र जतनका सामुदायले पूजा सञ्चालन गर्दै आएका	राम्रो
सामाजिक संरचना				
महिला/आमा /अपाङ्गता भएका व्यक्तिहरूको समूह	बरुवा (आमा समूह)	१	समुदायमा महिलाहरूको सवालमा वकालत गरिरहेको	नियमित बैठक, छलफल तथा परिचालन
आयआर्जनमा सक्रिय महिला समूह	घरमा गलैँचा बुन्ने तान राखेर महिलाहरू समूहमा सक्रिय रहेका	५६	आर्थिक सङ्कलन र निरन्तर बचत गर्दै आएका	राम्रो
निर्णय तहमा भएका महिला	कमला थापा, पालिका सदस्य	१	निरन्तर सक्रिय सहभागी	राम्रो
आर्थिक स्रोत				
व्यापार/व्यवसाय	बाँसखर्क ९ र जतन ८	१७	आवश्यक सामग्री उपलब्ध गराएको	ठीकै
उद्योग	३० पुरुष र १० महिला	४०	केहीले समुदायमै रोजगारी पाउन सक्ने	ठीकै
नोकरी	गरिबी निवारण सहकारी	३०		ठीकै
बचत समूह	बाँसखर्क १ र जतन १	२५५	नियमित बैठक, बचत सङ्कलन र परिचालन	राम्रो
ब्याङ्क तथा वित्तीय संस्था	बाँसखर्कमा २	३२१	निरन्तर सञ्चालनमा	ठीकै

वडा नं. २ : बरूवा

विवरण	नाम र रहेको स्थान	सङ्ख्या	क्षमता	अवस्था
भौतिक स्रोत				
झोलुङ्गे पुल	इन्द्रावती पुल (बरुवा-धाप), भ्रोम्रङ पुल, महाकाल पुल, याङ्ग्री पुल, ङ्यालदाङ खोला (बोलगाउँ-याङ्ग्री), सुनचौर पुल, सिम्पानी खोला पुल, सीमपानी घट्टेखोला पुल, ताङ्रे पुल, छ्युथक्पा पुल, डाले पुल	१२	६० जनासम्म आवतजावत गर्न सकिन्छ	राम्रो
सडक	बरुवा, याङ्ग्री, डाले,	१०	ट्रक तथा साना गाडी आवतजावत गर्न सक्ने	कच्ची
विद्यालय भवन	चण्डिका मा.वि. बरुवा, गणेश प्रा.वि. सिम्पानी, धन्नज्वाला प्रा.वि. बोलगाउँ, याङ्ग्री एकेडेमी	६	१५८० विद्यार्थी अध्ययन गर्न सक्ने	राम्रो

विवरण	नाम र रहेको स्थान	सङ्ख्या	क्षमता	अवस्था
यातायातका साधन	बस, ट्रक, मोटरसाइकल, ट्रिपर	१५	स्थानीय सामग्रीहरू ढुवानी गर्न सहयोग पुग्ने	ठीकै
लाइफ ज्याकेट	बडा कार्यालयमा	४	उपयोगमा आउने	राम्रो
मानव संसाधन				
आधारभूत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति	बरुवा, स्कुलटोल, याङ्ग्री, डाले, बोलगाउँ	२४	खोज तथा उद्धारको साधारण जानकारी भएको	समुदायमै रहेका
ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता	९ जना महिला स्वास्थ्य स्वयम्सेवक, १ जना अहेव, २ जना नर्स (प्रसूति सेवासहित)	१२	८४० घर/परिवारलाई सेवा दिइरहेको	राम्रो
तालिम प्राप्त कृषि प्राविधिक	धनबहादुर बिक, छुल्टिमा लामा	२	सक्रिय	सेवा प्रवाह गर्दै आइरहेका
शिक्षक	वडा नं. २ को ६ वटा विद्यालयमा	३०	सक्रिय	राम्रो
सामाजिक स्रोत				
सामुदायिक भवन	१ वोल गाउँ, २ कामी टोल, ३ माकुचेत	३	१५० जना .व्यक्तिलाई व्यवस्थापन गर्न सकिने	राम्रो सञ्चालनमा आएको
पिउने पानी वितरण	सार्वजनिक धारा १५५ र ६ सय भन्दा बढी घर/परिवारमा पिउने पानी धारा छ	७५५	८४० परिवारलाई पिउने पानीको सेवा उपलब्ध गराएको	राम्रो
मठमन्दिर	बरुवाभरि	२	बरुवाको समुदायले पुजा सञ्चालन गर्दै आएका	
सामाजिक संरचना				
महिला/आमा /अपाङ्गता भएका व्यक्तिहरूको समूह	बरुवा, याङ्ग्री, बोलगाउँ, डालेमा गरी १० वटा आमा समूह	१०	नियमित बैठक र महिलाको सवालको वकालगत गर्दै आएको	समुदायमा जनचेतनाका काममा सक्रिय
निर्णय तहमा भएका महिला	रेन्जेन लमिनी महिला सदस्य	१	सक्रिय	स्थानीय स्तरमा सेवा प्रवाह गरिरहेका
आर्थिक स्रोत				
उद्योग कलकारखाना	सहमिल	२	बरुवाको समुदायलाई पिठो पिस्न र चालम पेल्न सहयोग पुगेको छ	राम्रो छ
विपद् व्यवस्थापन कोष	विपद् व्यवस्थापन कोष सञ्चालन सुरु भएको छ	१	२२ हजार	पर्याप्त छैन, साथै परिचालन भएको छैन
ब्याङ्क तथा वित्तीय संस्था	आमा याङ्ग्री, कृषि कोष सहकारी संस्था, बरुवा साफ महिला कृषि सहकारी	२	सामुदायलाई ऋण लिन सहज भएको छ	राम्रो

वडा नं. ३ भोताङ

विवरण	नाम र रहेको स्थान	सङ्ख्या	क्षमता	अवस्था
भौतिक स्रोत				
पुल	भोताङ ३ छिम्ती, (ग्युङ्गर खोला झोलुङ्गे पुल) ताँगु खोला झोलुङ्गे पुल कक्ट्र्याङ कुक्टुङ झोलुङ्गे पुल रूपा बाटो इन्द्रावती खोला लार्के	३	३०-४० ओहोर दोहोर गर्न मिल्ने	भूकम्पको कारण मर्मत गर्नु पर्ने
सडक	याङ्ग्रीदेखि लार्के, मेलाम्ची-भोताङ-देउराली, ग्यालसिङ शाखा, भोताङ-याङ्ग्री, मजुवा-गोरयाङ, शाखा, यार्सा-याङ्री, यार्सा-माथिल्लो ह्यान, कृषि सडक (मञ्जुवा), मिगाउँ-जम्रङ, घिम्ती शाखा, लार्के मोटर बाटो, सोलिङ	१२	साना सवारी साधन सबै स्थानमा जान सक्ने	वर्षामा समस्या
विद्यालय भवन	लार्के आ.वि. (२ कोठे) छिम्ती, श्री आ. वि. मिगाउँ, श्री सातकन्या आ.वि., भोताङ देवी मा. वि., श्री गणेश आ.वि. मञ्जुवा	५	५ सय विद्यार्थी अध्ययन गर्न सक्ने भूकम्प प्रतिरोधी भवन	नियमित सञ्चालनमा आएको
सुरक्षित आवास तथा स्थान	आमा समूह भवन, लार्के	१	४० जनासम्मलाई व्यवस्थापन गर्न सकिने	ठीकै
सामुदायिक चर्पी	छिम्ती सामुदायिक चर्पी, यार्सा चिहान घर चर्पी, भोताङ चिहान घर	३	खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्न सहयोग पुगेको	राम्रो
यातायातका साधन	बस, जिप, ट्रक, टिपर, बाइक, स्कुटर, एम्बुलेन्स	३१	दुवानी र यात्रामा निरन्तर सञ्चालन	राम्रो
मानव संसाधन				
आधारभूत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति	उद्धार समिति भोताङ	१५	खोत तथा उद्धारसम्बन्धी आधारभुत जानकारी भएका	गाउँमै रहेको
ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता	९ जना स्वास्थ्य स्वयम्सेविका, २ डाक्टर, ४ नर्स	१५	स्वास्थ्य चौकी र धुलिखेल अस्पतालको शाखा रहेको	सहयोगी कार्यमा सक्रिय
सिकर्मी	भोताङ १५० जना तालिम प्राप्त सिकर्मी छन्	१५०	आवास निर्माणमा अनुभवी जनशक्ति	राम्रो
डकर्मी	तालिम प्राप्त ५०० जना डकर्मी छन्	५००	आवास निर्माणमा अनुभवी जनशक्ति	राम्रो
सामाजिक स्रोत				
सामुदायिक भवन	१ वटा सामुदायिक वन	१	१०० जनालाई व्यवस्थापन सकिने	ठीकै
पिउने पानी वितरण धारा	६५५ घरधुरीमा पिउने पानी धारा	६५५	९५४ घर/परिवारमा पिउने पानीको सुविधा पुगेको छ	राम्रो

विवरण	नाम र रहेको स्थान	सङ्ख्या	क्षमता	अवस्था
सामाजिक संरचना				
महिला/आमा/अपाङ्गता भएका व्यक्तिहरूको समूह	विभिन्न टोलमा गरी ९ वटा आमा समूह छ	९	महिलाहरूको नियमित बैठक र परिचालन	राम्रो
प्रयत्नशील महिला सञ्जाल	वडा नं. ३	१	११ कार्य (समिति)	सक्रिय
स्वास्थ्य आमा समूह	साविक ९	९	नियमित परिचालन	सक्रिय
भोताङ अपाङ्ग समिति	भोताङ	१	७ जना	सक्रिय
आयआर्जनमा सक्रिय महिला समूह	प्रयत्नशील महिला समूह भोताङ ३	१	११ कार्यसमिति	अचार बनाउने र बिक्री, सिलाइ बुनाइ
निर्णय तहमा भएका महिला	मीनाकुमारी तामाङ, उषा सुनार	२	छलफलमा सक्रिय सहभागी	सक्रिय
आर्थिक स्रोत				
व्यापार/व्यवसाय	सामान्य किराना पसल, होटल पसल, होमस्टे, बेकरी, पार्लर, कस्मेटिक, फेन्सी, स्टेसनरी	३७	समुदायमा खाद्यान्नलगायत सामग्री उपलब्ध हुने	राम्रो
नोकरी	सरकारी जागिर	५	विभिन्न क्षेत्रमा परिचालन	ठीकै
विपद् व्यवस्थापन कोष	वडा विपद् व्यवस्थापन	१	३ लाख बचत	परिचालन

वडा नं. ४ : थाङ्पालकोट

विवरण	नाम र रहेको स्थान	सङ्ख्या	क्षमता	अवस्था
भौतिक स्रोत				
झोलुङ्गे पुल	माकाल पुल, गहते पुल, घट्टेपाखा पुल, हाँडीखोला पुल	४	एक पटकमा २० जनासम्म हिँड्न मिल्ने	केही मर्मत गर्नुपर्ने
सडक	तिपेनीदेखि भोताङ, फ्याफुल्लादेखि चिलाउने ढाडखर्कदेखि टालटुले स्कुल, मानेखर्कदेखि खलङ् गाटार, तेन्जिङचोकदेखि नागीडाँडा, खलङ्गाटारदेखि नागीडाँडा, तेन्जिङचोकदेखि पल्ध्याङ चिलाउनेदेखि माकल	८	१० टनसम्मको भार क्षमता	सञ्चालनमा रहेको
विद्यालय भवन	सातकन्या आवि चिलाउने, चिलाउने मावि मानेखर्क, रैथाने मावि रैथाने, टालटुले आवि कोटगाउँ	४	८४५ सम्म विद्यार्थी सङ्ख्या अट्ने	राम्रो

विवरण	नाम र रहेको स्थान	सङ्ख्या	क्षमता	अवस्था
सुरक्षित आवास तथा स्थान	मानेखर्क टोल सुधार समिति मानेखर्क, पेमाथाङ, खेल मैदान चिलाउने, रैथाने खेल मैदान रैथाने, टालटुले आवि खेल मैदान	५	१६०० जना अट्न सक्ने	राम्रो
यातायातका साधन	बस, निजी पजेरो, मोटरसाइकल, ट्रक	३०	सामग्री ढुवानी र यातायात सञ्चालन	राम्रो
मानव संसधन				
आधारभूत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति	थाङ्पालकोट	२५	आधारभूत जानकारी भएको	गाउँमै भएको
ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता	९ जना स्वास्थ्य स्वयमूसेविका, १ जना अहेव	१०	९७२ घर/परिवारलाई सेवा दिएको	राम्रो
शिक्षक	सबै विद्यालय	३६	सक्रिय	राम्रो
कर्मचारी	वडा कार्यालय	६	सक्रिय	राम्रो
डकर्मी	वडाभरिमा ६० जना अनुभवी डकर्मी छन्	६०	सक्रिय	राम्रो
प्लम्बर	अनुभवी १० जना पाइपसम्बन्धी काम गर्ने जनशक्ति	१०	सक्रिय	राम्रो
इलेक्ट्रिसियन	पालिकाभरि १५ जना अनुभवी बिल्डिङ इलेक्ट्रिसियन छन्	१५	सक्रिय	राम्रो
सामाजिक स्रोत				
सामुदायिक भवन	कोट गाउँ	१	४० जनासम्म अट्ने	राम्रो
पाटी पौवा	चिहान डाँडा पाटी	१	सार्वजनिक स्थलमा	राम्रो
पिउने पानी वितरण धारा	निजी निर्माणाधीन अवस्था सार्वजनिक धारा	४००	९७२ परिवारलाई पिउने पानी सेवा उपलब्ध गराएको	राम्रो
आर्थिक स्रोत				
व्यापार/व्यवसाय	सामान्य खाद्यान्न पसल	२०	सहजरूपमा खाद्यान्न उपलब्ध गराउन सकिने	ठीकै
नोकरी	विभिन्न नियकामा गरी २० जना क्रियाशील छन्	२०	सेवा गरिरहेका	राम्रो
ब्याङ्क तथा वित्तीय संस्था	थाङ्पालकोट कृषि सहकारी राम्तामाला, जनहित सहकारी	२	सहजरूपमा आर्थिक कारोबार गर्न सकिएको	राम्रो

वडा नं ५ गुन्सा

विवरण	नाम र रहेको स्थान	सङ्ख्या	क्षमता	अवस्था
भौतिक स्रोत				
झोलुङ्गे पुल	हाँडी खोला झोलुङ्गे पुल, खस्ने पुल, गति पुल स्याङ पुल, गाईपाइलेदेखि पालिका जोड्ने पुल	४	१ पटकमा १० देखि ३० जनासम्म आवतजावत गर्न सकिने	ठीकै
सडक	एउटा वडा एउटै समुदाय, प्रायः घरमा पुगेको बाटो ढलान गरिएको	२	१० टन भार क्षमता भएको	कच्ची सडक
विद्यालय भवन	कुम्भेश्वरी आवि, सातकन्या मावि	२	४ सय विद्यार्थी अट्ने	भूकम्प प्रतिरोधी
सुरक्षित आवास तथा स्थान	सामुदायिक भवन, खुला चौर	२	३० जना अट्ने	ठीकै
सामुदायिक चर्पी	गुन्सा	१	खुला दिशामुक्त क्षेत्र घोषण	राम्रो
यातायातका साधन	बस, ट्रक, मिनी टाटा, मोटरसाइकल, डोजर , बुलेरो, स्काभेटर	२२	सहजरूपमा साधन उपलब्ध हुन सक्ने	राम्रो
मानव संसाधन				
आधारभूत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति	गुन्सा	२४	एक चरणको तालिम प्राप्त गरेको, पुनर्ताजगी तालिमको आवश्यकता	गाउँमै रहेको
ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता	९ जना स्वास्थ्य स्वयम्सेविका, १ जना अहेव, १ नर्स	११	६९ परिवारलाई सेवा दिएको	राम्रो
शिक्षक	२ वटा विद्यालय ६ जना शिक्षकले सञ्चालन गरेका	६	निरन्तर परिचालन भएको	ठीकै
कर्मचारी	विभिन्न निकायमा काम गर्ने जनशक्ति	२५	नियमित सेवामा परिचालन	ठीकै
सिकर्मी	तालिम प्राप्त २० जना	२०	भूकम्प प्रतिरोधी संरचना निर्माणमा परिचालन	राम्रो
डकर्मी	तालिम प्राप्त डकर्मी	३०	भूकम्प प्रतिरोधी संरचना निर्माणमा परिचालन	राम्रो
सामाजिक स्रोत				
सामुदायिक भवन	गुन्सा	२	१५० जनालाई व्यवस्थापन गर्न सकिने	राम्रो
पाटी पौवा	गुन्सा	२	प्रतिक्षालय ज्येष्ठ नागरिकहरूको लागि सहज	राम्रो
पिउने पानी	प्रायः परिवारमा पिउने पानीको व्यवस्थापन	६९०	सहजरूपमा पिउने पानी उपलब्ध	राम्रो
मठमन्दिर	सात कन्या देवी मन्दिर	१	पूजाआजा चल्ने	राम्रो

विवरण	नाम र रहेको स्थान	सङ्ख्या	क्षमता	अवस्था
गुम्वा	साइछेलिज गुम्बा	१	पूजाआजा चल्ने	राम्रो
सामाजिक संरचना				
महिला/आमा /अपाङ्गता भएका व्यक्तिहरूको समूह	आमा समूह	९	नियमित बैठक परिचालन	राम्रो
आर्थिक स्रोत				
